सर्वाधिक बिक्री हुने

# साप्ताहिक

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सबैको लागि सम्पूर्ण पत्रिका






• वर्ष १३ • अंक २० • काठमाडौं, शुक्रबार, असोज ११, २०६४ • SAPTAHIK • Nepali National Weekly • Friday, Sep. 28, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-




# नाक राखे प्रशान्तले







**विदुर खतिवडा**

काठमाडौं– गत शनिबार सोनी टेलिभिजन च्यानलको पहुँच भएका अधिकांश नेपाली इन्डियन आइडल हेर्न केन्द्रित थिए । इन्डियन आइडलको तेस्रो संस्करणका निम्ति अन्तिम स्पर्धामा भिडिरहेका नेपालीभाषी प्रशान्त तामाङको जितको कामना गर्दै टेलिभिजन हेर्नेहरूले मध्यरातमा सोचेअनुरूपकै निर्णय सुन्न पाए, अर्थात् तेस्रो संस्करणको इन्डियन आइडलको उपाधि दार्जीलिङे युवा प्रशान्तकै हातमा गयो । कुल ७ करोड भोटिङ भएको फाइनल स्पर्धामा प्रशान्तले अर्का प्रतियोगी मेघालयका अमित पलको तुलनामा २० प्रतिशत अर्थात् १ करोड ५० लाख भोटले अग्रता हासिल गर्दै विजय प्राप्त गरे । बलिउड नायक जोन अब्राहमले प्रशान्तको हात उठाएर उनी विजय भएको घोषणा गरेका थिए ।


थप समाचार पृष्ठ १० र १७ मा


दार्जीलिङमा जन्मिएर भारतीय प्रहरीमा कार्यरत प्रशान्त तामाङको यो विजयले भारतमा बसोबास गर्ने पचासौं लाख नेपालीको जातीय पहिचानलाई अझ प्रस्ट बनाइदिएको छ । कडा प्रतिस्पर्धीका रूपमा देखिएका अमितलाई हराउन पछिल्ला गाला राउन्डमा प्रशान्तले निकै मेहनत गर्नुपरेको थियो । एकातर्फ निर्णायकहरूको प्रशंसाले उच्च मनोबलका साथ प्रस्तुत भएका अमित र अर्कातर्फ भोटले मात्र त्यहाँसम्म पुगेको भन्ने निर्णायकहरूकै आरोपका बीचमा संयम नगुमाई हँसिला अनुहारका यी युवाले आफ्नो गायकीलाई सोचेभन्दा राम्रोसँग प्रस्तुत गरेका थिए । फाइनल स्पर्धाको दिन प्रशान्तको गायकी अमितको भन्दा उत्कृष्ट रह्यो ।

'जे गर, जसो गर जतासुकै लैजाऊ मलाई, यो मन त मेरो नेपाली हो..' १९७४ एडीको यो गीतमार्फत प्रशान्तले आफू नेपाली भएकोमा गर्व भएको भावना अभिव्यक्त गरेका थिए । केही साताअघि दार्जीलिङको विशाल सांगीतिक समारोहमा उपस्थित भएका प्रशान्तले उक्त गीत गाएर आफ्नो यो विजय अभियानलाई नेपालीहरूको विजय मान्न आग्रह गरेका थिए, त्यसले पनि उनीप्रति सम्पूर्ण नेपालीको साथ बढेको थियो । शनिबारको कार्यक्रममा पनि उनले मन्त्र ब्यान्डको गीत गोर्खालीको छोरो हुँ म गोर्खे मेरो नाम.. इतिहास पल्टाइहेर वा पुर्खालाई सोध जितेकै छौं संसारलाइ... वीर वीर वीर गोर्खाली गीत गाएका थिए । त्यति मात्र होइन, सोनी टेलिभिजनबाटै नेपालीको छोराले यहाँसम्मको यात्रा तय गर्न सक्नु नै उपलब्धि भएको बताएर उनले आफू नेपाली भएको पटक-पटक उल्लेख गरिरहे । अर्को रोचक पक्ष नेपालमा बस्नेहरूले बिर्संदै गएको नेपाली टोपीलाई कार्यक्रमको स्टेजमै पहिरेर यी युवाले नेपाली सान खोज्ने प्रयत्न गरे । प्रशान्त विजय भएको घोषणालगत्तै प्रशान्तकी दिदी अर्चना तामाङले भाइको शिरमा नेपाली टोपी र खादा लगाइदिएकी थिइन् ।

'परिणाम आइसकेपछि पनि प्रशान्तले अमितलाई साथै लिएर गरेको व्यवहारले यो मानिसको मन साँच्चै राम्रो रहेछ भन्ने पुष्टि भयो,' कार्यक्रमका निर्णायक तथा पार्श्वगायक उदितनारायण झाले टेलिफोन कुराकानीमा साप्ताहिकसँग भने- 'गाला राउन्डको प्रारम्भदेखि नै असल व्यवहारको गुण प्रशान्तमा मात्र देखिएको थियो ।' जितपछि प्रशान्तले क्रमैसँग भारतीय पुलिस फोर्स, निर्णायकहरू, सिक्किमदेखि नेपालसम्म र देहरादूनदेखि भारतमा बस्ने सम्पूर्ण नेपालीप्रति कृतज्ञता जाहेर गरेका थिए । प्रशान्तको जितमा उपस्थित सबैले प्रशान्तकी आमा रूपा


**बाँकी पृष्ठ ५ मा**


## प्रशान्त तामाङ काठमाडौं र पोखरामा

काठमाडौं– नयाँ ब्रान्ड स्प्रिंगउडका तयारी पोसाकहरू बजारमा उतारेको सूर्य नेपाल प्रा.लि.ले इन्डियन आइडल प्रशान्त तामाङलाई काठमाडौं र पोखराका लाखौं दर्शकमाझ पहिलो पटक लाइभ सोमा उपस्थित गराएर एउटा नयाँ अध्याय रच्ने भएको छ । असोज १२ र १३ गते प्रशान्त तामाङले इन्डियन आइडलका अन्य प्रतियोगीहरू अंकिता र दीपाली अनि नेपालका चर्चित पप गायक निमा रुम्बाका साथमा आफ्नो गायन कला प्रस्तुत गर्नेछन् । सम्पूर्ण संगीतप्रेमी एवं प्रशान्त, अंकिता, दीपाली र निमा रुम्बाका प्रशंसकहरूले यो रोमाञ्चक सांगीतिक प्रस्तुतिलाई यही असोज १२ गते काठमाडौं, जावलाखेलस्थित सेन्ट जेवियर्स स्कुलको खेल मैदानमा तथा असोज १३ गते पोखराको प्रदर्शनी मार्ग, नयाँ बजारमा प्रत्यक्ष रूपमा देख्न-सुन्न सक्नेछन् ।

सूर्य नेपालको लोकप्रिय परिधान स्प्रिंगउडले प्रशान्तलाई उपस्थित गराएर नेपाली जनता खासगरी प्रशान्तका फ्यानहरूको चाहना पूरा गर्ने प्रयास गरेको छ । नेपालमा कार्यक्रम प्रस्तुत गर्न उत्साहित प्रशान्तले भनेका छन्– 'म धेरै उत्साहित छु र काठमाडौं तथा पोखराका दर्शकहरूमाझ उपस्थित हुन हतारिएको पनि छु, साथै मलाई प्रतियोगिता अवधिभर समर्थन प्रदान गरेर हौसला दिनुहुने नेपाली जनताप्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु ।' कार्यक्रमका लागि सीमित संख्यामा टिकट बिक्री गरिने आयोजकहरूले बताएका छन् ।




साप्ताहिक झल्को

मध्यपृष्ठमा कोमल



साइबर गर्ल सब्रिना

साप्ताहिक

## क्यासेट

### वेद



तीन जना युवा मिलेर गठित सांगीतिक समूह 'वेद' ले आफ्नो पहिलो गीतिसंग्रह 'वेद' श्रोतामाझ ल्याएको छ। यो ब्यान्डमा अभिषेक (गिटार र भोकल्स), विजय (बास) र चेतन (ड्रम) संलग्न छन्। रक गायनमा स्थापित हुने तरखरमा रहेको यो समूहको संग्रहमा समीक्षा, हरेक पल, तिमीलाई मैले, नयाँ नेपाल, तिम्रो र मेरो लगायत आठवटा गीत समाविष्ट छन्।

### सम्झिरहन्छु

गायक शिशिर वाङ्देलको पहिलो एकल गीतिसंग्रह 'सम्झिरहन्छु' श्रोतामाझ आएको छ। सुगम संगीतको यो संग्रहलाई सान्तना रेकर्ड्सले बजारमा ल्याएको हो। नौवटा गीत समाविष्ट यो संग्रहका गीतको शब्द शिशिर वाङ्देल, राकेश खालिङ, राजकुमार थापा मगर, यु एस ब्यान्ड दार्जीलिङ, विवेक निरौला, जे पापी तथा विप्लव प्रतीकको छ भने संगीत शिशिर वाङ्देल, राकेश खालिङ, राजकुमार थापामगर, भगत राई तथा सुवर्ण लिम्बुको छ। संग्रहको एउटा गीत गायककी बहिनी विद्या वाङ्देलले पनि गाएकी छिन्।

### स्पिड



गायक डिजे युवाको पहिलो एकल गीतिसंग्रह स्पिड श्रोतामाझ आएको छ। रियाज म्युजिकले बजारमा ल्याएको यो संग्रहमा आठवटा गीत समावेश छन्। संग्रहका गीत शंकर ज्वाला, अशोक महर्जन (ज्याक), श्रीकृष्ण गुरुङ, डिजे युवा र हेम सुवेदीले लेखेका छन् भने संगीत उदेश श्रेष्ठ, श्रीकृष्ण गुरुङ, डिजे युवा तथा हेम सुवेदीको छ। संग्रहमा रोशन गुरुङ, उदेश श्रेष्ठ, डिजे युवा, श्रीकृष्ण गुरुङ, मौसमी गुरुङ, खेमराज गुरुङ, प्राश्ना शाक्य, प्रीति कौर, माण्डवी त्रिपाठी तथा हेम सुवेदीले स्वर दिएका छन्। संग्रहमा बेबी के, ज्वाला तथा नेप्साइडेजले ऱ्याप भरेका छन्।

## ग्यालरी

**बिर्तामोड** मुक्तिचोकमा झापाली कार्टुनिस्ट राजवंशी पवनले आफ्ना चार दर्जनभन्दा बढी कार्टुनमा वर्तमानलाई चित्तबुझ्दो ढंगले प्रस्तुत गरेका छन्। संविधानसभा विषयक एकल कार्टुन प्रदर्शनीमा राखिएका पवनका कार्टुनले दलहरूको लाचारी जनताको बाध्यता र मुलुकको दुर्गतिलाई उजागर गरेका छन्।

**काठमाडौंमा** आयोजना हुन लागेको स्प्रिङउड एनआरएन अन्तर्राष्ट्रिय म्याराथन प्रतियोगिताको प्रवर्द्धन गर्ने उद्देश्यले गत आइतबार पाटन दरबार स्क्वायर क्षेत्रमा खुला वाटर कलर पेन्टिङ प्रतियोगिता सम्पन्न भयो। नेपाल म्याराथन प्रा.लि.ले आयोजना गरेको उक्त प्रतियोगितामा विभिन्न चार समूहमा ९२ जना कलाकारले सहभागिता जनाएका थिए।

**स्थापना** हुन लागेको नयाँ ललितकला प्रज्ञा-प्रतिष्ठानमा बौद्धिक तथा योग्य व्यक्ति चयन गरिनुपर्ने कलाकारहरूले बताएका छन्। गत आइतबार ललितकला वाङ्मय समाजले आयोजना गरेको नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान नेतृत्व तथा प्राज्ञ चयन विषयक विचार गोष्ठीमा कलाकारहरूले उक्त कुरा बताएका हुन्। गोष्ठीमा उत्तम नेपाली, मदन चित्रकार, केके कर्माचार्य, आइभी मल्ल, रागिनी उपाध्याय आदि कलाकारले आ-आफ्नो मन्तव्य व्यक्त गरेका थिए।

**नेपाली** तथा कोरियाली कलाकारका चित्र र सेरामिकको प्रदर्शनी बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा आइतबारदेखि जारी छ। फेमिली एकेडेमियाले आयोजना गरेको सो प्रदर्शनीमा केके कर्माचार्य, गोविन्द डंगोल, हरेराम जोजू, छाङ ह्युन सुक, जाङ मो सिक आदिका सिर्जना राखिएका छन्। प्रदर्शनी पर्सि आइतबारसम्म चल्नेछ।

"**संस्कृति** र सम्पदालाई बचाऊँ' भन्ने नाराका साथ विद्यालयस्तरीय चित्रकला प्रतियोगिता सम्पन्न भएको छ। युनाइटेड स्कुलर्स मिसनले आयोजना गरेको उक्त प्रतियोगितामा एक दर्जन विद्यालयका तीन दर्जन विद्यार्थीले सहभागिता जनाएका थिए। प्रतियोगितामा माध्यमिक तह समूहमा हिमालयन एकेडेमीका विपिन आले प्रथम, विद्यासदन हाईस्कुलका सुबोध श्रेष्ठ दोस्रो तथा हिमालयन एकेडेमीकै कपिल थापा तेस्रो भएका थिए। त्यस्तै प्राथमिक तह समूहमा एम्बिसन इन्टरनेसनल स्कुल, तारा सदन स्कुल तथा एम्बिसन इन्टरनेशनल क्रमशः पहिलो, दोस्रो र तेस्रो भएका थिए।

**कलाकारहरू** जुजुकाजी महर्जन, शिलासा राजभण्डारी, प्रतिमा थकाली, नवीन थापामगर तथा शर्मिला श्रेष्ठका चित्रको प्रदर्शनी नेपाल आर्ट काउन्सिल बबरमहलमा भैरहेको छ। भोलिसम्म चल्ने यो प्रदर्शनीको शीर्षक 'द-इन्टरप्ले : हार्टबिट सेरिज सिक्स' राखिएको छ।

**तिब्बेतीयन** फर्निचर तथा तिब्बेतीयन थाङ्का पेन्टिङहरूको प्रदर्शनी काठमाडौं ग्यालरी ठमेलमा जारी छ। प्रदर्शनी असोज २६ गतेसम्म चल्नेछ।

## पुस्तक

### कैलाश मानसरोवर

हिन्दू तथा बौद्ध तीर्थयात्रीहरूका लागि पवित्र मानिएको 'कैलाश मानसरोवर' को यात्रा वृत्तान्त कैलाश मानसरोवर मिहीलाल उपाध्यायले लेखेका हुन। कैलाश मानसरोवर यात्राका क्रममा भोग्नुपर्ने कठिनाइसहित यात्राका सबै किसिमका रोमाञ्चलाई लेखकले आफ्नो यात्रा विवरणमा समेटेका छन्। महेश्वरी उपाध्यायद्वारा प्रकाशित यो पुस्तकको मूल्य १ सय ७५ रुपैयाँ छ।

### सबै उस्तै छ तर...

तुलसी भट्टराईद्वारा रचना गरिएको पुस्तक 'सबै उस्तै छ तर...' लेखकले आफ्ना पिताप्रति व्यक्त गरेको भावनाहरूको सँगालो हो। पुस्तकमा उल्लेख गरिएका भावनाहरू लेखकको निजी भए पनि त्यसले हाम्रो समाजमा मातापिताको स्थान र महत्त्वलाई अत्यन्त उच्च भावनाका साथ व्यक्त गरेको छ। भट्टराई बन्धु प्रकाशनद्वारा प्रकाशित यो पुस्तकको मूल्य १ सय रुपैयाँ छ।



# तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

ग्रहले साथ दिइरहेको छ। बोलीको प्रभाव, प्रसन्नता एवं पराक्रम बढ्नेछ। काममा सफलता प्राप्त हुनुका साथै भेटघाटमा रमाउने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन पनि हुने देखिन्छ। आफन्तहरूको सहयोगले शत्रु पराजित हुनेछन्। धार्मिक कार्यमा बल नगर्नु नै उचित होला।

### वृष

खर्च अलि बढी नै गर्नुपर्ला। शत्रुदेखि सजग रहनुहोला। घरेलु समस्या कायमै रहनेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। सोमबारदेखि मानसम्मान मिल्ने, काममा सुधार आउने तथा व्यवसायमा सफलता हासिल हुने योग छ। यात्रा गर्ने अवसर पनि जुट्नेछ। आम्दानीको तीव्रता कायमै रहे पनि धनमाल हराउन सक्छ।

### मिथुन

समष्टिमा साता राम्रो छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सुधार आउनेछ। भोजभतेरमा पनि संलग्न हुनुहोला। सोमबार र मंगलबार खर्च एवं विवाद बढ्ने तथा व्यवसायमा अवरोध आउने देखिन्छ। घरेलु समस्याले सताउन सक्छ।

### कर्कट

ग्रहगोचर राम्रो छ। मन प्रसन्न रहनेछ। मानसम्मान पनि मिल्नेछ। अरूको मन सजिलै जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ भने अधुरा काम बन्नुका साथै नयाँ काम पाइने योग छ। भाग्यले साथ दिनेछ। बुधबार र बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

### सिंह

सुरुमा नैराश्यता एवं उदासीनता बढे पनि ग्रहगोचरले साथ दिनेछन्। मानसम्मान पाइनेछ। सोच्ने शक्ति अनि पराक्रम बढ्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। विवादतिर अघि नबढ्नु होला। सफलताका लागि धैर्य आवश्यक छ। स्वास्थ्यको ख्याल गर्नुहोला।

### कन्या

काममा अवरोध आउनेछ। स्वास्थ्य कमजोर रहला। झूटा आरोप पनि लाग्न सक्छ। अध्ययनमा अवरोध खडा हुनेछ। अरूबाट आलोचित हुनुपर्नेछ। सोमबारदेखि धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले पनि साथ दिन थाल्नेछ। काममा सुधार आउनेछ भने मानसम्मान प्राप्त हुनुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ।

### तुला

साताको पूर्वार्द्ध अनुकूल रहनेछ। काममा सफलता मिल्नेछ। धन आर्जन हुनसक्छ। अरूबाट सहयोग पनि पाइनेछ। भाग्य बलियो छ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग भए पनि सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### वृश्चिक

समय मध्यम छ। काममा सफलता पाउन बढी परिश्रम गर्नुपर्ला। खर्च अलि बढी नै हुनेछ। खर्चको अनुपातमा उपलब्धि कमै होला। बिनाकारणको झन्झटले सताउन सक्छ। सोमबार तथा मंगलबार प्रसन्नता बढ्ने, काममा सफलता हासिल हुने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ। स्वास्थ्यको ख्याल राख्नुहोला।

### धनु

समय तपाईंको पक्षमा छ। ग्रहले साथ दिनेछ। मन एवं आर्थिक मार्ग बलियो हुँदै जानेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने योग छ। अध्ययनमा सुधार आउनेछ, साथै मानसम्मान मिल्ने योग छ। स्वास्थ्यको ख्याल गर्नुहोला। धार्मिक तथा सामाजिक कार्यमा अघि बढ्नु उचित देखिँदैन।

### मकर

ग्रहगोचर राम्रा छन्। सानातिना समस्या आए पनि आफ्नो लक्ष्य प्राप्त गर्न सकिनेछ। मन दह्रै छ। धन आर्जन हुनसक्छ। शत्रु पराजित हुनेछन्। मानसम्मान पनि मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने योग छ। अरूको मन जित्न सकिनेछ। सफलताका लागि आफ्नो स्वास्थ्यको ख्याल राख्नुहोला।

### कुम्भ

साता आशाप्रद छ। सुरुमा पराक्रम बढ्नेछ भने काममा पनि सुधार आउला। धैर्यता बढ्नेछ। घरेलु समस्याले क्रमशः छाड्नेछ। मित्रहरूको सहयोग पाइनेछ। अध्ययनमा सुधार आउनेछ भने आम्दानी बढ्नेछ। बुधबार तथा बिहीबार चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

### मीन

स्वास्थ्यमा ध्यान दिनुहोला। घरेलु समस्याले सताउनेछ। काममा सफलता पाउन निकै परिश्रम गर्नुपर्ने देखिन्छ। अध्ययनमा सुधार आउनेछ। पराक्रमको तीव्रता कायमै रहनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। मानसम्मानमा कमी आउनेछैन। व्यवसायमा खासै सफलता पाइनेछैन। धार्मिक कार्यमा रुचि बढ्नेछ।

## यो साताको पञ्चाङ्ग

असोज १४ गते : अंग्रेजी महिनाको प्रारम्भ

## साता संक्षेप

**असोज ४–** कपिलवस्तुको साम्प्रदायिक झडप टुङ्गिएन, प्रहरीकै अगाडि मानवअधिकारवादीको हत्या, मृतक संख्या २४ पुग्यो ।

- कपिलवस्तु घटनाको छानबिनका लागि पुनरावेदन अदालत राजविराजका न्यायाधीश लोकन्द्र मल्लिकको अध्यक्षतामा जाँचबुझ आयोग गठन ।
- चितवनका जुटपानी तथा पदमपुर गाविसमा फैलिएको झाडाबाट ४ सय व्यक्ति बिरामी ।

**असोज ५-** संविधानसभा अदालतको गठन, निर्वाचन आयोगले चाहेका सबै प्राविधिक कार्य पूरा ।

**असोज ६–** एसएलसीको पूरक परीक्षाफल प्रकाशित, करिब ८५ हजार विद्यार्थी उत्तीर्ण ।

- हिंसाग्रस्त कपिलवस्तुमा थप सुरक्षा क्याम्पको स्थापना, शान्ति सुरक्षाको स्थितिमा सुधार, कर्फ्यु समय घट्यो ।
- कास्कीमा एमाले (अखिल) तथा माओवादी निकट (अखिल क्रान्तिकारी) बीच झडप, २७ विद्यार्थी घाइते, केहीको स्थिति चिन्ताजनक ।

**असोज ७–** कांग्रेस महासमितिको बैठक प्रारम्भ, बैठकले लोकतान्त्रिक गणतन्त्रको नेतृत्व गर्नुपर्ने सहभागीहरूको कथन ।

- २०६३ सालको मदन पुरस्कार कथाकार महेशविक्रम थापाको कथासंग्रह 'छापामारको छोरो' लाई प्रदान गरिने घोषणा, जगदम्बा पुरस्कार विज्ञान विषयका लेखक डा. तीर्थबहादुर श्रेष्ठलाई ।
- बाबा रामदेवको योगका अनुयायी अनुमान गरिएभन्दा बढी, २० हजारभन्दा बढीले रामदेवका अघिल्तिर बसेर योग सिके ।
- मलेसियाको क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थलमा हजारौं नेपाली कामदार अलपत्र, रोजगारदाता लिन नआएका कारण विमानस्थल दुर्गन्धित भएको समाचार प्रकाशित ।

**असोज ८–** भीड नियन्त्रण गर्ने सरकारको नीति पारित, भीडमा खटिएका सुरक्षा बललाई प्रोटेक्टेड डिभाइसका सामग्री प्रदान गरिने ।

- नेकपा (माओवादी) तथा मालेमाबीच एकीकरण ।

**असोज ९-** तिब्बत सरकारले नेपाली पशुचरनमा रोक लगाएको विषयमा चीन र नेपाली अधिकारीबीच सीमा समस्यालाई लिएर वार्ता प्रारम्भ ।

- काठमाडौंमा भदौ १६ गते भएको विस्फोटको सूत्रधारका रूपमा काम गरेका भनिएका चारजना पक्राउ ।
- इन्द्रजात्राका अवसरमा राजाले कुमारी दर्शन गर्न जाने परम्परा पनि तोडियो, सांस्कृतिक रूपमा राजाको भूमिका शून्य भएको संस्कृतिविद्हरूको भनाइ ।
- सात दलले संसद्बाट लोकतान्त्रिक गणतन्त्रको प्रस्ताव पारित गर्न सहमत भए माओवादी सरकारमा फर्कने प्रचण्डको सन्देश ।

# पाँच वर्षपछि कांग्रेस नयाँ रूपमा

**– अश्विनी कोइराला**



काठमाडौं– नेपालको प्रजातान्त्रिक आन्दोलनको प्रणेता नेपाली कांग्रेस दोस्रोपल्ट एकीकरण भएको छ । पहिलोपल्ट २००६ सालमा सुवर्णशमशेरको नेपाली राष्ट्रिय कांग्रेससँग एकीकरण भएपछि उसले २००७ सालको प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरेको थियो । दोस्रोपल्ट आफ्नै दलसँग फुटेर गएको प्रजातान्त्रिक कांग्रेससँग गत मंगलबार एकीकरण भएको छ । यसपटक पनि एकीकृत कांग्रेसले लोकतान्त्रिक आन्दोलनको मुख्य कडीका रूपमा रहेको संविधानसभा निर्वाचनमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । पहिलोपल्ट एकीकरण हुँदा उसले संवैधानिक राजतन्त्रलाई मुख्य एजेन्डा बनाएको थियो । यही एजेन्डालाई नेपाली जनता तथा भारतीय सरकारले मान्यता दिएका कारण १ सय ४ वर्षे राणा शासन ढलेको थियो । यस पटकको एकीकरणमा उसले संविधानसभाको निर्वाचनमा संघीय गणराज्यको मुद्दा अघि सारेको छ । यस पटक पनि एकीकृत नेपाली कांग्रेसको नयाँ नीतिलाई नेपाली जनताले मात्र होइन, विदेशी शक्तिराष्ट्रहरूले पनि मान्यता दिएका छन् । फलस्वरूप लामो समयदेखि चर्चामा रहेको नेपालको राजतन्त्रको मुद्दालाई एकीकृत कांग्रेसको नीतिले निराकरण गरेको छ । नेपालमा गणतन्त्रको स्थापना हुँदा त्यसको जस एकीकृत कांग्रेसले पनि प्राप्त गर्ने भएको छ, जसरी राणाशासनको अन्त्यका लागि यो दलले विगतमा जस पाएको थियो ।

पाँच वर्षअघि तत्कालीन विद्रोही नेकपा (माओवादी)विरुद्ध संकटकालको घोषणा गर्ने कि नगर्ने भन्ने विषयमा भएको आन्तरिक विवाद बढेपछि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीको केन्द्रीय समितिमा छलफल नै नगरी २०५९ साल जेठ ८ गते प्रतिनिधिसभा विघटन गरेका थिए । त्यसबाट आक्रोशित सभापति गिरिजाप्रसाद कोइरालाले आफूलाई प्राप्त दलको बहुमतका आधारमा शेरबहादुर देउवालाई पार्टीबाट साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेका थिए । देउवाको कारबाही फिर्ता गराउने प्रयास असफल भएपछि देउवापक्षीय नेताहरूले त्यही वर्ष असार ४ गते नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रबाट नयाँ दलको घोषणा गरेका थिए । प्रजातान्त्रिक कांग्रेस नाम दिइएको उक्त दलको स्थापनासँगै राजाले २०४६ सालको संविधानले दिएको म्यान्डेट विपरीत कार्य गर्न थाले । राजाको स्वेच्छाचारिता यतिसम्म बढ्यो कि उनले राज्यको सम्पूर्ण शक्ति आफ्नो हातमा लिएर मन्त्रिपरिषद्को अध्यक्षसमेत घोषणा गरे । नेपाली कांग्रेस टुक्रिएपछि देशको प्रजातान्त्रिक आन्दोलन कमजोर भयो । निरंकुश राजतन्त्रलाई तह लगाउन सात दलले सञ्चालन गरेको आन्दोलन प्रभावकारी नभएपछि हिंसात्मक राजनीति गरिरहेको नेकपा (माओवादी) लाई शान्तिपूर्ण राजनीतिमा ल्याउने तथा राजालाई ठेगान लगाउने दुवै कार्य एकैसाथ प्रारम्भ भयो । नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालासमेतले भारतको राजधानी दिल्ली पुगेर त्यहीँ माओवादीसँग १२ बुँदे सम्झौतामा हस्ताक्षर गरे । यही सम्झौताको बलमा दोस्रो जनआन्दोलन सफल भयो ।

माओवादी शान्तिपूर्ण राजनीतिमा आएपछि पनि नेपालको लोकतान्त्रिक पद्धति दरो हुन सकेन । राजालाई पुनःस्थापित संसद्ले ठेगान लगाए पनि नेकपा माओवादीको अलोकतान्त्रिक व्यवहार बढ्दै गयो । यसले नेपाली कांग्रेसको एकीकरणको आवश्यकता बढ्दै गयो । फलस्वरूप १० महिना लामो प्रयासपछि जुन स्थानमा प्रजातान्त्रिक कांग्रेसले नयाँ दलको घोषणा गरेको थियो, त्यही स्थानमा नेपाली कांग्रेस एकीकरण भएको सहमतिमा हस्ताक्षर भयो ।

एकीकरणका लागि तत्कालीन प्रजातान्त्रिक कांग्रेसका सभापति शेरबहादुर देउवाले राखेको सर्त पूरा भएको छ । देउवाले सम्मानजनक एकीकरणको प्रस्ताव राखेका थिए । फलस्वरूप प्रजातान्त्रिक कांग्रेसका अधिकांश जुनियर नेताहरू एकीकृत कांग्रेसको माथिल्लो तहमा पुगेका छन् । कांग्रेसको कार्यसम्पादन समितिको आकार ठूलो भएको छ । महासमिति सदस्यको संख्या दोब्बर भएको छ भने माथिल्ला पदमा दुई वा दुईभन्दा बढी नेतालाई स्थापना गरिएको छ ।

### क्रान्तिकारी घोषणापत्र

संविधानसभा निर्वाचनको तयारीमा नेकपा (एमाले) भन्दा पछाडि रहेको भनिएको नेपाली कांग्रेसले आफ्नो निर्वाचन घोषणापत्र सार्वजनिक गरेको छ । यो घोषणासँगै नेपाली कांग्रेस संविधानसभा निर्वाचनको घोषणापत्र जारी गर्ने पहिलो दल बन्न पुगेको छ । गत बुधबार एकीकृत महासमितिको बैठकबाट पारित गरिएको उक्त घोषणापत्रअनुसार मुलुकको सबैभन्दा पुरानो तथा ठूलो दल विधिवत् गणतन्त्रवादी भएको छ । घोषणापत्रमा लोकतान्त्रिक संघीय गणतन्त्रलाई आफ्नो राजनैतिक कार्यदिशा बनाउँदै केन्द्रीय संसद् तथा प्रादेशिक संसद्बाट राष्ट्रपतीय निर्वाचन गरिने कुरा उल्लेख गरिएको छ ।

घोषणापत्रअनुसार कांग्रेसले संघीय राज्य-संरचनामा बहुदलीय लोकतान्त्रिक पद्धतिअनुसारको राज्यव्यवस्थाको कल्पना गरेको छ । जसअनुसार अहिलेको एकात्मक राज्यप्रणालीको अन्त्य गरी राष्ट्रिय अखण्डता, साझा नागरिकता, भौगोलिक अवस्थिति तथा अनुकूलता, जनसंख्या, प्राकृतिक स्रोत तथा आर्थिक सम्भाव्यताका आधारमा क्षेत्रीय राज्य स्थापना गरिने कुरा उल्लेख छ । उक्त घोषणापत्रले महिला, दलित, आदिवासी जनजाति, पिछडिएका क्षेत्र तथा मधेसी समुदायको समावेशी सहभागितामा देश सञ्चालन गर्ने योजना बुनेको छ । घोषणापत्रले बालबालिका, अपाङ्ग, वातावरणको संरक्षण तथा व्यवस्थापनमा पनि स्पष्ट खाका कोरेको छ ।

संविधानसभामा जान कांग्रेसले आफ्नो परम्परगत पहिचान नगुमाउने तर समयले पछाडि पारेका कुरालाई छाड्दै अघि बढ्ने कुरा उल्लेख गरेको छ । घोषणापत्रमा बहुदलीय प्रतिस्पर्धामा आधारित आफ्नो पुरानो नीतिलाई निरन्तरता दिँदै राजतन्त्र तथा सामन्तवादी चरित्रको राज्यव्यवस्थालाई परिवर्तन गर्ने नीति लिएको छ । घोषणापत्रले केन्द्रमा कार्यपालिका प्रमुखका रूपमा प्रधानमन्त्रीको कल्पना गरिएको छ भने क्षेत्रीय राज्यमा प्रदेश सरकारको कल्पना गरिएको छ ।

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

जनआन्दोलनको सन्देश स्पष्ट थियो । जनताले गणतन्त्रका पक्षमा गोडाले भए पनि मतदान गरिसकेका छन् । जनताले पाकिस्तान, बंगलादेश, बर्माको जस्तो गणतन्त्र पनि खोजेका होइनन् । जनआन्दोलन तथा सांस्कृतिक क्रान्तिको लामो इतिहास भएकाले भारतीय गणतन्त्रका केही राम्रा पक्ष छन् । यी सबै परिस्थितिको मूल्यांकन गर्दा माओवादीले खोजेको गणतन्त्रका बारेमा ध्यान दिनु आवश्यक छ । यो संविधानसभाअघि नै घोषणा गर्न सकिने अवस्थामा छ ।

**प्रदीप गिरी, नेता, नेपाली कांग्रेस**

हामीले सरकार छाडेपछि सबैले माओवादीलाई संविधानसभा विरोधीका रूपमा व्याख्या गरिरहेका छन् । हामी अझै पनि भन्छौं, हामी संविधानसभाविरोधी होइनौं । सामन्ती तथा प्रतिक्रियावादी तत्त्वले फेरि पुरानै प्रतिक्रियावादी राज्यसत्तालाई संविधानसभाका माध्यमबाट संस्थागत गर्ने सम्भावना भयो । यतिबेला हामीले होइन, बरु नेपाल र नेपालीले हार्ने खतरा देख्यौं । त्यसैले हाम्रो जोड संविधानसभाका पूर्वाधारमा हो, त्यसको विरोधमा होइन ।

**कृष्णबहादुर महरा, नेता, नेकपा (माओवादी)**

जनआन्दोलनको सफलतापछि हामीले पनि हाम्रो राजनीति जनताको चाहनाअनुसार परिवर्तन गर्नुपर्छ । यसका लागि हामी आन्तरिक रूपमा निर्वाचनको तयारी गरिरहेका छौं । भेला तथा छलफलको काम भैरहेको छ । अन्तरिम संविधानमा हाम्रा नेताहरूलाई संविधानसभा निर्वाचनमा उठ्न नदिने व्यवस्था गरेकोमा हाम्रो विरोध कार्यक्रम हुनेछ ।

**रवीन्द्रनाथ शर्मा, अध्यक्ष, राप्रपा नेपाल**

संविधानसभाको निर्वाचन मंसिरमा हुन्छ कि हुँदैन मेरो चिन्ताको विषय होइन, तर संविधानसभाको निर्वाचन सार्थक हुनुपर्छ भन्ने मेरो आशय हो । त्यसका आधारहरू तयार भैसकेपछि निर्वाचन गराउनुपर्छ । संविधानसभा कर्मकाण्डी हुनुहुँदैन । संविधानसभालाई राज्यको पुनःसंरचना गर्ने औजारका रूपमा अघि बढाउनुपर्छ । त्यस्तो संविधानसभाको कुनै आवश्यकता छैन, जसले यो मुलुकको सही अर्थमा पुर्नसंरचना गर्न सक्दैन । संविधानसभामा जुवा खेल्न सकिँदैन, यो निश्चित जितका आधारमा गरिनुपर्छ ।

**हृदयेश त्रिपाठी, नेता, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)**

कांग्रेसले संविधानसभापछि गणतन्त्रमा जाने निर्णय गर्नु भारत वा कुनै पार्टीको दबाब हो भन्ने मलाई लाग्दैन । यो समयको दबाब हो । ऐतिहासिक आवश्यकताको दबाब हो । मुलुक नयाँ चरणबाट गुज्रिरहेका बेला राजासँग मिल्न सकिँदैन भन्ने नेपाली कांग्रेसलाई राम्रोसँग थाहा छ । त्यसैले यो निर्णय गर्नु अपरिहार्य थियो ।

**निलाम्बर आचार्य, राजनीतिक विश्लेषक**

संविधानसभा च्याँखे भएको छ । यसमा कांग्रेसले पनि जित्नै पर्ने, एमालेले पनि जित्नै पर्ने, माओवादीले त हार्नै नहुने भएपछि यो अचम्मको वस्तु हुन पुगेको छ । कांग्रेसले हार्ने निश्चित भएपछि कांग्रेस निर्वाचन गराउन चाहँदैन, एमालेले आफूलाई बलियो पाएन भने उसले त्यसको विरोध गर्छ, माओवादी त माओवादी भैहाले ।

**राधाकृष्ण मैनाली, शाहीकालका मन्त्री**

## सम्पादकीय

# योगको लहर

विश्वप्रसिद्ध योग गुरु स्वामी रामदेवले यो साता हजारौं नेपालीलाई योग दीक्षा दिए । योग पूर्वीय दर्शनमा आधारित हजारौं वर्ष पुरानो चिकित्सापद्धति हो । प्रभावकारी चिकित्सापद्धति मानिए पनि एलोपेथी औषधीमा लगातार भएका वैज्ञानिक अनुसन्धान तथा तात्कालिक रूपमा प्रभाव पार्न सक्ने गुणका कारण योगको तुलनामा विभिन्न रसायनिक प्रभावका बाबजुद एलोपेथीमाथि मानिसहरूको विश्वास बढ्दै गयो । यस क्रममा योग केही साधकहरूमा सीमित हुन पुग्यो । यस्तो अवस्थामा परिवर्तन ल्याउँदै आम मानिसका माझ योगलाई लोकप्रिय बनाउन स्वामी रामदेवले बितेका दशकमा अथक परिश्रम गरे । फलस्वरूप योग र स्वामी रामदेव दुवैले पर्याप्त चर्चा पाए । अहिले स्वामी रामदेव चर्चाको शिखरमा छन् भने उनको योग सिकाउने विधिले लाखौं मानिसलाई मोहित बनाएको छ । खासगरी मध्यमवर्गीय समाज एवं आधुनिक तयारी खानाको प्रभावमा परेका मानिसहरूको स्वास्थ्यप्रति सचेत स्वामी रामदेवले आफ्नो योग प्रशिक्षणको केन्द्र पनि यही वर्गलाई बनाएका छन् । टेलिभिजनले मध्यमवर्गमा आफ्नो पहुँच विस्तार गरेपछि टेलिभिजनकै माध्यमबाट स्वामी रामदेवले मध्यमवर्गलाई योगमार्फत् स्वास्थ्य सचेतना दिन सफलता प्राप्त गरेका हुन् । अहिले मध्यमवर्गमा देखिएको सबैभन्दा ठूलो समस्या भनेकै उच्च रक्तचाप, मधुमेह र बाथ जस्ता दीर्घकालीन रोगहरू हुन् । यी रोगलाई एलोपेथी चिकित्सा प्रणालीले स्थायी समाधान दिन नसकेपछि मानिसहरू योगतर्फ आकर्षित भएका हुन् । मानिसहरूको यस्तै आकर्षणलाई स्वामी रामदेवले आफ्नो सफलताको सूत्र बनाएका छन् ।

योगका बारेमा मानिसहरूमा अनेक किसिमका भ्रम छन् । ती भ्रमले योगप्रति मानिसको रुचिलाई कमजोर बनाएका छन् । यस्ता भ्रमलाई चिर्दै स्वामी रामदेवले कुनै बेला ऋषिमुनि तथा योगीहरूको साधनामा सीमित रहेको योगलाई सरल ढंगले आम मानिससम्म पुऱ्याउने जमर्को गरेका हुन् । कतिपय अवस्थामा स्वामी रामदेवले यसलाई विभिन्न शारीरिक अभ्यास र एरोबिक्ससहित विपश्यनाजस्ता मानसिक अभ्याससँग पनि जोडेर योगलाई लोकप्रिय बनाउन अथक प्रयास गरेका छन् । यस्तो स्थितिमा योगले आमजनसमुदायलाई स्वास्थ्यप्रति सचेत गराउने जुन लहर सिर्जना गरेको छ त्यसमा स्वामी रामदेवको सफलता झल्कन्छ । अहिले कतिपय योगविज्ञहरू स्वामी रामदेवको आलोचकका रूपमा समेत देखिएका छन् । उनीहरू स्वामी रामदेवले मानिसहरूलाई सीमित अवधिका लागि भ्रममा पारेको दाबीसमेत गर्छन् तर तथ्य के हो भने स्वामी रामदेवले मानिसलाई जेजस्तो तरिकाले योग सिकाए पनि, त्यसको जति आलोचना भए पनि योग प्रति अहिले जुन लहर देखापरेको छ त्यसको श्रेय स्वामी रामदेवलाई नै जान्छ । उनले रगतलगायत शरीरका अन्य विकारहरूको परीक्षणका लागि आधुनिक वैज्ञानिक प्रविधिलाई अस्वीकार गरेका छैनन् । यस्तो परीक्षणबाट देखिएका रोगहरूको उपचारका लागि उनले योगलाई एउटा साधनका रूपमा प्रयोग गर्ने गरेको तथ्य उनका योग शिविरहरूमा स्पष्ट रूपमा अनुभव गर्न सकिन्छ । सम्भवतः यसैकारण अहिले सर्वव्यापी रूपमा देखा परेको योगको लहरका लागि स्वामी रामदेव धन्यवादका पात्र भएका छन् ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### निकासतर्फ लागौं

विभिन्न बहानामा दिनहुँजसो हुने बन्द, हड्ताल, आन्दोलन, चक्काजाम तथा विरोधजुलुसले मुलुकलाई मात्र नभै सर्वसाधरण जनतालाई समेत मारमा पारेको छ । खासगरी सोझा तथा निमुखा जनतामा यस्ता बन्द तथा हड्तालको मार परेको छ । विद्यार्थीहरूमाथि त यसको असर अझ बढी छ । राम्रोसँग पढ्न नपाएपछि भविष्यका कर्णधार यी विद्यार्थीहरूका साथै हाम्रो देशको भविष्य कस्तो होला ? विभिन्न किसिमका बन्द तथा हड्ताल गरी विद्यार्थीहरूको भविष्यसँग खेलबाड गर्नु न्यायोचित होइन । विभिन्न समूहले आफ्नो अधिकार खोज्नका लागि आन्दोलन गर्नु ठीक हो तर आन्दोलनलाई शान्तिपूर्ण ढंगले कसैलाई असर नपुग्ने गरी पनि त गर्न सकिन्छ । आन्दोलन गर्दा बन्द नै गरी अरूको भविष्यसँग खेलवाड गर्नैपर्छ ? आफ्नो अधिकार खोज्दा अर्काको अधिकार हनन भएको विषयमा चासो राख्नु पर्दैन ?

शिक्षक, कर्मचारी, मजदुर तथा अन्य संगठनहरू राज्यलाई अघि बढाउने अंग हुन्, राज्यको गतिशीलतामा अवरोध पुऱ्याउने अंग होइनन् । वर्तमान राजनैतिक परिवेशलाई जटिलतातर्फ नलगी छिटोभन्दा छिटो निकास दिन यी अंगले रचनात्मक कार्य गरी सरकारलाई सहयोग गर्नुपर्छ । संविधानसभाको निर्वाचनलाई समयमै सम्पन्न गर्न ध्यान पुऱ्याउने हो भने बन्द, हड्ताल आदिको आवश्यकता नै पर्दैन, स्वतः आफ्नो माग परिपूर्ति हुनसक्छ । तसर्थ अरूको अधिकारको सम्मान गर्दै आफ्नो अधिकार खोजौं, आफ्नो अधिकारलाई मात्र अधिकार मान्ने, अरूको अधिकारप्रति वास्तै नगर्ने प्रवृत्ति आजैदेखि त्यागौं ।

**–राधादेवी शर्मा, काठमाडौँ**

### बेरोजगारहरूको अवस्था

पत्रपत्रिकाहरूमा हिजोआज चाहियो, आवश्यकता आदि विज्ञापन प्रशस्त पढ्न पाइन्छ । यस्ता विज्ञापनमा यति महिला यति पुरुष चाहियो भनेर तलब समेत तोकिएको हुन्छ तर जब सम्बन्धित ठाउँमा पुगिन्छ त्यहाँ कुरा अर्कै हुन्छ । काम साधारण नै भए पनि हाकिमकै पद दिए जस्तो गरेर मस्तिष्क खलबलिने खालका प्रश्न सोधिन्छ । त्यसपछि साधारण काम दिएर पहिले तिम्रो काम हेर्ने, दस-प्रन्ध दिन काम हेरेपछि तलब निर्धारण गरिनेछ भनिन्छ । यति भएपछि कर्मचारी घुँडा धसेर काममा खटिन्छ । दस-पन्ध्र दिन पुगेपछि तलब सुनाइन्छ- दुई हजार-पच्चीस सय । ६ हजार ८ सय पाइन्छ भनेर मख्ख परेको कर्मचारी तलब सुनेर निराश हुन्छ । काम गरौं तलब थोरै, नगरौं अर्को काम खोज्न कति भौंतारिने ? यस्तो पीर-व्यथा थुप्रैले भोगेका हुनसक्छन् ।

कुनै आवश्यकताको विज्ञापन पढेर गइयो भने हामीले त अर्कै ठाउँमा काम लगाइदिने हो भनेर सीधै पैसा ठग्न खोज्छन् । दुई हजार-पच्चीस सयको जागिरमा पनि काम लगाइदिएको ५-६ सय रुपैयाँ बेग्लै र पहिलो महिना बुझेको तलब बराबरको कमिसन बेग्लै । त्यसरी काम लगाइदिने बहानामा दलालहरूले बेरोजगार युवायुवतीहरूको शोषण गरिरहेका छन् । पत्रपत्रिकामा प्रकाशित यस्ता कतिपय विज्ञापन मूर्ख बनाउने माध्यम भैरहेका छन् ।

**–राजेश राउत, सुन्दरपुर, मोरङ**

### हात्ती आयो फुस्सा

राज्य सञ्चालन, नीति निर्माण, निर्णयको अधिकार तथा कार्यान्वयनका सबै तहमा सूचीकृत (५९ वटा), सूचिकृत हुन बाँकी रहेका, पहिचान खुलेका तथा पहिचान खुल्न बाँकी रहेका आदिवासी जनजाति, दलित, महिला, मधेसीलगायत सम्पूर्ण वर्ग समुदायको क्षेत्र तथा जातिगत जनसङ्ख्याका आधारमा समानुपातिक प्रतिनिधित्व आवश्यक छ । सम्पूर्ण आदिवासी जनजातिको सहभागितामा आन्दोलन गरिरहेका आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति संयुक्त संघर्ष समितिले सरकारसँग संविधानसभामा सूचीकृत (५९ वटा मात्र) आदिवासी जनजातिको न्यूनतम एक प्रतिनिधित्व सुनिश्चित गर्ने विषयमा सम्झौता गरी आन्दोलन टुंगिएको घोषणा गरेपछि हालसम्म सूचिकृत हुन बाँकी रहेका दर्जनौं आदिवासी जनजाति र २०५८ सालको जनगणनामा पहिचान नखुलेको जातिभित्र राखिएका ४ लाखभन्दा बढी जनसंख्याको आशामा पानी फेरिएको छ ।

आदिवासी जनजातिको जनआन्दोलनले पहिचान नखुलेका तथा सूचीकृत हुन बाँकी रहेका सम्पूर्ण आदिवासी जनजातिको समस्यालाई सम्बोधन गर्ने ठूलो आशा राखेका थिए तर आन्दोलनको परिणामले सूचीकृत (५९ वटा) आदिवासी जनजातिको मात्र भाग छुट्याइएपछि पहिचान नखुलेका लाखौं जनसंख्या तथा सूचीकृत नभएका दर्जनौं आदिवासी जनजातिका लागि आदिवासी हकहितको नारा हात्ती आयो हात्ती आयो फुस्सा भएको छ ।

**– दीलिपकुमार खवास, मोरङ**
**(पुरस्कृत पत्र)**

### भूल सुधार

गत अंकको 'संविधानसभाका लागि' शीर्षकको समाचारमा 'नेपाल उत्पीडित जातीय समाज' हुनुपर्नेमा अन्यथा भएको तथा सोही समाचारमा जनसांस्कृतिक मञ्चका संयोजक 'नैन रुचाल' हुनुपर्नेमा अन्यथा भएकोमा भूल सुधार गरिएको छ ।

**–सम्पादक**

## तीतो सत्य

- समस्यालाई समस्यालेनै समाधान गर्न खोज्नेहरूले नै वास्तबिक समस्या खडा गरिरहेका छन्– हाम्रो सस्कृति ,परम्परा अब युरोप र अमेरिकाको सडकमा खोज्नुपर्ने हुन्छ ।
- हामीले अर्काबाट राम्रा चिज लिनसक्नुपर्छ, अनि आफुबाट नराम्रा चिज फ्याल्न सक्नुपर्छ ।
- जानि जानि गल्ति गर्नेहरूलेनै यो संसारलाई पीडादायी नरक बनाइरहेका छन् ।
- भलो गर्ने मानिसहरूले कुभलो गर्ने उद्देश्यका साथ आफ्नो वाहिरी खोल देखाइरहेका हुन्छन् ।

**एम. सि. बाङदेल**

- जीवन प्रेम हो तर प्रेम जीवन होइन ।
  - प्रेम त पशुले पनि गर्छन् तर तिमी पशुतुल्य प्रेम नगर ।
- मनको सम्बन्ध मस्तिष्कसँग हुन्छ।
- प्रेरणाले मानिसलाई उत्साहित बनाउँछ।
- बोलेर होइन, आफैंबाट सुरुवात गरेर संसारलाई बदल्ने चेष्टा गर्नुपर्छ।
- हतार गरेर होइन, समयको प्रतीक्षा गरेर मीठो फलको आशा गर्नुपर्छ।

**कृष्णजी थापा, भक्तपुर**

- काम गर्ने मानिसले नै बिराउँछ ।

**पद्मा सिटौला, इटहरा**

- शिक्षा हासिल गरेर मात्र हुँदैन त्यसलाई व्यवहारमा उतार्न सक्नु पर्छ।
- विद्वान् त्यही हो जसले मूर्खबाट पनि ज्ञान हासिल गर्न सक्छ ।

**कमल आले, भूचक्रपुर, धनुषा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## मुखाले

कांग्रेस कसैको पुच्छर भएर हिँडेको होइन, हिँड्दैन पनि । कांग्रेसले कहिल्यै बासी भात खाएन, खाँदैन पनि ।

**गिरिजाप्रसाद कोइराला**

नेपाली राजनीतिको निकास नेपाली कांग्रेसको हातमा छ ।

**मोहन वैद्य 'किरण'**

संसद्बाटै गणतन्त्रको संकल्प पारित गर्ने सम्भावना बढेको छ ।

**झलनाथ खनाल**

सरकारबाट हटेर माओवादीले राजनैतिक बेइमानी गरेका छन् ।

**डा. शेखर कोइराला**

गिरिजाप्रसादजस्ता ननडेमोक्र्याटिक नेता मैले अहिलेसम्म देखेको छैन ।

**कृष्णबहादुर महरा**

माओवादीबिना निर्वाचनमा जानुको के मज्जा ? माओवादी भएन भने कोसँग निर्वाचन लड्नु ?

**शेरबहादुर देउवा**

कपिलवस्तु घटना सहज आक्रोस होइन, यो सुनियोजित षड्यन्त्र हो ।

**कृष्णप्रसाद सिटौला, गृहमन्त्री**

नेपालीले धेरै राजनैतिक क्रान्ति गरे, अब उनीहरूले स्वास्थ्य क्रान्ति गर्नुपर्छ ।

**बाबा रामदेव**

लेखक अराजक हुन्छ, त्यसैले प्रहरी भए पनि जब म लेखक हुन्छु, मलाई अराजक बन्नबाट कसैले छेक्न सक्तैन ।

**महेशविक्रम शाह, मदन पुरस्कार विजेता कथाकार**

आफ्नो लक्ष्यबाट नेताहरू नै डगमगाएपछि कसरी हुन्छ संविधानसभा ?

**सुनीता गौतम, कलाकार**

## नीति-नियम

जसले अन्याय गरी धन कमाएको छ उसले त्यसको पाप भोग्नुपर्छ । जसले अन्याय नगरी परिश्रमले कमाएको छ र उक्त धन सत्पात्रलाई बाँड्छ त्यसको धन बढ्दै जान्छ । जो न्यायपूर्वक धन कमाउँछ र सत्कार्यमा खर्च गर्छ त्यसलाई 'सुपात्र' भनिन्छ । जसले अन्यायबाट धन कमाउँछ र कुमार्गमा खर्च गर्छ त्यसलाई 'कुपात्र' भनिन्छ । कुपात्रको धन हरण गरे पनि दोष लाग्दैन ।

जसले नीतिको परित्याग गरेर अर्थात् अन्यायबाट अरूलाई पीडा पुऱ्याउँदै धन सञ्चय गरेको छ त्यस्तो धन एक दिन शत्रुको अधीनमा पुग्छ । क्षणभर पनि उपेक्षा गरियो भने धन नष्ट हुन्छ । संग्रह गरिएको धन नष्ट भए उक्त धन जम्मा गर्ने मानिस अति दुःखी हुन्छ तर उसका स्त्री–छोरा आदिलाई त्यति दुःख महसुस हुँदैन भने अरू मानिसलाई त झन् के होस् ?

जो एउटा कार्यभार लिएर पनि अर्को अधिकारमाथि प्रभुत्व जमाउन खोज्छ, जो एउटी श्रीमती हुँदाहुँदै अर्को विवाह गर्छ, अरूमाथिको विश्वासमा निर्भर गर्छ, धनको आशा भएर पनि काम नगरी अल्छी बन्छ, स्त्रीको अधीनमा मात्र रहन्छ, जो चोरी, परस्त्रीगमन तथा आततायी आदि विषयमा साक्षी बस्छ वा साक्षी बयान माग्दै हिंड्छ भने त्यो व्यक्ति मूर्ख हो ।

-शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा

### फेसन डिजाइनिङमा रजनी र प्रति



पोखराका प्रति गुरुङ तथा रजनी गुरुङले फेसन डिजाइनिङमा कम उमेरमै उत्कृष्टता प्रदर्शन गरेका छन् । केही समयअघि राजधानीस्थित नेपाल एजुकेसन अफ फेसन टेकनोलोजीले गरेको डिजाइनर कन्टेस्टमा यी दुवैले तयार पारेको आकर्षक इमिनिङ गाउन उत्कृष्ट ठहरिएपछि उनीहरूको माग बढ्दै गएको छ । १६ वर्षीया रजनी र १७ वर्षीया प्रतिले गुलमोहोर फेसन सेन्टर, पोखरामा फेसन डिजाइनिङ सिक्न थालेको पनि चार महिना मात्र पुगेको छ ।

प्रति फेसन डिजाइनिङका अतिरिक्त लिटिल स्टेप उच्च मा.वि.मा ए लेवलको अध्ययनमा जुटेकी छिन् भने रजनी कन्या क्याम्पस पोखरामा प्लस टु पढ्दैछिन् । फेसनमै नयाँ-नयाँ प्रयोग गर्ने ध्येय बोकेका दुवै जनाले उच्च अध्ययनका लागि विदेश जाने योजना बनाएका छन् ।

फेसनमा नयाँ कुरा सिकेर नयाँ प्रविधिलाई आफ्नै मुलुकमा उपयोग गर्ने उनीहरू बताउँछन् । अहिलेको जमानामा फेसनलाई नकारात्मक लिनुलाई सहज मान्न सकिँदैन, दुवैले फेसनप्रतिको अनुराग दर्साउँदै भने- 'फेसनको स्कोप छ, हामीले यसैमा क्यारियर बनाउने सोच बनाएका छौं ।'

**–शिव शर्मा**

## साइबर गर्ल



### हङकङमा चम्किएकी सब्रिना

हङकङमै बसेर पनि मोडलिङमा राम्रो इमेज बनाएकी छिन् सब्रिनाले । यति मात्र होइन, हिजोआज हङकङमा निर्माण हुने नेपाली चलचित्र तथा म्युजिक भिडियोहरूमा पनि उनकै खोजी हुने गरेको छ । सब्रिनाले हङकङमा निर्माण भएको 'खोज' र 'द प्लान' मा नायिकाको भूमिकामा अभिनय गरिसकेकी छिन् ।

उनले मिस ट्यालेन्ट हन्ट हङकङ-२००६ मा सहभागिता जनाएर फस्ट रनरअप तथा फोटोजेनिक टाइटल पाइसकेकी छिन् । त्यहाँ हुने फेसन सोहरूमा पनि उनले थुप्रै पटक क्याटवाक गरिसकेकी छिन् । मोडलिङमा लाग्न उनलाई उचाइ, शारीरिक बनौट तथा क्षमताले पनि साथ दिएको छ ।

१८ वर्षीया सब्रिनाले विजनेस कमर्समा प्लस टु उतीर्ण गरेकी छिन् । त्यस्तै उनले हङकङस्थित द एज एयर लाइन सर्भिस ट्रेनिङ सेन्टरबाट एयर होस्टेजको कोर्स पूरा गरेकी छिन् । ५ फिट ६ इन्च अग्ली सब्रिनाको पुख्यौली थलो लेखनाथ कास्की भए पनि रोजगारीको सिलसिलामा परिवार उतै भएकाले सब्रिना बाल्यावस्थादेखि नै हङकङमै हुर्किएकी हुन् । उनका आकर्षक तस्बिरहरू स्थानीय लभ्लीपोखरा डटकम, पोखरासिटी डकटम, जेपीटी एचके डटकम तथा एचके नेपाल डटकममा उपलब्ध छन् । पङ्क स्टाइल मन पराउने सब्रिनाले साप्ताहिकसँग यो सन्देश सबैमाझ पुऱ्याइदिन आग्रह गर्दै भनिन्- 'पङ्क इज नट डेड ।'



# इन्डियन आइडलको क्रेज

विदुर खतिवडा

काठमाडौं– इन्डियन आइडलबाट बाहिरिएका ६ प्रतिस्पर्धीले काठमाडौंमा आयोजित सांगीतिक समारोहमा आफ्नो गायन प्रस्तुत गरे । गत शनिबार र आइतबार क्रमशः पुल्चोक इन्जिनियरिङ क्याम्पसको प्राङ्गण र होटल सोल्टीमा आयोजित सांगीतिक समारोहमा उनीहरूले हजारौं दर्शकलाई नचाए । उत्कृष्ट १० भित्र पर्न सफल यी गायक-गायिकालाई दर्शकहरूले पर्याप्त साथ दियो ।

इन्डियन आइडलको गाला संस्करणमा पुगेका यी कलाकारहरूलाई प्रत्यक्ष रूपमा सुन्न २० औं हजार दर्शक कन्सर्टमा पुगेका थिए । मेरो मोबाइलले आयोजना गरेको 'आइकन्स एन्ड आइडल' कन्सर्टका लागि इमोन चटर्जी, मयङ्क च्याङ, अंकिता मिश्र, दिपाली किशोर, पर्लिन गिल र चारु सेमवाल काठमाडौं आएका थिए । 'आज मेरो बर्थ डे हो' गायक पर्लिन गिल भन्दै थिए, 'यो खुसीको दिनलाई मैले यति धेरै मानिसबीच मनाउन पाए । त्यसैले यो क्षण मेरा निम्ति अविस्मरणीय बन्नेछ ।' हजारौंको संख्यामा रहेका दर्शकले पनि पर्लिनलाई शुभकामना दिए ।

इन्डियन आइडलको प्लेटफर्मबाट एकाएक सेलिब्रेटीको दर्जा पाएका सबै प्रतिस्पर्धी पहिलो पटक नेपाल आएका हुन् । इन्डियन आइडल प्रतिस्पर्धाका निम्ति आफूले गाएका गीत नै उनीहरूले कार्यक्रममा प्रस्तुत गरे । स्लिभलेस टिसर्टमा 'जाइन्ट' पर्सनालिटीका साथ प्रस्तुत भएका मयङ्क च्याङले नेपाली-हिन्दी मिश्रित गीत मुसुमुसु हाँसिदेऊ लै लै गीत प्रस्तुत गर्दा नेपाली दर्शकहरू एक्कासि उचालिएका थिए । कार्यक्रममा अंकिता मिश्रले हे सराबी, गोलमाल, पिया तु अब आजा, आप जैसा कोही मेरी जिन्दगीमा आए, ऐसा मेरा प्यार है गीत प्रस्तुत गरेकी थिइन् भने दिपाली किशोरले मुझे प्यार ने ऐसा, निमुडा-निमुडा, यु आर माइ माइण्ड ब्लोइङ माहिया, चारु सेमवालले जीगरमे बढी आग है, दिदार दे तथा इमोन चटर्जीले हर घडी बदल रही है रूप जिन्दगी, भीगी भीगी है आदि गीत प्रस्तुत गरेका थिए । आइकन्स एन्ड आइडलका लागि नेपाली गायकहरू अनिल सिंह र निमा रुम्बाले पनि आफ्ना चर्चित गीत गाए ।

कार्यक्रमको प्रारम्भमै गीत गाएका अनिल सिंहले दर्शकको पर्याप्त साथ पाए पनि कार्यक्रमका अन्तिम गायक निमा रुम्बाको पालोसम्म भने अधिकांश दर्शक बाहिरिसकेका थिए । निमाको पहिलो गीत मिस क्याटवाकबाट प्रारम्भ भएर तेस्रो गीत प्रीति बस्यो सम्म आइपुग्दा दर्शकको संख्या एकदमै न्यून भएपछि कार्यक्रम समापन भएको थियो ।

कार्यक्रमका लागि शुक्रबार काठमाडौं आइपुगेका भारतीय कलाकारहरू सोही दिन बेलुकी पत्रकार सम्मेलनमा प्रस्तुत भए । पत्रकार सम्मेलनमा च्याङले आफूले विद्यालय अध्ययनका क्रममा नेपालीहरूको संगत गरेकाले नेपाली संगीत र नेपालीहरूको व्यवहारका बारेमा आफू जानकार भएको बताए । च्याङका अनुसार नेपाली संगीतको स्तर विकास र अन्तर्राष्ट्रिय पहिचानका निम्ति आगामी दिनमा प्रशान्त तामाङ, उदितनारायण झा र निमा रुम्बाजस्ता लोकप्रिय कलाकारहरू सक्रिय हुनुपर्छ । पत्रकार सम्मेलनमा प्रशान्तको भिडियो टेप पनि देखाइएको थियो, 'कार्यक्रममा आउन नपाएकोमा क्षमा माग्छु, तपाईंहरूकै मायाका कारण आज मैले यो स्थान हासिल गरेको हुँ, यसकारण इन्डियन आइडलको टाइटल जितेर तपाईंहरूको इच्छा पूरा गर्नेछु' भिडियो टेपमा प्रशान्तले भनेका छन् ।

**कसले के भने ?**

सबै कलाकारले कन्सर्ट सकिएपछि आ-आफ्नो अनुभव साप्ताहिकसँग बाँडे । कुराकानीका क्रममा मयङ्क च्याङले नेपाली गीतसंगीतको क्षेत्रमा अवसर पाए काम गर्न तयार रहेको बताए । झारखण्डको धनवादमा जन्मिएका दन्तचिकित्सक च्याङले भने- 'मैले आफ्नो स्कुले जीवन थुप्रै नेपाली साथीहरूसँग बिताएको थिएँ, त्यही क्रममा मैले थुप्रै नेपाली गीत सुन्ने मौका पाएँ, नेपाली गीत अर्थपूर्ण र मेलोडियस भए पनि यसले सोचेजस्तो बृहत् रूप लिन सकेको छैन ।' बुबाको इच्छाअनुसार इन्डियन आइडलमा सहभागी भएका च्याङले अलिशा चिनोइलगायत सबै निर्णायकको मन जित्न सफल हुनु र लाखौं दर्शकको माया पाउनुलाई आफ्नो सफलता मानेको बताए । इन्डियन आइडल हुन नसक्दा केही पीडा भएको थियो, तर सबै जना इन्डियन आइडल हुन सक्दैनन् भन्ने सत्यलाई आफूले बुझेको उनको भनाइ थियो ।

इन्डियन आइडलका क्रममा दिपालीसँगको सम्बन्धका कारण विभिन्न आरोप खेपेका च्याङले दिपाली आफ्नो मिल्ने साथी मात्र भएको बताए । यद्यपि भ्रमण अवधिभर उनी र दिपाली प्रायः एकसाथ देखिन्थे । संगीतले जीवनमा रंग भर्ने काम गर्छ, यसकारण संगीतको महत्त्व एकदमै बढी छ, युवतीहरूका आकर्षण च्याङले भने- इन्डियन आइडलमा पाँचौं स्थानमा आए पनि भविष्यमा अझ बढी मेहनत गरेर अघि बढ्ने लक्ष्य राखेको छु । इन्डियन आइडल एउटा प्लेटफर्म हो, त्यो प्लेटफर्ममार्फत आफ्नो प्रतिभा देखाउन पाए, त्यसलाई उपलब्धिका रूपमा लिएको छु । कुराकानीकै क्रममा च्याङले टुटेफुटेको नेपालीमा गीत सुनाउन पनि भ्याए, 'ए गोरी मितिनीकी छोरी सबैले भन्छन् काली-काली छैन ओठमा लाली मनै हो...' गाइसकेपछि फिस्स हाँस्दै उनी दिपालीतिर हेरेर उनलाई पनि भोजपुरी गीत गाउन लगाउनुहोस् न भनिरहेका थिए ।

च्याङले प्रशान्तसँगको बसाइका क्रममा नेपाली संगीतका बारेमा अझ धेरै जान्ने मौका पाएको बताए । 'प्रशान्तसँग अझै सिक्ने इच्छा थियो,' च्याङले भने- 'तर समय नै मिलेन ।' कार्यक्रमका लागि नेपाल आएकै दिन उनलाई नेपाली गीत गाउन प्रस्ताव गरिएको उनले बताए । उत्साहित मुद्रामा च्याङले भने- 'नेपाली संगीतको क्षेत्रमा योगदान पुऱ्याउने अवसर पाए पछि सर्दिनँ ।'



दिपाली पनि च्याङलाई साथ दिँदै इन्डियन आइडलको यात्राले जीवनमा ठूलो परिवर्तन ल्याएको बताइरहेकी थिइन् । कानपुरमा अडिसन दिएकी पटनाकी धुरन्धर छात्रा दिपालीका अनुसार उनलाई गाला राउन्डसम्म पुग्छु भन्ने नै विश्वास थिएन । धुरन्धर यस कारणकी उनी प्लस टुकी गोल्डमेडलिस्ट छात्रा हुन् । सानैदेखि गीत गाउन रुचाउने दिपाली आफ्नो जीवन संगीतविना अधुरो हुने कुरा बताउँछिन् । 'इन्डियन आइडलमा सहभागी युवतीहरूमा इन्डियन आइडल हुन लायक तिमी मात्र छौ' भनेर निर्णायकले दिएको प्रतिक्रियालाई दिपाली बिर्सन सक्दिनन् ।

दिपाली भन्छिन्- 'इन्डियन आइडल गाला राउन्डका सबै १३ प्रतिस्पर्धी एक से एक थिए, त्यसैले हरेक साता एक जना बाहिरिनैपर्थ्यो । ३५ लाखले अडिसन दिए पनि एक जना मात्र इन्डियन आइडल हुने हो,' दिपालीले पनि प्रशान्तसँग केही नेपाली गीत सिक्ने मौका पाएको बताइन् ।

इन्डियन आइडलकी रक पर्फमर अंकिता मिश्र युवतीहरूमध्येकी आइडल बन्न पाएको गर्व गर्छिन् । कानपुरमा अडिसन दिएकी अंकिता एकपटक बाहिरिए पनि वाइल्ड कार्डमार्फत दर्शकको मत पाएर कार्यक्रममा भित्रिएकी थिइन् । उमेरका दृष्टिकोणले सबैभन्दा कान्छी अंकिता बोल्ने दृष्टिकोणमा सबैभन्दा अब्बल देखिइन् । १७ वर्षीया यी युवतीले क्यारियरको पहिलो चरणमा पाएको यो उपलब्धिलाई महत्त्वपूर्ण मानेको बताइन् ।

कक्षा ११ को अन्तिम परीक्षा दिएपछि अडिसन दिएकी अंकिता इन्डियन आइडलको यात्राले आफ्नो प्रतिभा उजागर गरेको बताउँछिन् । उनी भन्छिन्- प्रतियोगिताबाट बाहिरिने दिन अवश्य पनि नराम्रो दिन थियो, तर निर्णायकहरूको राम्रो प्रतिक्रियाले मलाई सन्तुष्ट बनायो । वाइल्ड कार्डबाट आएकाले दर्शकले माया गर्दैनन् कि ? भन्ने चिन्ताले सताउने गरेको थियो, त्यसमाथि प्रतियोगितामा हरेक साता युवती बाहिरिने क्रम बढेपछि तनाव अझ बढ्यो, तर मैले अपेक्षा गरेभन्दा धेरै माया पाउन सकेकै कारण उत्कृष्ट चारभित्र आउन सफल भए ।

हरियाणासँग पर्लिनले भने नेपालीहरूप्रति आफ्नो छुट्टै सम्बन्ध रहेको बताए । 'मेरो नेपाल र नेपालीप्रति माया बढेको छ, यहाँ आएपछि नेपालीहरूको व्यवहारले मलाई अझ बढी प्रभावित तुल्यायो । नेपाल प्राकृतिक रूपमा पनि असाध्यै सुन्दर रहेछ,' पर्लिनले बताए ।'

इन्डियन आइडलको तेस्रो संस्करणमा नवौं स्थान बनाएका पर्लिनले यसअघि दोस्रो संस्करणमा पनि सहभागिता जनाएका थिए । बाबा गोरखा रेजिमेन्टमा कमिस्नरका साथै नेपाली भाषाका ज्ञाता भएका कारण नेपाली (गोर्खाज) हरूसँगको आफ्नो विशेष पारिवारिक सम्बन्ध भएको उनले बताए । बाबाले गोर्खाजको प्रशंसा गर्ने गरेको उनले अझै बिर्सिएका छैनन् । बीएस्सी आइटी अध्ययनरत यी युवकले सानैदेखि संगीतमा लगाव रहेको बताए ।

इन्डियन आइडलमा अंकितापछि कुशल पर्फमर भनेर चिनिएका पर्लिन कम भोटकै कारण बाहिरिनुपरेको बताउँछन् । उनले प्रतियोगितामा हरेक प्रतिस्पर्धी एकसे एक भएका कारण पनि बाहिरिने सम्भावना त्यत्तिकै रहेको उल्लेख गरे । आमाले एकपटक छोरा तिम्रो उद्देश्य के हो ? भन्दा उनले इन्डियन आइडल बन्ने नभै राम्रो गायक बन्ने भनेर जवाफ फर्काएका थिए । इन्डियन आइडलमार्फत आफ्नो परिचय स्थापित भएको र दर्शकको मायासमेत पाएको बताउने पर्लिन भन्छन्- 'इन्डियन आइडल भएर दर्शकको अपेक्षाअनुसार चल्न नसक्नुभन्दा यहि उपलब्धिका आधारमा अघि बढ्नु मुख्य कुरा हो जस्तो लाग्छ ।' पर्लिनले प्रतियोगितामार्फत आफ्नो क्षमता पुष्टि गर्न सफल भएको अनुभव गरेका छन् ।

पर्लिनलाई पनि नेपाली गीत गाउने इच्छा छ, गायनको कुनै सीमा हुँदैन् अर्थात् कुनै भाषामा मात्र सीमित हुँदैन, उनले भने- 'गीत गाउने कुरा आत्मासँग सम्बन्धित हुने भएकाले नेपाली त के चिनियाँ गीत गाउनुपरे पनि तयार हुनुपर्छ, त्यसैले अवसर पाए भने नेपाली संगीतमा केही गर्ने इच्छा छ ।'

सोनु निगमकै शैली पछ्याएका कारण हामीलाई अर्को सोनु निगम जन्माउनु आवश्यक छैन, भन्ने जावेद अख्तरको तीतो प्रतिक्रिया खेपेका अर्का किशोर गायक इमोन यो तर्कलाई मान्न तयार छैनन् । स्वयं सोनु निगमले तिम्रो आवाज मेरो जस्तो छैन, भनेपछि यस विषयमा केही भन्नु आवश्यक मान्दिन भन्दै १८ वर्षीय यी तन्नेरी भन्छन्- 'इन्डियन आइडल प्रारम्भिक खुड्किलो भएकाले मेरो सांगीतिक यात्रा अब सुरु भएको छ ।'

इमोन सोनु निगमको जस्तो स्वरका कारण आफू बाहिरिएको मान्न तयार छैनन् । चार महिनाअघि कलकत्ताको एउटा गल्लीमा सीमित प्लस टुका विद्यार्थी इमोन अहिले पाएको एक्सपोजरलाई उपलब्धि मान्छन् । इमोनका अनुसार चार महिनाअघिसम्म उनी कोठे गायक र साधारण मानिस थिए, तर इन्डियन आइडलका कारण एकाएक चर्चामा आउन सफल भए । 'मैले इन्डियन आइडलको टाइटल नजिते पनि धेरै कुरा पाएको छु,' उनी भन्छन् । प्रशान्त 'रुममेट' भएकाले नेपाली गीतसंगीतका बारेमा इमोनले पनि धेरै जान्ने मौका पाएको बताए । म हरेक रात प्रशान्तलाई नेपाली गीत गाउन आग्रह गर्थें भन्दै इमोन भन्छन्- 'नेपाली गीत प्रति एक प्रकारको लगाव बढ्दै गएको थियो' ।

इमोन पनि कसैले नेपाली गीत गाउने अवसर दिए त्यसलाई गर्वका साथ स्वीकार गर्ने बताउँछन् । इन्डियन आइडलमा धाँधली कत्तिको हुने देख्नुहुन्छ ? भन्ने प्रश्नमा इमोन भन्छन्- 'मलाई पनि पहिलो र दोस्रो संस्करण हेर्दा सबै नौटङ्कीजस्तो लाग्थ्यो, तर आफैं सहभागी भएपछि थाहा भयो, त्यहाँ वास्तविक प्रतिस्पर्धा हुँदो रहेछ ।' आफ्ना विषयमा निर्णायकहरूले विवाद गरेको देख्दा अचम्म लागे पनि त्यो पनि सबै साँचो नै हुँदो रहेछ । टेलिभिजनमा तपाईं जे देख्नुहुन्छ, त्यही नै वास्तविकता हो, उनले जिकिर गरे ।

चञ्चले स्वभावका इमोन पियानो राउन्डमा जावेद अख्तरले सुर पछ्याउन सक्ने कुशल गायक भनेर दिएको सम्मानलाई आफ्नो ठूलो उपलब्धि मान्छन् । संगीतको क्षेत्रमा आफ्नो जीवन उज्ज्वल देख्ने इमोनले चलचित्रमा पार्श्वगायक बन्ने इच्छा राखेका छन् । इमोन भन्छन्- 'जे होस् बलिउड उद्योगमा मेरो नाम स्थापित होस् भन्ने चाहना राखेको छु ।'

नेपाल आएका कलाकारहरूमा सबैभन्दा बढी चर्चा पाएकी चारुले कुराकानीको प्रारम्भमै उनलाई माया गर्ने सबैलाई धन्यवाद दिन चाहिन् । 'दर्शकको माया त पाएकै हो', इन्डियन आइडलबाट बाहिरिनुपर्दाको क्षण सम्झँदै चारुले भनिन्- 'भाग्यले साथ दिएन भन्नुपर्ला ।' आकर्षक शारीरिक बनावटकी चारुले नेपाली जनजीवनका बारेमा प्रशान्तबाट पनि धेरै कुरा थाहा पाएको बताइन् । प्रशान्तसँग निकटस्थ चारुले केही नेपाली संवाद पनि बोल्न सिकेको बताइन् । 'तिमीलाई कस्तो छ, राम्रो छ ?' छोटो संवाद बोलेपछि हँसिलो अनुहार बनाएकी चारुका अनुसार उनले नेपाली संगीतको क्षेत्रमा काम गर्ने इच्छा राखेकी छिन् । उनले नेपाली गीत पनि सुनेको बताइन् । इन्डियन आइडलमा सहभागी भएपछि छोटो समयमै पर्याप्त चर्चा पाएको अनुभव चारूमा छ । जावेद अख्तरले स्टुडियोमा आएर गाउन दिएको अवसरलाई उनले उपलब्धि मानेकी छिन् । इन्डियन आइडलले प्रतिभा प्रस्फुटन गराए पनि संगीतको क्षेत्रमा अझै मेहनत गर्ने चारुको योजना छ ।

## हाम्रो नेपालमा

# एउटै छाप्रोमा ४ पत्नी, १४ सन्तान



एउटा घरमा कति मानिस बस्न सक्छन् भन्ने कुरा घरको क्षमतामा भर पर्छ तर मोरङ जिल्लाको डाँगीहाट गाविस वडा नम्बर ६ गाढी गाउँका लखेन्दर राजवंशी आफ्नो छाप्रोमा ४ श्रीमती र १४ सन्तानसहित बस्छन् भन्ने कुरा सुन्दा जो कोहीलाई विश्वास गर्न गर्न गाह्रो हुन्छ। समाचारअनुसार लखेन्दर राजवंशीले चार-चारवटी श्रीमतीलाई एउटै घरमा र एउटै भान्साको भात ख्वाएर राखेका छन्। श्रीमतीहरूसँग लखेन्दरको जति निकटता र मेलमिलाप छ, चार सौताबीच त्योभन्दा बढी मेलमिलाप छ। राजवंशी अहिले ४२ वर्षका भए। उनकी चारवटी श्रीमतीबाट जन्मिएका १४ जना छोराछोरीको नाम क्रमैसँग भन्न उनलाई हम्मेपर्छ। जम्मा १२ कठ्ठा जग्गा भएका राजवंशी जीविका चलाउन चापाकल अर्थात् ट्युबवेल गाड्ने काम गर्छन्। ट्युबवेल गाड्ने काम नै उनको १८ जनाको परिवार पाल्ने माध्यम वा पेसा हो। उनका १४ छोराछोरीमध्ये सबैभन्दा जेठा र सबैभन्दा कान्छा सन्तानको उमेरको फरक छ वर्ष मात्र छ। अर्थात् उनकी जेठी श्रीमतीबाट जन्मिएका जेठा छोरा रामबाबु अहिले १४ वर्षका छन् त माइली श्रीमतीबाट जन्मिएकी कान्छी छोरी रबु ५ वर्ष १० महिनाकी भइन्।

## सयौं विद्यार्थी एउटै कोठामा

पचास जना विद्यार्थी बस्नुपर्ने कक्षाकोठा, बेन्च पनि त्यतिलाई मात्रै पुग्ने तर विद्यार्थी छन् २ सय ३६ जना, तपाईंलाई पत्यार नलाग्न सक्छ तर बाँके जिल्लाको राप्तीपारिको बैजापुरस्थित एक विद्यालयको अवस्था यस्तै छ। स्थानीय सरस्वती माध्यमिक विद्यालयको कक्षा ६ मा २ सय ३६ जना विद्यार्थी एउटै कक्षाकोठामा कोचाकोच भएर पढ्न बाध्य छन्। विद्यालयका निमित्त प्रधानाध्यापक सेतीराम गोसाईंका अनुसार विद्यार्थीको चाप धेरै छ, त्यसैअनुसार कक्षाकोठाको अभाव छ। त्यसैले कोठामा यति धेरै विद्यार्थी राखेर पढाउनुपरेको हो। उक्त विद्यालयमा पाँच जना बस्न मिल्ने बेन्चमा नौ जनासम्म विद्यार्थी बस्छन्। बेन्चमा पनि नअटेका केही झ्यालमा अडेस लागेर पढ्छन् भने कोही शिक्षकको अगाडि उभिएर पढ्छन्। निमित्त प्रधानाध्यापक गोसाईंका अनुसार विद्यालयमा सबैभन्दा बढी विद्यार्थी कक्षा ६ मै छन्। एउटा कोठामा बढीमा ५० जना विद्यार्थी राखेर पढाउनुपर्ने शिक्षा विभागको मापदण्ड छ।

## दैनिक भत्ता नौ रुपैयाँ

सरकारी कर्मचारी तलब ठीकै भए पनि बढी पैसा कमाउने मानिसका रूपमा चिनिन्छन्। जोसुकैलाई पनि लाग्छ- निजामती कर्मचारीको फिल्डभत्ता दैनिक पाँच सय, एक हजार, दुई हजार वा पाँच हजार होला तर अनुमानविपरीत संवैधानिक अंगभित्रको न्यायपालिकाअन्तर्गत काम गर्ने वैदारको दैनिक फिल्ड भत्ता ९ रुपैयाँ ७५ पैसा तथा एक तहमाथि विचारीको ११ रुपैयाँ छ। यो समाचार पढ्दा लाग्न सक्छ यो कुनै राणाकालीन समयको दैनिक भत्ता होला, तर कुरो त्यसो होइन। यो रकम संखुवासभा जिल्ला अदालत चैनपुरमा कार्यरत विचारी लोकप्रसाद पराजुलीले तामेली गराएर पाउने दैनिक फिल्ड भत्ता हो। उक्त अदालतमा यस्तो भत्ता पाउने वैदार एक तथा विचारी चारसहितका पाँच जना कर्मचारी छन्।

**र, अन्त्यमा...**

म्याग्दी जिल्लाको झकिम्ली गाविसको ताराखेतका बिर्खबहादुर नेपालीको घरमा पाँचवटा खुट्टा भएको कुखुराको चल्ला छ। गत भदौ १७ गते कोरलिएको उक्त चल्लाको देब्रेतिर तीनवटा र दाहिनेतर्फ दुईवटा खुट्टा छ। अहिले बिर्खबहादुरको घरमा उक्त चल्ला हेर्न स्थानीय बासिन्दाहरूको घुइँचो लाग्ने गरेको छ।

# पहाडको ढुंगा देवता बनेपछि

**माधव अर्याल**




पाल्पा– पहाडको ढुङ्गा देवता बनेपछि पाल्पाको देउराली गाविस जोर्तेका स्थानीय बासिन्दा मात्र होइन छिमेकी जिल्लाकावासीहरू समेत चकित भएका छन्। गत साउन १ गते सतनचुली डाँडाबाट तीन किलोमिटर तल करिब ३ टनको ढुङ्गा उडेर कुनै क्षति नपुऱ्याई दलवीर रेश्मीको सटरबाट छिरी ३ कोठा पर भित्ताको छेउमा टपक्क राखेजस्तै अडिएपछि स्थानीय बासिन्दाले शिव देवता भन्दै त्यहाँ पूजाआजा गर्न थालेका हुन्। ढुङ्गामा विभिन्न प्रकारका देवताका आकृति देख्न सकिन्छ। गाउ-गाउँमा हल्ला भएपछि ढुङ्गारूपी देवता हेर्ने भीड बढेको छ भने ढुङ्गा रहेको घर अहिले मन्दिरमा परिणत भएको छ।

घर मालिक दलवीर आश्चर्यचकित हुँदै भन्छन्– '५० जनाले बोक्न नसक्ने ढुङ्गा पसेकै दिनदेखि लामा-धामीदेखि ठाउँ-ठाउँका धार्मिक व्यक्तिहरूको उपस्थितिले देवता नै हो भन्ने भएको छ।' गत भदौ १ गते नागपञ्चमीका दिन नाग (सर्प) आएर ढुङ्गाको परक्रिमा गरेपछि घरमूली रेश्मी पनि उक्त ढुङ्गालाई शिव भगवान्कै रूप मान्न बाध्य भएका छन्। घरमा पसेको ढुङ्गा शिव भगवान् भएपछि घरमालिक रेश्मि अहिले दोधारमा परेका छन्। छ-सात लाख खर्च गरेर पक्की घर बनाए पनि सबैले शिव भगवान्लाई यो स्थानबाट हटाए अनिष्ट हुन्छ भनेपछि उनलाई समस्या परेको छ। अहिले उनको घर पूर्णरूपमा मन्दिरमा परिणत भएको छ।

तीन किलोमिटरमाथिबाट उडेर आएको ढुङ्गा वनमा ठोक्किएको छैन भने त्यसले बजारमा रहेका अन्य कुनै घरमा क्षति पुऱ्याएको छैन। घरभित्र छिर्दा ढुङ्गाले सटरलाई क्षति नपुराई केही भाग मात्र दोब्र्याएको छ। जोडसँग आएको ढुङ्गाले घरको सटरलाई समेत क्षति नपुराएपछि मानिसमा भगवान्कै उत्पत्ति भएको विश्वास बढेको हो। स्थानीय रीता रेग्मी ढुङ्गा छिरेको केही समयपछि देखि नै देवी चढेको भन्दै काम्न थालेकी थिइन्। कतिपयले भगवान् उत्पत्ति भएको जनधारणाप्रति अविश्वास व्यक्त गरे पनि स्थानीय बासिन्दाहरू भने भगवान्को उत्पत्तिप्रति विश्वस्त देखिन्छन्।

# पोखरामा भक्तपुरे देवीनाच



**शिव शर्मा**

पोखरा– बिन्ध्यवासिनी मन्दिरको प्राङ्गणमा विभिन्न वेशभूषामा देवीहरू प्रकट भए। के रहेछ भनेर मानिसहरूको ओइरो लाग्यो। कतिपय त झुक्किए पनि साँच्चिकै देवी प्रकट भएछन् भनेर, तर त्यहाँ कुनै देवी प्रकट नभएर भक्तपुरका नेवार समुदायमा प्रचलित देवीनाचको तामझाम थियो। नाचको प्रारम्भ बिन्ध्यवासिनी मन्दिरबाट भयो। नृत्यटोली बिन्ध्यवासिनी हुँदै मोहोरियाटोल, नालामुख, तेर्सापट्टी भीमसेन चोक, रामकृष्ण टोल हुँदै गणेशटोलमा पुगेको थियो।

साढे तीन सय वर्ष पुरानो मल्लकालीन यो नाच पहिलो पटक नेवाःखल कास्कीको आयोजनामा बाँगलुङसँगै पोखरामा प्रदर्शन गरिएको हो। हनुमान नाच संरक्षण परिषद्को निमन्त्रणमा भक्तपुर सांस्कृतिक प्रबर्द्धन समितिले सांस्कृतिक नाचको प्रदर्शन गर्ने अवसर जुटाएको थियो। यो नाचमा १२ जना देवता हुन्छन्। नाचमा ४५ जना कलाकारले दुर्लभ र परम्परागत मञ्जुश्री, ज्यापुज्यापुनी, देवी, महाकाली, धिमे, चर्या आदि गरी १४ प्रकारका नृत्य देखाएका थिए। यो नाच पोखरामा देखाउनुको उद्देश्य सांस्कृतिक आदानप्रदान नै हो– नेवाःखल कास्कीका अध्यक्ष प्रकाशमान पालिखेले साप्ताहिकलाई जानकारी दिए। यो नाच भक्तपुरको तचपाल तथा तौमदीमा लोकप्रिय छ। यो नाच खास गरी वर्षमा दुई पटक इन्द्रजात्रा र गाईजात्राको सन्दर्भमा देखाइन्छ। नाचमा दानवसँग लडाइँ गर्दाको दृश्य हेर्न पाइन्छ।

## पहिरो रोक्न लामा पढाइयो

इलाम- यसपालिको अविरल वर्षाले धेरै गाउँ डुबानमा परे। भेल, बाढी र पहिरोका कारण धेरैले ज्यान गुमाए। यो प्राकृतिक प्रकोपबाट इलामका गाउँहरू अछुतो रहने कुरै भएन। इलामको दक्षिणी गाविस लक्ष्मीपुरका बासिन्दा पनि यो प्रकोपबाट नराम्रोसँग प्रभावित भए, तर यो प्राकृतिक प्रकोप रोक्नका लागि उनीहरूले अनौठो उपाय अपनाए। पहिरोले ठूल्ठूला रूख तान्नुका साथै घरै बगाउन थालेपछि यो विपत्तिबाट बच्न यहाँका १७ घर परिवारले लामा पढाए।

लामा पढाउन उनीहरूले प्रतिघर २ सयदेखि ५ सय रुपैयाँसम्म चन्दा उठाएका थिए। गाउँलेहरूले पहिरो गएको करिब ५ सय रोपनी जग्गामा विभिन्न रङका ध्वजापताका धागोमा उनेर पहिरो क्षेत्रलाई घेरा लगाए उक्त क्षेत्र पहिरोबाट जोगिने विश्वासमा लामा पढाएका थिए। पानी परेपछि यहाँका बासिन्दाहरू रातभर जागा रहन्छन्। यसरी पहिरोका कारण आम्दानीको स्रोत खोसिने र ज्यान नै जोगाउन गाह्रो भएपछि पहिरो कम हुने र थप संकट नआउने जनविश्वासमा चन्दा उठाएर उनीहरूले लामा पढाउने काम गरेका थिए।

**–शिव मुखिया**

## कान्तिपुर समाचार डायरी

### चुनावका लागि सुरक्षाकर्मी

सरकारले आगामी संविधानसभा निर्वाचनका लागि १ लाख ३८ हजार १ सय सुरक्षाकर्मी परिचालन गर्ने भएको छ। यसरी परिचालन गरिने सुरक्षाकर्मीहरूमध्ये ४० हजार १ सय ६८ नेपाल प्रहरी तथा २१ हजार ९ सय ३४ सशस्त्र प्रहरी छन्। यसबाहेक अपुग हुने थप ७६ हजार सुरक्षाकर्मीलाई म्यादी प्रहरीका रूपमा भर्ना गरिनेछ।

### निर्वाचनमा अन्तर्राष्ट्रिय पर्यवेक्षक

आगामी संविधानसभा निर्वाचनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गरी ८० हजारभन्दा बढी पर्यवेक्षकले पर्यवेक्षण गर्ने भएका छन्। यस्ता पर्यवेक्षकमध्ये ५ सय अन्तर्राष्ट्रिय पर्यवेक्षक हुनेछन्। निर्वाचन पर्यवेक्षणका लागि नेपालमा रहेका २२ वटा विदेशी राजदूतावास तथा विदेशमा रहेका २४ वटा नेपाली राजदूतावासको पनि प्रत्यक्ष रूपमा संलग्न रहनेछ। यो व्यवस्थाअनुसार प्रत्येक मतदान केन्द्रमा औसत ३ जना पर्यवेक्षक पुग्नेछन्।

### आर्थिक वृद्धिदर नाजुक स्थितिमा

सन् १९९० देखि २००५ सम्मको अवधिमा नेपालको औसत आर्थिक वृद्धिदर ४ दशमलव ४ प्रतिशत रहेको एक अध्ययन-प्रतिवेदनमा उल्लेख छ। व्यापार तथा विकासका लागि संयुक्त राष्ट्रसंघीय सम्मेलन (अंकट्याड) द्वारा तयार गरिएको उक्त प्रतिवेदनअनुसार सन् १९८० देखि १९९० को अवधिमा नेपालको औसत आर्थिक वृद्धिदर ४ दशमव ४ दशमलव थियो। त्यसैगरी सन् १९९० देखि २००० अवधिमा नेपालको आर्थिक वृद्धिदर ४ दशमलव ९ प्रतिशत रहेकोमा त्यसपछिका अवधिमा भने नेपालको आर्थिक वृद्धिदर २ दशमलव ६ प्रतिशतमा झरेको कुरा प्रतिवेदनमा उल्लेख छ। चालू दसौं योजना अवधिमा नेपालले वार्षिक ३ दशमलव ४ प्रतिशतले मात्र आर्थिक वृद्धिदर हासिल गर्ने कुरा नेपाल राष्ट्र बैंकले जनाएको छ। दशौं योजना लागू गरिँदा ६ दशमलव २ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखिएको थियो।

# गणपति महोत्सवमा डान्डिया नृत्य




विराटनगर- गणपति पूजाका अवसरमा विराटनगरमा शनिबार डान्डिया नृत्य सम्पन्न भएको छ। गणेश चौथीका अवसरमा आयोजित गणपति महोत्सवका क्रममा आयोजित समारोहमा ७५ जोडीले ५ समूहमा विभाजित भएर पानीमा रुझ्दै डान्डिया नृत्य गरेका थिए।

विराटनगरमा पहिलो पटक आयोजित गणेश महोत्सवका अवसरमा गरिएको डान्डिया नृत्य गणेश भजनमा आधारित थियो। त्यसबाहेक कार्यक्रममा भजन प्रतियोगितासमेत गराइएको थियो। प्रतियोगितामा मनकामना भजन मण्डलीका तर्फबाट हेमन्त सारडा र मोनिका अटलको जोडी प्रथम भयो। शिव परिवार भजन मण्डलीका रञ्जन राउत र कल्पना चौधरीको जोडी द्वितीय तथा राम भजन मण्डलीका रामप्रसाद ठाकुर र पवन अटलको जोडी तृतीय भयो।

भारतको मुम्बईमा हुने विशाल गणपति महोत्सवबाट प्रेरित हुँदै विराटनगरका उत्साही युवाहरूले यसै पटकदेखि महोत्सवको प्रारम्भ गरेका हुन्। कृष्ण जन्माष्टमीमा हुँदै आएको विशाल रथयात्रासरह यो महोत्सवलाई पनि अघि बढाइने कुरा बताउँदै आयोजक समितिका कोषाध्यक्ष अरुण राठीले अर्को वर्षदेखि गणेशको मूर्ति रथमा राखेर तान्ने बताए। यस वर्ष भने गणेशको तीन सय किलोग्राम तौल भएको एघार फिट अग्लो मूर्ति ट्रकमा राखेर शोभायात्रा निकालिएको थियो।

**–कमल रिमाल**

# विदेशी कलेजसँग सम्झौता शिक्षामा नौलो आयाम



अभिनव कर्माचार्य, रेजिना महर्जन, रोजिना कट्टेल लगायत १५ जना विद्यार्थी बेलायतको युनिभर्सिटी अफ बेडफोर्डसायरमा अध्ययन गर्दैछन् । उनीहरू त्यहाँ व्यवस्थापन विषय अध्ययन गर्दैछन् । यसअघि उनीहरू हिमालयन ह्वाइटहाउस कलेजमा अध्ययनरत थिए । जापानको वाकानाइ युनिभर्सिटीमा १० जना नेपाली विद्यार्थी छन् । उनीहरू पनि हिमालयन ह्वाइटहाउसमै केही समय अध्ययन गरी बाँकी कोर्स गर्न जापान पुगेका हुन् । हिमालय ह्वाइट हाउस कलेजले विभिन्न विदेशी विश्वविद्यालयसँग सम्झौता गरेको छ । ह्वाइट हाउसले नेदरल्यान्डको सीएचएन युनिभर्सिटी र अस्ट्रेलियाको लेट्रोभ युनिभर्सिटीसँग होटल म्यानेजमेन्टमा, बेलायतको बेडफोर्डसायर युनिभर्सिटी र अमेरिकाको वेस्टर्न इन्टरनेसनल युनिभर्सिटीसँग व्यवस्थापनमा तथा जापानको वाकानाइ युनिभर्सिटीसँग आईटी र कम्प्युटर इञ्जिनियरिङजस्ता विषयमा द्विपक्षीय सम्झौता गरेको छ ।

डनबस्को कलेजले पनि भारतको नयाँ दिल्लीको वेस्टर्न युनिभर्सिटी कलेजसँग यस्तै सम्झौता गरेको छ । डनबस्को कलेजको मुख्य कार्यालय अमेरिकाको एरिजोनामा छ । डनबस्कोमा बीबीए अध्ययनरत विद्यार्थीले उक्त कलेजमा पढ्ने सुविधा प्राप्त गर्न सक्छन् तर यसका लागि कमसेकम बीबीएका सुरुका २ वर्ष डनबस्कोमै अध्ययन गरेको हुनुपर्छ । बाँकी २ वर्षमध्ये एक वर्ष दिल्ली अनि एक वर्ष एरिजोनामा अध्ययन गर्न सकिन्छ । उनीहरूले चाहे दुवै वर्ष एरिजोनामै अध्ययन गर्न सक्छन् । नेपालमा दुई वर्षका लागि १ लाख शुल्क तिर्नुपर्छ । बाँकी २ वर्ष दिल्लीमा पढे २ लाख रुपैयाँ खर्च लाग्छ भने एरिजोनामा पढे १४ लाखजति खर्च लाग्न सक्छ । विद्यार्थीको छनौटअनुसार जुन देशको कलेजमा पनि पढ्न सकिने सुविधा डनबस्कोले मिलाइदिएको छ । अर्को वर्षदेखि यो सुविधाको उपभोग प्रारम्भ हुने कुरा प्रिन्सिपल कपिल रेग्मीले बताए ।

सुनील शाक्य, निश्चल श्रेष्ठ, सुभी अमात्य आदि ६ जना विद्यार्थी हाल अमेरिकाको केन्ट स्टेट युनिभर्सिटीमा अध्ययन गर्दैछन् । यसअघि उनीहरू युनाइटेड कलेजका विद्यार्थी थिए । उनीहरूले त्यहाँ बीबीएसको ६ सेमेस्टरसम्म अध्ययन गरेका थिए । यसलाई त्यहाँ बीबीए समकक्ष मानिन्छ । बीबीए सिध्याउन ८ सेमेस्टर पूरा गर्नुपर्छ । उनीहरू अमेरिकामा त्यही बाँकी २ सेमेस्टर अध्ययन गर्दैछन् । यो कोर्स सिध्याएपछि उनीहरूलाई अन्डरग्राजुएट डिग्री प्रदान गरिनेछ ।

हिमालयन ह्वाइटहाउस, युनाइटेड र डनबस्को मात्र होइन, अहिले नेपालका धेरै कलेजले विदेशी विश्वविद्यालयसँग द्विपक्षीय सम्झौता गरेका छन्, जसअन्तर्गत केही समय नेपालमै र केही समय विदेशमा पढेर विदेशी विश्वविद्यालयको डिग्री प्राप्त गर्न सकिन्छ । यसमा अभिभावकहरूलाई पनि शुल्कमा सहुलियत हुन्छ ।

पढ्नका लागि विदेश जाने चलन पुरानो हो । खुला सिमानाका कारण भारत जाने विद्यार्थी त पहिलेदेखि नै धेरै छन्, तर अमेरिका, जापान, बेलायत, अस्ट्रेलिया आदि मुलुकमा अध्ययन गर्न जानेहरूको संख्या अहिले ह्वात्तै बढेको छ । विद्यार्थी भिसामा गएर त्यहाँ पढाइभन्दा पनि पैसा कमाउने काममा लाग्नेहरू पनि पाइन्छन् । यो अवस्थामा अहिलेको यो नयाँ ट्रेन्डले दूतावासहरूलाई भिसा दिनका लागि विश्वसनीय आधार उपलब्ध गराउने दावी यो क्षेत्रमा लागेकाहरूको छ । त्यसबाहेक अब विदेश अध्ययनका लागि अभिभावक एवं विद्यार्थीले व्यक्तिगत रूपमा टाउको दुखाउनुपर्ने स्थिति पनि छैन ।

कलेजहरूले इच्छुक विद्यार्थीबाट आवेदन माग गर्छन् । त्यसपछि उताको कलेजबाट स्वीकृति लिनेलगायत दूतावाससम्मका सम्पूर्ण प्रक्रिया कलेजले नै पूरा गरिदिन्छन् । शुल्क पनि पूरै तिर्नुपर्दैन । छात्रवृत्तिको व्यवस्था यहाँकै कलेजको संयोजनमा उताका कलेजले गरेका हुन्छन् । अझ कतिपय विश्वविद्यालयले त विदेशी विद्यार्थीलाई समेत आफ्नै देशका नागरिकसरह शुल्कमा सहुलियत प्रदान गरेका हुन्छन् । अमेरिकाको केन्ट स्टेट युनिभर्सिटीमा अध्ययन गर्न प्रतिसेमेस्टर ७ हजार डलर तिर्नुपर्छ । त्यही राज्यका विद्यार्थी भए ५० प्रतिशत सहुलियतको व्यवस्था भएका कारण ३ हजार ५ सय डलर मात्र तिर्नुपर्छ । त्यो सहुलियत नेपाली विद्यार्थीलाई समेत उपलब्ध छ ।

यसरी केही वर्ष यहाँका कलेजमा पढेर बाँकी कोर्स विदेशमा पढ्न पाइने प्रक्रियालाई क्रेडिट ट्रान्सफर भनिन्छ । यसरी क्रेडिट ट्रान्सफरको व्यवस्था गर्ने कलेज नेपालमा प्रशस्त छन् । यसबाट नेपाली विद्यार्थीले केही वर्ष नेपालमै पढ्दा विदेशमा हुने खर्च बचाउन सक्छन्, तर पनि उनीहरू विश्वस्तरको शिक्षा प्राप्त गरी त्यहाँको रोजगार बजारमा सामेल हुन सक्छन् । अर्को कुरा नेपालका कलेजहरू पनि विश्वस्तरको शिक्षा प्रदान गर्न सक्षम छन् भन्ने प्रमाणित भएको छ ।

यहाँका कलेजको पढाइलाई उताका कलेजले मान्यता दिनुको कारण पनि यही हो । त्यसैगरी नेपाली कलेजले पनि विदेशी विद्यार्थी आकर्षण गर्न सक्ने सम्भावना बढ्दै गएको छ । अहिले नेपालमा विदेशी विद्यार्थीहरूमा खासगरी भारतीय विद्यार्थी नै बढी छन् । अब अन्य देशका विद्यार्थी पनि यहाँ बढ्न सक्छन् । हिमालयन ह्वाइटहाउसका प्रिन्सिपल युवराज शर्मा त नेपालमा शैक्षिक पर्यटनको विकास गर्न सकिने कुरामा आशावादी छन् ।

विश्वव्यापीकरणको अहिलेको समयमा शिक्षाक्षेत्रमा उपलब्धिपूर्ण कार्य गर्न निजी संस्थाहरू एक कदम अघि बढेका छन् । शिक्षा प्राप्तिका लागि पहिले गाउँबाट सहर आए जसरी अहिले विदेश जाने चलन बढेको छ । यसलाई आफैंमा नराम्रो मान्न नसकिने तर्क शिक्षाविद् डा. विद्यानाथ कोइरालाको छ । उनीहरू नयाँ-नयाँ कुरा सिकेर आउँछन् ।

**–एकराज सुवेदी**

# मोबाइल मर्मतबाट आम्दानी

मोबाइल नेटवर्कको संजाल फैलँदै गएपछि यस क्षेत्रमा रोजगारीको पनि प्रशस्त अवसर सिर्जना भैरहेका छन् । मोबाइल प्रयोगकर्ताले मोबाइलमा हुने सामान्य गडबडीलाई आफैंले समाधान गर्न सक्छन् । यसले गर्दा आफ्नो मोबाइल सुरक्षित हुनुका साथै खर्च पनि बचत हुन्छ । त्यसैले मोबाइल के कारणले बिग्रन्छ र कुन पार्ट्समा बढी समस्या उत्पन्न हुन्छ जानिराखे आफैलाई फाइदा हुन्छ ।

पानीमा भिजे, भुइँमा खसे, समयमै चार्ज नगरे, ब्याट्री गडबड भए, मोबाइल डेथ भैरहे, कुराकानी गर्दागर्दै लाइन काटिने भए, चार्जिङ पिन गलत तरिकाबाट लागी सर्ट भए मोबाइल सेटमा खराबी आउन सक्छ । मोबाइल सेटमा कुनै गडबडी भए मल्टिमिटरबाट जाँच्नुपर्छ । यसो गर्दा कुन उपकरणमा गडबडी छ जानकारी पाइन्छ । आवाज नगए माइक जाँच्नुपर्छ । मल्टिमिटरले उक्त परीक्षण गरेपछि अझै त्यसमा समस्या देखिए अडियो आईसी जाँच गर्नुपर्छ ।

त्यसैगरी आवाज नआए स्पिकरका साथै पीसीबी जोडिएको कन्पोनेन्टलाई मल्टिमिटरले जाँच्नुपर्छ । रिंगर वा भाइब्रेटरले काम नगरेको अवस्थामा लजिक आईसी वा त्यसमा जोडिएको कन्पोनेन्टमा खराबी हुन पनि सक्छ । यस्तो अवस्थामा मल्टिमिटरले जाँचेर बिग्रिएको पार्ट्स बदल्नुपर्छ । नेटवर्कको समस्या मुख्यतया चार प्रकारले हुन सक्छ । नेटवर्क कभरेजको कमी, नेटवर्क एक्सेस वा नेटवर्क फाउन्ड नहुनु, यस्तो समस्यालाई नेटवर्क आगमन, बर्हिगमन जाँचेर ठीक गर्न सकिन्छ ।

मोबाइल चार्जिङबाट दुई प्रकारबाट समस्या उत्पन्न हुन सक्छन् । एउटा नो चार्जिङ र अर्को नट चार्जिङ । नो चार्जिङमा मोबाइलको स्क्रिनमा केही पनि देखिँदैन भने नट चार्जिङमा स्क्रिनमा भएको कुरा देखिन्छ । यस्तो बेलामा मल्टिमिटरले चार्जिङ भोल्टेजका साथै चार्जिङ कन्ट्रोल आईसी वा चार्जिङ कनेक्टर जाँच्नुपर्छ । डिस्प्ले अफ हुने समस्या भए सबैभन्दा पहिले स्क्रिनको एलसीडी परीक्षण गर्नुपर्छ ।

स्क्रिन ठीक छ भने पावर सप्लाई वा डिस्प्ले कनेक्टर जाँच्नुपर्छ । त्यसैगरी मोबाइलमा नम्बर अङ्कित बटन किप्याड धूलोले वा खिएर काम नगर्ने हुनसक्छ । यस्तो भए किप्याड परिवर्तन गरी अर्को किप्याड राख्नुपर्छ । त्यसपछि पनि बटनले काम नगरे किप्याड ड्राइभलाई मल्टिमिटरले जाँच्नुपर्छ । यसका कारणले पनि कहिलेकाहीं मोबाइल ह्यांग वा लक हुन सक्छ । सिमकार्ड स्वीकार नगरे सिमड्राइभर वा कनेक्टर जाँचेर खराब पार्ट्स बदल्नुपर्छ । म्यासेज वा एसएमएस जाने वा आउने पनि नभए म्यासेज सेन्टर नम्बर जाँच्नुपर्छ । यदि त्यो पनि ठीक छ भने अन्य के खराबी भएको हो थाहा पाउनु आवश्यक हुन्छ ।

मोबाइल मर्मत तथा परीक्षणका लागि कुनै खास शैक्षिक योग्यता आवश्यक पर्दैन तर पनि एसएलसी उत्तीर्ण गरेको छ भने उसले मोबाइलका पार्टपुर्जाका सबै नाम भन्न र लेख्न सक्ने भएकाले सजिलै काम सिक्न सक्छ । मोबाइलको पनि २ भाग हुन्छ- हार्डवेयर र सफ्टवेयर । हार्डवेयरको मर्मत हातैबाट गर्न सकिन्छ भने सफ्टवेयरको मर्मत कम्प्यूटरको माध्यमबाट गर्न सकिन्छ । तालिमपछि मोबाइलको सांकेतिक शब्द एएमपीएस, तन्त्र, बेन्ड, सिमकार्ड, डायलमुड, लक, कोड, इएसरन, थर्डजेनेरेसन आदिका बारेमा पनि जानकारी हुन्छ । ४ फिट लम्बाइ, ४ फिट चौडाइ भएको ठाउँमा आवश्यक सामान राखी मोबाइल मर्मत तथा रिपेयरिङको व्यवसाय सञ्चालन गर्न सकिन्छ ।

**–विष्णुकुमार श्रेष्ठ**

## अवसर

• काठमाडौंस्थित एक कम्पनीका लागि न्यूनतम एसएलसी तह उत्तीर्ण केही सेल्स ब्वायको आवश्यकता छ । सुटिङ र टेलरिङसम्बन्धी कम्तीमा दुई वर्षको अनुभव प्राप्त व्यक्तिले पासपोर्ट साइजको फोटो र सम्पूर्ण व्यक्तिगत विवरणसहित कम्पनीको पोस्टबक्स नम्बर ६६६६ मा आवेदन दिनुहोला ।

• एक कम्पनीका लागि अंग्रेजी भाषा तथा कम्प्युटर ज्ञान भएको, दिउँसो वा राति दुवै सिफ्टमा काम गर्न सक्ने एक कस्टमर सर्भिस अफिसरको आवश्यकता छ । इच्छुक व्यक्तिले तुरून्तै आफ्नो व्यक्तिगत विवरण र तस्बिरसहित इमेल ठेगाना hrdept.ssn@gmail.com मा आवेदन दिनुहोला ।

• काठमाडौंस्थित एक नयाँ कार्यालय विस्तारका लागि कम्तीमा टेस्ट उत्तीर्ण ११ महिला तथा ९ पुरूषको आवश्यकता छ । इच्छुक व्यक्तिले कार्यालयको फोननम्बर ४३०१८२२ मा सम्पर्क राख्नुहोला ।

• काठमाडौंस्थित एक नयाँ रेस्टुराँका लागि कन्टिनेन्टल फुड प्रिपरेसन सेफको आवश्यकता छ । अनुभव प्राप्त व्यक्तिले मोबाइल नम्बर ९८४१६४८३४७ मा सम्पर्क राख्नुहोला ।

• काठमाडौंस्थित एक संस्थाका लागि केही साइकल सेल्सम्यानको आवश्यकता छ । इच्छुक व्यक्तिले आफ्नो व्यक्तिगत विवरण र तस्बिरसहित पोस्टबक्स नम्बर ४१५५ मा आवेदन दिनुहोला ।

• काठमाडौंस्थित एक विजनेस एकेडेमीका लागि स्नातक तह उत्तीर्ण कोअर्डिनेटरको आवश्यकता छ । अंग्रेजी भाषा र कम्प्युटरसम्बन्धी राम्रो ज्ञान भएका व्यक्तिले आफ्नो सम्पूर्ण विवरण र तस्बिरसहित इमेल ठेगाना info@uniqubiz.com मा आवेदन दिनुहोला ।

• विराटनगरस्थित एक विद्यालयका लागि बीए वा बीएड उत्तीर्ण सोसियल स्टडिज शिक्षकको आवश्यकता छ । माध्यमिक तहमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त व्यक्तिले विराटनगरस्थित विद्यालयको फोननम्बर ०२१-४३६०५६ मा सम्पर्क राख्नुहोला ।

• ललितपुरस्थित एक प्रतिष्ठित संस्थाका लागि व्यवस्थापन संकायमा कम्तीमा स्नातक तह उत्तीर्ण एकजना एक्जुकेटिभ सेक्रेटरीको आवश्यकता छ । स्नातक तह उत्तीर्ण भएकाहरूको हकमा विजनेश एडमिनेस्ट्रेसनसम्बन्धी १० वर्षको अनुभव र स्नातकोत्तर तह उत्तीर्ण भएकाहरूको हकमा ५ वर्षको अनुभव अनिवार्य छ । अंग्रेजी भाषा तथा कम्प्युटरसम्बन्धी राम्रो ज्ञान भएका व्यक्तिहरूले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरण र तस्बिरसहित पोस्टबक्स नम्बर २६ ललितपुरमा आवेदन दिनुहोला ।

• काठमाडौंस्थित एक व्यापारिक गृहका लागि मार्केटिङ/विजनेस एडमिनेस्ट्रेसनमा स्नातक तह उत्तीर्ण दुई जना मार्केटिङ अफिसरको आवश्यकता छ । सम्बन्धित क्षेत्रमा कम्तीमा एक वर्षको अनुभव, मोटरसाइकलको लाइसेन्स प्राप्त, अंग्रेजी भाषाको ज्ञान र कम्प्युटरसम्बन्धी ज्ञान भएका व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित जिपिओ बक्स ३५७२ काठमाडौंमा आवेदन दिनुहोला ।

• काठमाडौंस्थित एक एजुकेसन कन्सल्टेन्सीका लागि कम्तीमा प्लस टु तह उत्तीर्ण दुईजना महिला रिसेप्सनिस्ट र स्नातक तह उत्तीर्ण तीनजना महिला शैक्षिक परामर्शदाताको आवश्यकता छ । योग्य व्यक्तिले कन्सल्टेन्सीको फोननम्बर ४२४१६९९ मा सम्पर्क राख्नुहोला ।

• वीरगञ्जस्थित एक एफएम स्टेसनका लागि एकजना स्टेसन म्यानेजरको आवश्यकता छ । दक्ष तथा अनुभवी व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित पोस्टबक्स नम्बर २३८४२ मा आवेदन दिनुहोला ।

# नेपालमा पनि सफ्टवेयर फ्रिडम डे



• **नेसनल कलेज अफ कम्प्युटर स्टडिजका दीपेश श्रेष्ठले इन्टिग्रेटेड लाइब्रेरी एक्सेस सिस्टम नामक सफ्टवेयरको विकास गरेका छन्। लाइब्रेरीमा कुन पुस्तक कहाँ, कुन अवस्थामा छ, यसको मूल्य कति छ जस्ता सम्पूर्ण जानकारी उक्त सफ्टवेयरको मद्दतबाट प्राप्त गर्न सकिन्छ। त्यसबाहेक कुन व्यक्तिले कुन पुस्तक पढ्यो भन्ने जानकारीका साथै पुस्तक पढ्ने व्यक्तिको सम्पूर्ण प्रोफाइलसमेत त्यहाँ बन्छ। यो सफ्टवेयरले जापानको बाखक युनिभर्सिटीले नेपालमा आयोजना गरेको जाभा कन्टेस्ट २००७ मा तेस्रो स्थान प्राप्त गरेको थियो।**

• **उक्त कलेजका विद्यार्थीहरूले नेपाल टेलिकमका लागि उपयुक्त स्वीचिङ सर्भिस रेकर्ड मेन्टिनेन्स सिस्टम सफ्टवेयरसमेत निर्माण गरेका छन्। यसबाट टेलिकमको टेलिफोनमा कुन-कुन सुविधा छ र कुन-कुन सुविधा दिन सकिन्छ भनेर राम्रोसँग हेर्नुका साथै तुरुन्तै ती सुविधा उपलब्ध गराउन सकिन्छ।**

• **नोवेल इन्डियाले ओपन सुसे सफ्टवेयरको डिजाइन गरेको छ। यसमा केडीई अर्थात् क्युविकल डेस्कटप इन्भार्नमेन्ट हुन्छ। यसको मद्दतबाट कम्प्युटरमा भएका कुनै पनि डकुमेन्टलाई छिटो र सजिलैसँग खोज्न सकिन्छ। यसमा भएका कन्कोरर, एमोरक, डिजिक्याम आदिको सहायताले डकुमेन्ट खोज्न, मिडिया प्लेयर व्यवस्थित गर्न तथा तस्बिरका बारेमा सबै जानकारी प्राप्त गर्न सकिन्छ।**

माथि उल्लेखित सबै सफ्टवेयर गत शनिबार राजधानीमा आयोजित सफ्टवेयर फ्रिडम डेका अवसरमा प्रदर्शन गरिएका थिए। यसबाहेक त्यहाँ अन्य विभिन्न प्रकारका सफ्टवेयर पनि प्रदर्शनी गरिए। विभिन्न कलेज, व्यवसायी तथा अन्य स्वतन्त्र व्यक्तिहरूको समेत सहभागितामा ओपन सोर्सको प्रयोग गरेर बनाइएका सफ्टवेयरहरूको प्रयोगका बारेमा जनचेतना जगाउने प्रयत्न पनि गरिएको थियो।

विश्वभर खरिद गरेर चलाउनुपर्ने सफ्टवेयर निःशुल्क प्रयोग गर्न पाउनुपर्छ भन्ने उद्घोषका साथ यो दिवस मनाइएको हो। नेपालमा पनि यो अभियानमा संलग्नहरूले फ्री एन्ड ओपन सोर्स सफ्टवेयर अर्थात् फोसका बारेमा जानकारी दिन फोस नेपालको गठन गरेका छन्।

नेपालमा अधिकांश चोरीका सफ्टवेयर प्रयोग भैरहेका छन्। ओपन सोर्सका माध्यमबाट मात्र इन्टरनेट र सफ्टवेयर डेभलपका अधिकांश काम हुने भए पनि अधिकांश मानिसलाई यसका बारेमा जानकारी छैन। अनधिकृत रूपमा प्रयोगमा ल्याइएका सफ्टवेयर प्रयोगका दृष्टिकोणले उपयुक्त छैनन् भन्ने जानकारी सबैमा हुनु आवश्यक भैसकेको छ, त्यसैले यो दिवस मनाइएको एक स्वयंसेवक शरद भुसाल बताउँछन्।

हाल सामान्य रूपमा हेर्दा माइक्रोसफ्ट अफिसका जति पनि सफ्टवेयर नेपालमा प्रयोग भैरहेका छन्, ती प्रायः अनधिकृत हुन सक्छन्। माइक्रोसफ्टका आधिकारिक सफ्टवेयर प्रयोग गर्नुपर्‍यो भने अति नै महँगो पर्न सक्छ। भविष्यमा कानुनद्वारा व्यवस्थित गरियो भने कम्प्युटरमा यस्ता आधिकारिक सफ्टवेयर राख्नुपर्‍यो भने अहिलेको तुलनामा निकै महँगो पर्न सक्छ। यो अवस्थामा एउटा साधारण व्यक्तिले कम्प्युटर किन्नु भनेको सपना पनि हुनसक्छ।

सफ्टवेयर प्रयोगका दृष्टिकोणले सजिलो भए पनि यो असुरक्षित हुन्छ। भोलि कुनै पनि बेला यस्ता सफ्टवेयरको प्रयोग बन्द गर्नुपर्ने अवस्था आउन सक्छ, तर ओपन सोर्सको माध्यमबाट प्रयोगमा आएका सफ्टवेयर प्रयोग गर्न सजिलो तथा भरपर्दो हुन्छ। केही समस्या आए पनि विश्वव्यापी रूपमा यसका प्रयोगकर्ताहरूसँग आवश्यक परामर्श गरेर जानकारी हासिल गर्न सकिन्छ। यस्ता सफ्टवेयरलाई प्रयोगकर्ताले कुनै पनि कार्यमा प्रयोग गर्न, अध्ययन गर्न, मोडिफाई गर्न तथा यसको प्रतिलिपिलाई अन्य व्यक्तिमा पुनर्वितरण गर्न सक्छ। एउटा किताब धेरैले पढ्न सकेजस्तै एउटै सफ्टवेयर धेरैले प्रयोग गर्न पाउनुपर्छ भन्ने यसको मान्यता हो।

ओपन सोर्सबाट विश्वका सबै नागरिकले निःशुल्क रूपमा सफ्टवेयर प्रयोग गर्न पाउनुपर्छ भन्ने अभियानका थालनीकर्ता रिचर्ड स्टलमेन्ट हुन्। उनले सन् १९८४ मा जेएनयु प्रोजेक्टमार्फत काम थालेका थिए। यसलाई गति दिने काम फिनल्यान्डका लिनक्स टोरभाल्डसले गरे। उनले जेएनयुसँग मिलेर सन् १९९८ मा लिनक्स अपरेटिङ सिस्टम विकास गरेपछि निःशुल्क रूपमा कम्प्युटर चलाउनेहरूका लागि लिनक्स राम्रो विकल्प बन्यो।

यसका बारेमा विश्वव्यापी रूपमा जानकारी प्रदान गर्न सफ्टवेयर फ्रिडम इन्टरनेसनल पनि गठन गरिएको छ। यही संस्थाको सफ्टवेयर फ्रिडम डेको आधिकारिक आयोजक मानिन्छ। यसले यो दिन विश्वव्यापी रूपमा विभिन्न कार्यक्रमको आयोजना गर्छ। यसको गठन सन् २००४ मा भएको थियो। त्यही वर्षको अगस्त २८ मा विश्वमै पहिलो पटक यो दिवस मनाइएको थियो। त्यसपछि सन् २००६ मा सेप्टेम्बर १० का दिन यो दिवस मनाइयो। त्यसपछि सेप्टेम्बर महिनाको तेस्रो शनिबार यो दिवस मनाउने निर्णय गरियो।

# मोबाइलबाट नेपालभरि एउटै शुल्क



नेपाल टेलिकमले असोज १ गतेदेखि कम्पनीको जीएसएम तथा सीडीएमए प्रविधिका मोबाइल फोनबाट अर्को मोबाइलमा कल गर्दा हुने महसुलमा परिमार्जन गरेको छ। नयाँ व्यवस्थाअनुसार यी मोबाइलबाट नेपालभरि जुनसुकै स्थानमा रहेका मोबाइलमा फोन गर्दा स्थानीय कल बराबरको मात्र चार्ज लाग्छ। टेलिकमका मोबाइलबाट अर्को टेलिफोन वा मोबाइलमा फोन गर्दा दुई प्रकारको महसुलको व्यवस्था गरिएको छ। अहिले टेलिकमको जीएसएम प्रविधिको पोस्टपेड मोबाइलबाट फोन गर्दा स्थानीय कल ३ रुपैयाँ, प्रिपेड मोबाइलबाट फोन गर्दा ३ रुपैयाँ ५० पैसा वा सीडीएमए प्रविधिको मोबाइल अर्थात् स्काइ फोनबाट कल गर्दा ३ रुपैयाँ छ।

एउटा अञ्चलमा रहेको मोबाइलबाट अर्को अञ्चलमा रहेको मोबाइलमा फोन गर्दा यो स्थानीय कलबाहेकको थप चार्ज पनि तिर्नुपर्थ्यो। यो थप चार्जलाई डिस्ट्यान्स चार्ज भनिन्छ। असोज १ गतेभन्दा अघि डिस्ट्यान्स चार्ज २ रुपैयाँ थियो भने त्यसपछि यो शुल्क घटाएर १ रुपैयाँ मात्र बनाइएको छ। मोबाइलमा एउटा अञ्चलभरि गरिने कललाई स्थानीय कल मानिन्छ। अन्य अञ्चलमा फोन गर्दा त्यसमा थप डिस्ट्यान्स चार्ज पनि तिर्नुपर्थ्यो।

यसरी स्थानीय तथा डिस्ट्यान्स चार्ज दुवै तिर्नुपर्थ्यो। जस्तै काठमाडौंको कुनै पनि मोबाइलबाट बाग्मती अंचलभरि फोन गर्दा स्थानीय कल मात्र लाग्थ्यो तर त्यसबाट विराटनगर अथवा वीरगञ्जजस्ता बाग्मती अञ्चलबाहिर फोन गर्दा स्थानीय र डिस्ट्यान्स चार्ज दुवै तिर्नुपर्थ्यो। यसो हुँदा पोस्टपेड र सीडीएमए मोबाइलबाट ३ रुपैयाँमा १ रुपैयाँ थप तथा प्रिपेडमा ३ रुपैयाँ ५० पैसामा १ रुपैयाँ थप शुल्क तिर्नुपर्थ्यो तर नयाँ व्यवस्थाअनुसार त्यसरी फोन गर्दा थप १ रुपैयाँ शुल्क तिर्नुपर्दैन। अब मोबाइलबाट नेपालभरिका जुनसुकै अञ्चलमा फोन गर्दा पनि लोकल कलको चार्ज मात्र तिरे पुग्छ। यो व्यवस्था हाललाई मोबाइलमा मात्र उपलब्ध छ।

मोबाइलबाट अर्को अञ्चलका साधारण फोनमा कल गर्दा डिस्ट्यान्स चार्ज बापत्को थप १ रुपैयाँ शुल्क तिर्नुपर्छ। यसलाई रोमिङ चार्ज भनिन्छ।

**के हो रोमिङ ?**

एक अञ्चलमा रजिस्टर्ड गरिएको मोबाइल अर्को अञ्चलमा पुगेको छ भने त्यसलाई रोमिङ अवस्था भनिन्छ। जस्तै काठमाडौंको मोबाइल बुटवलमा चलिरहेको छ भने यो रोमिङ अवस्था हो। यसमा पनि नयाँ व्यवस्था लागू भएको छ। उक्त मोबाइलमा काठमाडौंको कुनै मोबाइलबाट फोन आएर उठाउँदा अब डिस्ट्यान्स चार्ज बापत्को थप १ रुपैयाँ शुल्क तिर्नुपर्दैन। निःशुल्क मोबाइल उठाउन सकिन्छ। यसरी एक ठाउँमा लिएको मोबाइल नेपालभरि कुनै पनि स्थानमा सहज रूपमा चलाउन सकिने भएको छ। तर साधारण टेलिफोनबाट आएको फोन उठाउँदा भने डिस्ट्यान्स चार्ज बापत्को थप १ रुपैयाँ शुल्क तिर्नुपर्छ।

**के छ त नयाँ व्यवस्था ?**

टेलिकमले ३ किसिमका मोबाइल प्रचलनमा ल्याएको छ। जीएसएम पोस्टपेड तथा प्रिपेड र सीडीएमए प्रिपेड। जीएसएम अर्थात् ग्लोबल सिस्टम अफ मोबाइल एउटा प्रविधि हो। यो प्रविधिका पोस्टपेड नम्बर ९८५१० र ९८५११ बाट सुरु गरिएका छन् भने प्रिपेड ९८४१ बाट सुरु गरिएका छन्। सीडीएमएको पूरा अर्थ कोड डिभिजन मल्टिपल एक्सेस हो। यो पनि अर्को प्रविधिको मोबाइल हो। यो सेवा ९७४१ नम्बरबाट प्रारम्भ भएको छ। शुल्कका लागि टेलिकमले बिहान ८ देखि साँझ ८ बजे सम्मलाई पिक आवर र साँझ ८ देखि बिहान ८ बजेसम्मलाई अफ पिक आवर मानेको छ।

जीएसएम पोस्टपेड मोबाइलबाट शनिबारबाहेक उही तथा अर्को अञ्चलमा रहेका समेत जीएसएम अथवा सीडएमए मोबाइलमा कल गर्दा पिक आवरमा प्रतिमिनेट ३ रुपैयाँ तथा अफ पिक आवरमा १ रुपैया ५० पैसा महसुल लाग्छ। यो अवस्थामा प्रिपेड मोबाइलबाट क्रमशः ३ रुपैयाँ ५० पैसा तथा २ रुपैयाँ ५० पैसा लाग्छ। जीएसएम पोस्टपेड मोबाइलबाट शनिबार चौबीसै घन्टा जीएसएम अथवा सीडएमए मोबाइलमा कल गर्दा प्रतिमिनेट १ रुपैयाँ ५० पैसा तथा प्रिपेडबाट २ रुपैयाँ ५० पैसा महसुल लाग्छ।

सीडीएमए प्रिपेड मोबाइलबाट जीएसएम अथवा सीडीएमए मोबाइलमा कल गर्दा पिक आवरमा प्रतिमिनेट ३ रुपैयाँ तथा अफ पिक आवरमा २ रुपैयाँ महसुल लाग्छ। तर अर्को अञ्चलमा रहेका टेलिकमका ल्यान्डलाइन तथा युटिएलजस्ता अन्य सेवा प्रदायकका नेटवर्कमा कल गर्दा भने माथि उल्लिखित शुल्कमा डिस्ट्यान्स चार्जबापत थप १ रुपैयाँ शुल्क लाग्छ।

**अर्को नयाँ व्यवस्था**

असोज १ गतेदेखि नै टेलिकमले जुनसुकै फोन अथवा मोबाइलबाट प्रिपेड कलिङ कार्ड प्रयोग गरी अमेरिका र क्यानाडा फोन गर्न सकिने व्यवस्थामा नयाँ महसुल निर्धारण गरेको छ। एक्सेस कोड १४२४ प्रयोग गरी यो सुविधा उपभोग गर्न सकिन्छ। यो अवस्थामा प्रतिमिनेट ८ रुपैयाँ मात्र महसुल निर्धारण गरिएको छ। यी शुल्कमा २५ प्रतिशत कर थप गर्नुपर्छ।

हाल टेलिकमको जीएसएम मोबाइल सेवाको कभरेज ४३ जिल्लामा तथा सीडीएमए मोबाइल सेवाको विस्तार ७० जिल्लामा भैसकेको छ। २०६४ श्रावण महिनाको अन्त्य सम्ममा जीएसएम मोबाइल सेवातर्फ ९ लाख ७२ हजार ५ सय ८८ तथा सीडीएमए मोबाइल सेवातर्फ ७८ हजार ८ सय ५६ ग्राहक बनिसकेका छन्।

**–एकराज सुवेदी**

विज्ञान

## दमका रोगी महिला

दमका रोगी महिलाको स्वास्थ्यमा सहयोग पुर्‍याउने उद्देश्यले केही नयाँ अध्ययन भएका छन्। अमेरिकामा भएको पछिल्लो अध्ययनअनुसार दमका रोगी महिलाले प्रसस्त गोलभेंडा, गाजर तथा हरियो सागपातको सेवन गर्नुपर्छ। यसअघिका अध्ययनले पुरुषको तुलनामा महिलामा दमको समस्या बढी हुने गरेको देखा परेको थियो। महिनावारीको अवधिमा महिलाहरूको ग्रन्थिमा पनि व्यापक परिवर्तन आउने हुनाले दमको समस्या बढ्ने यसअघिका अध्ययनहरूले देखाएका थिए। ग्रन्थीको गडबडी कम गर्न सागपातले सहयोग पुर्‍याउने अध्ययनले देखाएको छ। अमेरिकाको न्यू मेक्सिकोस्थित नेसनल इन्स्टिच्युट अफ पब्लिक हेल्थले गरेको उक्त अध्ययनमा ६९ हजार महिला सहभागी थिए। अध्ययनका क्रममा बढी सागपात खाने महिलामा दमको समस्या सागपात कम खाने महिलाहरूको तुलनामा कम रहेको पाइएको थियो।

## कम सुत्ने मानिस नपुंसक बन्ने डर

अमेरिकाको पेन्सिल्भेनिया विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले कम सुत्ने मानिस हृदयसम्बन्धी रोगबाट प्रताडित बन्ने निष्कर्ष निकालेका छन्। अनुसन्धानकर्ताहरूले ३९ जना स्वयंसेवकलाई चार घण्टा मात्र सुत्न लगाई गरिएको परीक्षणका क्रममा उक्त निष्कर्षमा पुगेका छन्। त्यसरी चार घण्टा मात्र सुत्ने स्वयंसेवकहरूमा हृदयको धड्कन अस्वाभाविक रूपमा बढ्नुका साथै उच्च रक्तचाप र नपुंसकताको सम्भावनासमेत देखिएको थियो। यसअघि गरिएको एक अनुसन्धानमा कुबेलामा सुत्नेहरूमा हृदयरोग लाग्ने सम्भावना बढी हुने कुरा पत्ता लागेको थियो।

# साप्ताहिक इन्फो



## दीपककी नायिका

निर्देशक दीपक श्रेष्ठका पछिल्ला सबै चलचित्रमा यमुना उप्रेतीले प्रमुख नायिकाको भूमिका निर्वाह गरेकी छिन्। सायद यही कारणले होला चलचित्र क्षेत्रमा यमुनालाई दीपककी हिरोइन भन्न थालिएको छ। यमुना दीपककी हिरोइन हुन् कि होइनन् त्यो अलग कुरा हो तर यमुना दीपक क्याम्पकी हिरोइनचाहिँ पक्कै हुन्।

दीपक श्रेष्ठले भर्खरै दुई चलचित्रको सुटिङ सके। उनले सुटिङ सकेका दुई चलचित्र हुन्- पर्खी बसे र त्रिशूल। यी दुवै चलचित्रमा यमुना उप्रेती प्रमुख भूमिकामा छिन्। त्यसैगरी दीपकले सुटिङ सुरु गरेको चलचित्र 'हिम्मत टु' मा यमुनाको दोहोरो भूमिका छ। यमुना दीपकका पछिल्ला तीन चलचित्रमध्ये तीनवटैमा नायिका बने पनि तीमध्ये एउटै पनि चलचित्र दर्शकमाझ आइसकेको छैन।

दर्शकले जाँचन बाँकी कलाकारलाई एकपछि अर्को चलचित्रको महत्त्वपूर्ण भूमिकामा उभ्याउनु कति जायज छ ? त्यो त दीपकले नै जानुन् तर चलचित्र प्रदर्शनमा आएपछि यमुनाको काम देखेर दर्शकले नाक खुम्चाए भनेचाहिँ साँच्चै नै उनी दीपककी मात्र नायिका रहनेछिन्। चलचित्र चले भने उनको दक्षता दीपकले बुझेका रहेछन् भन्ने थाहा हुन्छ। त्यसैले व्यवसायमा आपसी मित्रतालाई मिसाउनुअघि दीपकले राम्रै होमवर्क गरेका होलान्। यमुना दीपककी मात्र नायिका बन्नुको कारण रहर हो कि बाध्यता ? त्यो पनि आउँदा दिनले बताउँदै जानेछ, तर यिनै कारणले यमुनामाथि सफल नै हुनुपर्ने चुनौती थपिएको छ।

## मायाज बारको महिमा

अहिले चलचित्र निर्देशनमा सक्रिय दिनेश डिसीले निर्माता सुनील मानन्धरसँग दोस्ती बढाएबापत चलचित्र 'मायाज बार' को निर्देशनको जिम्मेवारी पाएका थिए। मायाज बारको काम थाल्नुअघि उनले 'यो चलचित्रमा नयाँ युवती लिइने भएकाले तपाईंको नजरमा नायिका हुन लायक कोही युवती छन् भने कृपया खबर गर्नुहोला' भन्ने आफ्ना मित्रहरूलाई एसएमएस ठेले। यसरी सयौं एसएमएस ठेले पनि अन्ततः उक्त चलचित्रमा स्थापित नायिका रेखा थापा अनुबन्धित भइन्। रेखा थापालाई नै लिने भए नयाँ नायिका लिने भनेर किन प्रचार गरिएको हो ? त्यो त उनी नै जानून् तर जे भए पनि रेखा थापा जत्तिकी ग्लामर्स नायिका डिसीजीको युनिटले भेट्टाएन जस्तो छ। अब मायाज बारमा रेखा कत्ति मादक देखिने हुन् वा दिनेशले उनका कपडा कति खोलाउने हुन् ? चलचित्र बनेपछि मात्र थाहा हुनसक्छ। रेखाको यो अनुबन्ध उनको हातमा चलचित्र छैन भन्नेहरूका लागि पनि राम्रो जवाफ भएको छ भने डीसीकै कथित गर्लफ्रेन्ड पूजा लामा भने मायाज बारको स्टार कास्ट देखेर तीनचित्त परेकी छिन्।



## सबैमा झरना र रमित



निर्देशक रामजी लामिछाने तीन चलचित्रका निर्देशन हुन्। उनले निर्देशन गरेका चलचित्र हुन्- शिकार, घातक एवं राज्य। यी कुनै पनि चलचित्र प्रदर्शनमा भने आएका छैनन्। यद्यपि एउटा संयोग छ रामजीका चलचित्रमा– उनका तीनवटै चलचित्रमा नायिका झरना थापा एवं नायक रमित ढुंगानाको जोडी छ।

निर्माता प्रभुशमशेरले पत्याएका रामजीले चलचित्रमा कस्तो काम गरेका छन्- त्यो अनुमान मात्र लगाउन सकिन्छ। एउटा आरोप भने लागेको छ रामजीलाई- उनी झरना र रमितभन्दा अरू स्टार नायक-नायिकालाई काम लगाउन जान्दैनन्, सक्दैनन् वा आँट गर्दैनन् ? शोभित बस्नेतको सहायकका रूपमा काम गर्दै आएका रामजी खासगरी चलचित्र घातकप्रति निकै आशावादी छन्। विषय तथा प्रस्तुतिको दृष्टिले राज्य पनि उत्कृष्ट रहेको रामजीको ठोकुवा छ। जे होस् रामजीका जुनसुकै चलचित्र हेरे पनि आखिर नायक-नायिकाचाहिँ उनै झरना थापा र रमित ढुंगाना छन्। 'मेरा चलचित्रमा झरना र रमितलाई आम चलचित्रमा भन्दा फरक हिसाबमा देख्न पाउनुहुनेछ'- रामजी ठोकुवा गर्छन्।



## एक्ज्याक्ट्ली मोटी

मोडलिङबाट सानो पर्दा र सानो पर्दाबाट ठूलो पर्दामा नायिका भएकी निशा अधिकारी मोटाउँदै छिन्। कान्तिपुर परिसरमा टेलिचलचित्र 'घरभेटी बा' को छायाङ्कनका लागि मेकअप गरेर तयार भै देखापरेकी निशासँग प्रश्न गरियो– 'किन आजभोलि मोटाउँदै हुनुहुन्छ नि ?' उनको जवाफ थियो– 'एक्ज्याक्टेली, बोसो लागेर हो कि ?' हाम्रो चासो थियो– 'किन मोटाएको त ?' उनले आफ्नो 'ब्राइटर मुस्कान' छर्दै भनिन्– 'किन होला...ख्वै थाहा भएन।' हामीले अनुमान लगायौं– 'आत्मसन्तुष्टिले पो हो कि ?' उनले झट्ट जवाफ दिइन्– 'एक्ज्याक्टेली, सबैतिरबाट सन्तुष्ट छु। साप्ताहिकमा मेरो चर्चा बढ्न थालेको छ। काम पनि पाइरहेकै छु। हो, स्योर आत्मसन्तुष्टिले नै हो।' उनी अचेल बातैपिच्छे 'एक्ज्याक्टेली' शब्द प्रयोग गरिरहन्छिन्, त्यो पनि कुरा गर्नेतर्फ औंला ठड्याउँदै। 'एक्ज्याक्टेली' थेगो त भएको होइन ? उनले भनिन्– 'एक्ज्याक्टेली, हो।'

## चलचित्र

### बारुद



नायक तथा निर्माता जयकिशन बस्नेत आफैंले लेखेको चलचित्रमा आफैं नायक बनेका छन् । यो चलचित्रमा उनकै लगानी छ र चलचित्रलाई निर्देशन गरेका छन् उनकै आफ्नै सहोदर दाइ सोभित बस्नेतले । यद्यपि चलचित्रमा द्वन्द्वका दृश्यहरू धेरै भएकाले यसलाई निर्देशक बस्नेतले भन्दा पनि द्वन्द्व निर्देशक राजेन्द्र खड्गीले निर्देशन गरेको जस्तो लाग्छ । चलचित्रमा द्वन्द्व निर्देशक खड्गी पनि नायक छन् । गत साता सार्वजनिक भएको चलचित्र 'बारुद'मा पाँच जना नायक छन् । गाउँबाट सहर आएका एक युवक केही आपराधिक तत्त्वको फन्दामा पर्छन् । कालाबजारीका डन मानिएका ती तत्त्वले आफूलाई दिएका दुःखको बदला लिन युवकले विभिन्न सामाजिक अन्यायका कारणले पागल भएका चार जना युवालाई आफ्नो साथी बनाउँछन् र उनीहरूको सहयोगमा अपराधीहरूसँग बदला लिन्छन् । न्याय नपाए विद्रोह गर्नु भन्ने सन्देश बोकेको यो चलचित्रमा झरना थापा र रेजिना उप्रेती दुई नायिका छन् ।

### गो



बलिउड चलचित्र उद्योगमा निर्माता रामगोपाल बर्मा थोकको भाउमा चलचित्र उत्पादनका लागि परिचित छन् । पछिल्लो एक महिनामा आग र डार्लिङ सार्वजनिक गरिसकेका बर्माले यो साता अर्को चलचित्र 'गो' सार्वजनिक गर्दैछन् । प्रदर्शन हुनुअगावै निकै चर्चामा रहेका यसअघिका दुईवटै चलचित्र व्यवसायिक रूपमा असफल भए पनि वर्माको यो चलचित्रले उनलाई केही राहत दिने विश्वास लिइएको छ । मनीष श्रीवास्तवले निर्देशन गरेको यो चलचित्रमा निर्माता वर्माले निशा कोठारीलाई निरन्तरता दिएका छन् । चलचित्र गोमा नायक गौतम गुप्ता जस्तोसुकै परिस्थितिमा पनि जुध्न सक्ने आँटिला युवकका रूपमा देखा पर्छन् । निशा उनकै छिमेकी हुन्छिन् । उनीहरू दुवैबीच प्रेमसम्बन्ध विकसित हुन्छ, तर त्यसैबेला राज्यका मुख्यमन्त्रीको आदेशमा एक मन्त्रीको हत्या हुन्छ, जुन घटनाले उनीहरूलाई पनि प्रभावित तुल्याउँछ । आफूमाथि उक्त हत्याको आरोप लगाइएपछि त्यसबाट बच्न उनीहरूले गरेको प्रयासलाई चलचित्रमा रोमाञ्चक ढंगले प्रस्तुत गरिएको छ । चलचित्रमा राजपाल यादव, के-के मेनन, रवि काले आदिले पनि अभिनय गरेका छन् ।

### फिस्ट अफ लभ




हलिउड चलचित्र उद्योगमा आज चलचित्र 'फिस्ट अफ लभ' सार्वजनिक हुँदैछ । रोमाञ्चक लभ स्टोरीमा आधारित यो चलचित्रको कथा वास्तविक घटनामा आधारित छ । चलचित्रमा ओरेगन सहरमा रहेको कफी सपको प्रसङ्ग मुख्य विषय बनेको छ । कफी सप प्रेम गर्नेहरूका लागि एउटा सुगम स्थान हो, जहाँ विभिन्न शैलीका प्रेम-प्रसङ्गहरू प्रारम्भका साथै अन्त्य पनि हुन्छन् । चलचित्रमा स्थानीय प्राध्यापक ह्यारी स्टेभसन यी सबै घटनाका प्रत्यक्षदर्शी हुन्छन् । प्रेमलाई घृणाको दृष्टिकोणले हेर्ने प्राध्यापकले पनि अन्ततः प्रेमको सत्यलाई बुझ्छन् । मोर्गान फ्रिम्यान, ग्रेग किनियर, राधा मिसेल, जेन अलेक्जेन्डर, एलेक्सा डाभालोस आदिले मुख्य भूमिकामा अभिनय गरेको यो चलचित्रलाई रबर्ट बेन्टोनले निर्देशन गरेका हुन् ।

## रंगमञ्च

• मंगलबार अन्तर्राष्ट्रिय फौजदारी अदालत अनुमोदनसम्बन्धी विषयमा शान्तिका लागि साझा अभियान (कोक्याप) नामक संस्थाले गाईघाटको प्रमुख चौकमा सडक नाटक प्रदर्शन गऱ्यो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सर्वसाधारणलाई सडकनाटकमार्फत जनचेतना फैलाउँदै हिँडेको उक्त संस्थाले बन्द हड्ताल, चक्काजाम, बाढी-पहिरो, बालबालिकाहरूको अवस्थाजस्ता विषय नाटकमा समानेश गरेको थियो ।

• संविधानसभा निर्वाचनसम्बन्धी जनसचेतना फैलाउने उद्देश्यले कारितास नेपालको आयोजनामा पश्चिम नेपालका तीन स्थानमा सडकनाटक प्रशिक्षक-प्रशिक्षण तालिम सम्पन्न भएको छ । एक स्थानमा १० दिनसम्म चलेको उक्त प्रशिक्षक-प्रशिक्षण तालिम नेपालगन्ज, सुर्खेत तथा दाङमा सञ्चालन गरिएको थियो । नाट्यकर्मी शिशिर सुवेदी, शिरोमणि दवाडी र सोनु जयन्तीले प्रशिक्षण दिएको उक्त तालिममा १० जिल्लाका ८० जना सहभागी थिए । प्रशिक्षक-प्रशिक्षण तालिम सम्पन्न भएपछि हरेक स्थानमा प्रशिक्षार्थीहरूले सडक नाटक परिवर्तन मञ्चन गरेका थिए । उक्त नाटक शिशिर सुवेदीले लेखेका हुन् ।

• अस्तित्व नाट्य समूह तथा मानवअधिकार पत्रकार संघको संयुक्त आयोजनामा गत साता नाटक 'इदमित्थम' प्रदर्शन भयो । जनआन्दोलनमा नेपाली जनताको सहभागिता र संविधानसभा निर्वाचनमा उनीहरूको भूमिकालाई समेटेको यो नाटकको निर्देशन तथा एकल अभिनय सुभाष थापाले गरेका थिए । एक घण्टा लामो उक्त नाटक हेर्न प्राज्ञक्षेत्रका व्यक्तित्वहरूसमेत उपस्थित थिए ।

• सम्झौता नेपाल बाराको आयोजनामा मधेसमा बढ्दै गएको द्वन्द्व र यसको समाधान विषयमा नाटक मञ्चन प्रारम्भ भएको छ । निर्वाचन आयोगले निर्वाचनका लागि अतिसंवेदनशील जिल्लाको सूचीमा राखेको बाराका स्थानीय युवाहरूले उक्त नाटक बारा जिल्लाका ४८ गाविस तथा कलैया नगरपालिकामा मञ्चन गर्ने संस्थाका अध्यक्ष प्रमोद ठाकुरले बताएका छन् । नाटक प्रदर्शनका निम्ति अन्तर्राष्ट्रिय गैरसरकारी संस्था यूएसआईडीले सहयोग गरेको छ ।

# प्रशान्तको जितमा जगमगायो दार्जीलिङ



**शिव मुखिया**

दार्जीलिङ– आइतबार राती अधैर्यका साथ नतिजा पर्खिरहेका प्रशान्तका शुभचिन्तकहरू नतिजा आउनासाथ जितको नारा लगाउँदै सडकमा उत्रिएका थिए । नेपालका विभिन्न जिल्लाबाट दार्जीलिङमा जम्मा भएका प्रशान्तप्रेमीहरू सहितको विशाल जनसागर आपसमा बधाई साटासाट गर्दै जितको खुसी मनाउँदा सम्पूर्ण दार्जीलिङ सहर नै जगमगाएको थियो । दार्जीलिङनिवासी २४ वर्षीय प्रशान्तले इन्डियन आइडल-३ को उपाधि जितेपछि खुसीयाली मनाउन चौरस्तामा विभिन्न बाजागाजासहित ठूलो भीड लागेको थियो ।

तेस्रो संस्करणअन्तर्गत भैरहेको इन्डियन आइडलको उपाधि नेपाली मूलका प्रशान्तले जितेको खुसीयालीमा भोलिपल्ट सोमबार दार्जीलिङका सरकारी एवं निजी विद्यालय, संघ-संस्थाहरूमा सार्वजनिक बिदा दिइएको थियो । विद्यालय पुगेका विद्यार्थीहरू प्रशान्तको जितमा खुसीयाली मनाउँदै ऱ्यालीमा उत्रिएका थिए । त्यसैगरी प्रशान्तका शुभचिन्तकहरू पनि विशाल ऱ्यालीका साथ खुसीयाली मनाउन चौरस्तामा पुगेका थिए ।

सोनी टेलिभिजनको आयोजनामा सम्पन्न इन्डियन आइडलमा प्रशान्तलाई जिताउन आइतबार अपराह्न ६ बजेसम्म शुभचिन्तकहरू भोट गर्न व्यस्त देखिन्थे । विभिन्न ठाउँमा राखिएको निःशुल्क टेलिफोन बुथबाट प्रशान्तलाई भोट गर्न व्यवसायी, कर्मचारी, विद्यार्थीका साथै भरियाहरूसमेत झुम्मिरहेका थिए । प्रशान्तलाई भोट गर्न दार्जीलिङ सहरमा मात्र १ सय ५० भन्दा बढी टेलिफोन बुथ निःशुल्क गरिएको थियो । प्रशान्तको पक्षमा भोट गर्न भुटान, सिंगापुर, हङकङ, अमेरिकालगायत नेपालका काठमाडौं, धरान, झापा, इलाम आदि ठाउँबाट ठूलो रकम जम्मा भएको थियो । उक्त रकम लिएर एसएमएस गर्न आएका नेपालीहरूको भीड दार्जीलिङमा जमेको थियो । स्थानीय प्रशासनले नेपाली नम्बर प्लेटको गाडीलाई समेत प्रवेश दिएकाले नेपालबाट मोटरसाइकल र गाडीमा हूलका हूल मानिस आएका थिए । दार्जीलिङमा नेपालबाट प्रशान्तका लागि एसएमएस गर्न आउनेहरूका लागि स्थानीय पासाङ लामाले सातवटा होटलमा निःशुल्क खानाको व्यवस्था गरेका थिए ।

भोटका लागि तँछाड-मछाड गरिरहेका शुभचिन्तकहरू आइतबार अपराह्न ६ वजे भोट हाल्ने समय सकिएपछि प्रशान्तको पक्षमा विभिन्न नारा लगाउँदै सडकमा उत्रिएका थिए । नतिजा आउनुअघिदेखि नै प्रशान्तका शुभचिन्तकहरू 'वि वन्ट प्रशान्त, हाई हाई प्रशान्त, नेपालीको गौरव प्रशान्त, दार्जीलिङको सान प्रशान्त' भन्दै चौरस्तामा जम्मा भएका थिए । सोनी टेलिभिजनबाट इन्डियन आइडलको कार्यक्रम सुरु हुनुअघिदेखि नै विजयी जुलुसको तयारी गर्दै ठूलो जनसागर उर्लिएको थियो । नतिजा घोषणा हुनुअघि नै अपुष्ट रूपमा आएको प्रशान्तको जितको खबरले त्यो भीडको उत्साह अझ बढेको थियो । इन्डियन आइडलको कार्यक्रम हेर्नका लागि आइतबार साँझदेखि नै ठाउँ-ठाउँमा प्रोजेक्टरको माध्यमबाट ठूलो पर्दामा र टेलिभिजन स्क्रिनबाट कार्यक्रम हेर्ने व्यवस्था गरिएको थियो । यता शनिबारदेखि नै आधा







दर्जनभन्दा बढी टेलिभिजन च्यानल प्रत्यक्ष प्रसारणका लागि तैनाथ देखिन्थे । त्यसैगरी विभिन्न सञ्चारमाध्यमको पनि बाक्लो भीड थियो त्यहाँ ।

प्रशान्तको जितपछि बधाइ दिँदै सिक्किमका मुख्यमन्त्री पवन चाम्लिङले खुसी प्रकट गरेका छन् । अमेरिका भ्रमणमा रहेका चाम्लिङले प्रशान्तको यो जित सम्पूर्ण गोर्खा समुदायको एकताको जित रहेको बताउँदै यो एकता अक्षुण रहने कामना गरेका छन् । त्यस्तै सिक्किम केन्द्रीय विश्वविद्यालयका उप-कुलपति डा. महेन्द्र पी. लामाले आफ्नो जन्मथलोका प्रशान्त इन्डियन आइडल बनेकोमा खुसी प्रकट गर्दै नेपाली जातिको यो एकता सदैव कायम रहोस् भन्ने कामना गरेको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

### सांगीतिक रमझम

दार्जीलिङ– रिमझिम वर्षा र निरन्तर बहकिने सिरेटोले दार्जीलिङको मौसम चिसिँदै गए पनि प्रशान्तको जितमा उत्रिएको विशाल विजय जुलुसले यहाँको वातावरण तात्तिँदै गएको थियो । प्रशान्त इन्डियन आइडल भएको पहिलो दिन आइतबार विजय उत्सवमा सहभागी लाखौंको भीडमा रौनक थप्न चौरस्ताको मञ्चमा उपस्थित थियो– मन्त्र ब्यान्ड । कन्सर्ट टु सपोर्ट प्रशान्त नाम दिइएको उक्त सांगीतिक कार्यक्रममा मन्त्र ब्यान्डका कलाकारहरूले सांगीतिक खुराक प्रस्तुत गरेर प्रशान्तको विजय उत्सवलाई थप रंगीन बनाए ।

'होना है तुझे होना है, इन्डियन आइडल होना है' गीतबाट प्रारम्भ भएको उक्त कार्यक्रमको सांगीतिक तालसँग ताल मिलाउँदै उपस्थित लाखौं दर्शक नाच्नमा मस्त देखिन्थे ।

### हङकङमा उत्सुकता

प्रशान्त इन्डियन आइडलको फाइनलमा पुगेपछि उत्साहित बनेका हङकङवासी प्रशान्त इन्डियन आइडल घोषित भएपछि निकै प्रफुल्लित देखिए । हङकङको केबुल लाइनमा सोनी टेलिभिजन हेर्ने सुविधा भएकाले 'को इन्डियन आइडल बन्ला ?' भन्ने कौतूहलता मेट्न आइतबार राति अबेरसम्म धेरै नेपालीले आफ्नो समय, कोही नेपाल त कोही आफ्ना साथीभाइहरूलाई फोन गर्न खर्च गरे । हङकङको समय नेपालको समयको तुलनामा सवा दुई घण्टा छिटो छ, तर पनि इन्डियन आइडलको घोषणा सुनेपछि मात्र सुत्ने कार्यक्रम बनाएका कैयौं युवायुवती राति अबेरसम्म सुत्न पाएनन् । जोर्डननिवासी धरानका सन्तोष पाख्रीनलाई प्रशान्त इन्डियन आइडल बनेको पहिलो खबर राति तीन बजे उनकी बुहारीले धरानबाट फोन गरी दिएकी थिइन् । त्यसपछि उनले यो खुसीको खबर साथीभाइहरूलाई सुनाउन फोन गर्दागर्दै बिहान भएको पत्तै पाएनन् । यसैगरी इन्डियन आइडलको नतिजा सुनेपछि मात्र सुत्ने भनी बसेकी दार्जीलिङकी सुषमाले यो खबर राति दुई बजे दार्जीलिङबाटै पाएकी थिइन्, खबरसँगै उनका भाइले उनलाई पटाका पड्काएको र प्रशान्तको नाममा नारा लगाएको आवाज पनि फोनमै सुनाएका थिए । 'यो सब सुनेपछि मनमा बेग्लै किसिमको उत्साह आयो, मन गद्गद भयो र त्यसपछि म सुत्नै सकिनँ साथीभाइहरूलाई फोन गर्दागर्दै समय बित्यो ।' आइतबार बिहान चुङ्किङ मेन्सनमा भेटिएकी यी महिलाको अनुहारमा बेग्लै किसिमको चमक र उत्साह देखिन्थ्यो । आउने आइतबार छुट्टीको दिन सबै दार्जीलिङवासी भेला भै रमाइलो गर्ने कार्यक्रम बनिसकेको कुरा पनि उनले सुनाइन् । आइतबार राति नतिजा थाहा नपाउनेहरूमध्ये केहीले बिहानै साथीभाइहरूलाई फोन गरी त केहीले इन्टरनेटबाट नतिजा थाहा पाए ।

सोमबार बिहानैदेखि नेपालीहरू जम्मा हुने प्रायः सबै चोक, कफीसप, पत्रिका पसल, अफिस, कार्यस्थल सबै ठाउँमा प्रायः प्रशान्तका बारेमा गफ नगर्नेहरू भेट्न मुस्किल हुन्थ्यो । प्रशान्तले जितिसकेको खबर थाहा पाइसकेको भए पनि इन्डियन आइडल फाइनलको सिडी दिउँसो मात्र आउने हुँदा चाँडोभन्दा चाँडो कार्यक्रम हेर्ने उत्सुकता पनि त्यत्तिकै देखिन्थ्यो । चिम सा चोयका एक जना व्यापारी बिहानै भन्दै थिए– सिडी तयार भएकै छैन, मानिसहरू माग्न आइसके ।

प्रशान्त इन्डियन आइडल बनेकै खुसीयालीमा चुङ्किङ मेन्सनमा लामो समयदेखि सिडी व्यवसाय गरी बसेका दीपक गुरुङले आफ्ना ग्राहक तथा साथीभाइहरूलाई मिठाई बाँडी खुसीयाली साटासाट गरेका थिए । हाल हङकङमा कार्यरत प्रशान्तकी फुपू पनि निकै गद्गद देखिन्थिन् उनलाई आइतबार राति दाजुले फोन गरी प्रशान्त इन्डियन आइडल बनेको जानकारी दिएका थिए । फुपूको नाताले उनलाई प्रशान्तको नाममा थुप्रै बधाईका फोन आइरहेको पनि उनले बताइन् । यसै क्रममा २३ नोभेम्बरका दिन इन्डियन आइडलका उत्कृष्ट पाँच जनाले हङकङको क्विन एलिजावेथ स्टेडियममा कार्यक्रम प्रस्तुत गर्ने भएका छन् ।

**–निर्मल श्रेष्ठ, हङकङ**

थप समाचार पृष्ठ १७ मा

## लभ गुरु रेखा



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म एक २० वर्षीय युवक हुँ। म हाल स्वास्थ्य सहायक पहिलो वर्षमा अध्ययनरत छु। म कलेज जान थालेको तीन महिनाअघिदेखि नै उनलाई मन पराउँछु। म उनीसमक्ष प्रेम प्रस्ताव राख्न चाहन्छु, तर उनी संकुचित सोच भएकी नारी हुन्। उनले मेरो प्रस्ताव अस्वीकार गरिन् भने हाम्रो घनिष्ठ मित्रता पनि तोड्नेछिन्। म त एक-अर्काप्रति समर्पित भएर अध्ययनमा सहयोग गर्दै सम्बन्ध अघि बढाऔं र अध्ययनपछि आर्थिक रूपमा सबल भएर विवाह-बन्धनमा बाँधिऊँ भन्ने चाहन्छु। म उनीप्रति एकोहोरो तड्पिरहूँ वा उनलाई प्रस्ताव गरूँ ?**

**-पी.आर.**

अधिकांश प्रेमको सुरुवात मित्रताबाटै हुन्छ। तपाईंको पत्रबाट स्पष्ट भैसकेको छ कि तपाईंहरू एक-अर्काका घनिष्ठ मित्र भैसक्नुभएको छ, तर यो मित्रताको घनिष्ठता कहाँसम्मको हो ? पत्रमा स्पष्ट छैन। तपाईंहरू एक-अर्कासँग जिस्कने, घुम्न जाने, सँगै खानेपिउने, पढ्ने केसम्म गर्नुहुन्छ ? यदि घनिष्ठता त्यहाँसम्मको हो भने उनको मन जितेर आफ्नो मित्रतालाई प्रेममा बदल्न सक्नुहुन्छ। तर त्यसका लागि उनी अरू कसैसँग प्रेम गर्छिन् कि गर्दिनन् भन्ने पनि बुझ्नु आवश्यक हुन्छ। तपाईंका अनुसार उनी संकुचित विचारकी छिन्। तसर्थ पहिले तपाईं उनीजस्तै बन्नुहोस् र त्यसपछि उनलाई आफूजस्तो बनाउनुहोस्। उनीसँग कुरा गर्दा सुरुमा उनका हरेक संकुचित विचारलाई समर्थन गरेजस्तो गर्दै उनलाई अझै नजिकबाट बुझ्ने प्रयत्न गर्नुहोस्। त्यसपछि उनका सामु खुला संसार र स्वतन्त्रताका बारेमा वर्णन गर्न थाल्नुहोस्। जस्तो कि 'तिमीले भनेको सही हो, तर यसो पनि त हुनसक्छ..' जस्ता खुला विचार उनका सामुन्ने राख्नुहोस्, तर एउटा कुराको चाहिँ विचार पुऱ्याउनुहोला, यस क्रममा उनीसँग वादविवाद नगर्नुहोस्। उनका इच्छा, सौख आदिका बारेमा बुझेर त्यसमा सहयोग पनि गर्न सकिन्छ। यति गर्दै जानुहोस् र प्रतीक्षा गर्नुहोस्। अवश्य पनि त्यो दिन आउनेछ, जब तपाईंको प्रस्ताव उनले खुला हृदयले स्वीकार गर्नेछिन्।

## फिल्मी खबर

**विभिन्न** जातजातिका चलचित्र बन्ने क्रममा धिमाल जातिको संस्कृति झल्काउने एक चलचित्रको निर्माण सम्पन्न भएको छ। धिमाल जातिको भाषा, संस्कृति, वेशभूषा एवं परम्परा संरक्षण तथा प्रबर्धन गर्ने हेतुले तण्डुकार फिल्म प्रोडक्सनको ब्यानरमा निर्माण भएको चलचित्र 'चरिया' यही दसैंका अवसरमा सार्वजनिक गरिनेछ। चितवनको सौराहा र काठमाडौं उपत्यकाका विभिन्न स्थानमा छायाङ्कन गरिएको उक्त चलचित्रका प्रस्तुतकर्ता हरिकृष्ण तण्डुकार हुन् भने यसलाई श्याम तण्डुकारले निर्माण गरेका हुन्। राम बूढाथोकीको लेखन तथा निर्देशनमा बनेको उक्त चलचित्रमा राजन सिवाकोटीको संगीत सुन्न पाइन्छ। चरियामा रमेश फुयाँल, हरिकृष्ण तण्डुकार, सुशील पोखरेल, लक्ष्मण बस्नेत, शान्ति राना, राधिका राना, सिजन बस्नेत, अनु श्रेष्ठ आदि कलाकारले अभिनय गरेका छन्।

**आइकोर** मुभिजको ब्यानरमा निर्माण भैरहेको चलचित्र 'राज्य'को छायाङ्कनकार्य झन्डै तीन महिनाअघि बर्दिया र नेपालगन्जमा भैसकेपछि काठमाडौंमा गर्नुपर्ने छायाङ्कन भने कलाकारहरूको डेट्स समस्याले हुन सकिरहेको थिएन। निर्माणपक्षले जानकारी दिएअनुसार यही असोज महिनाभित्र कलाकारहरूको डेट्स मिलाएर चलचित्रको बाँकी छायाङ्कन सम्पन्न गरिनेछ। रामजी लामिछानेको निर्देशनमा उक्त चलचित्रमा रमित ढुंगाना, सुमन सिंह, झरना थापा, नविन श्रेष्ठ आदि कलाकारले अभिनय गरेका छन्। चलचित्रका निर्माता प्रभुशमशेर जबरा हुन्। उक्त ब्यानरबाट बनेको अर्को चलचित्र 'घातक' भने प्रदर्शनको सँघारमा छ।

**गोपीकृष्ण** मुभिजले घोषणा गरेको सातवटा चलचित्रमध्ये चलचित्र 'पर्खी बसें' प्रदर्शनका लागि तयार भएको छ। सिनेमास्कोप प्रविधिमा निर्माण गरिएको उक्त चलचित्रको निर्देशन दीपक श्रेष्ठले गरेका हुन्। निर्माता उज्ज्वल पौडेलका अनुसार उपयुक्त अवसर मिले केही समयभित्रै चलचित्रको प्रदर्शन आरम्भ गरिनेछ। चलचित्रमा नयाँ नायक/नायिका राजबल्लभ र यमुना उप्रेतीले अभिनय गरेका छन्। प्रेमकथामा आधारित उक्त चलचित्रको अधिकांश छायाङ्कन पोखरामा गरिएको थियो। यसैगरी सात चलचित्रमध्ये दोस्रो चलचित्र 'सुन्दर मेरो नाम'को पनि छायाङ्कन सकिएको छ। विजय थापाको निर्देशनमा हाल सम्पादन भैरहेको उक्त चलचित्रमा दीपकराज गिरीको केन्द्रीय भूमिकामा छ भने यसमा निखिल उप्रेती तथा दीपाश्री निरौलाले पनि अभिनय गरेका छन्। हाल उक्त मुभिजबाट रमेश बूढाथोकीको निर्देशनमा निर्माण भैरहेको तेस्रो चलचित्र 'जीवनमृत्यु'को छायाङ्कन अन्तिम चरणमा पुगेको छ भने निरक पौडेलले निर्देशन गर्ने भनिएको 'कुसुमे रुमाल'को सिक्वेलका लागि नयाँ नायक/नायिकाको खोजी भैरहेको छ। यद्यपि उक्त चलचित्रमा पुरानो 'कुसुमे



रुमाल'का कलाकार तृप्ति र नीर शाहले अभिनय गर्ने पक्का भैसकेको बताइन्छ।

**राजेश** हमाल अभिनीत 'बहादुर' तथा बलिउडका अभिनेता दीपक तिजोरी अभिनीत 'जीवनदान' जस्ता चलचित्रका निर्देशक अशोक श्रेष्ठ हाल एलसीडी प्रविधिमा निर्माण भैरहेको एक चलचित्रको निर्देशनमा व्यस्त छन्। चलचित्रको शीर्षक अंगेजीमा 'द सोल' राखिएको छ। हाल काठमाडौं उपत्यकामा छायाङ्कन भैरहेको यो चलचित्रमा दीपक त्रिपाठी, कमलकृष्ण, आशा पौडेल आदिले अभिनय गरिरहेका छन्।

## खाँदबारीमा मेलोडी नाइट



संखुवासभा– समुदायबाट सञ्चालन गरिएको बरुण इङ्लिस स्कुलका गरिब तथा विपन्न छात्रछात्रालाई छात्रवृत्ति उपलब्ध गराउन संखुवासभा सदरमुकाममा बरुण मेलोडी नाइट आयोजित गरियो। २ दिन प्रस्तुत गरिएको नाइटमा स्थानीयदेखि विराटनगरसम्मका कलाकारहरूले आ-आफ्नो कला प्रस्तुत गरे। जयन्द्र शाक्यले कुन देशकी हौ परी, वृद्ध श्रेष्ठले गुराँसको फेदमुनि, भुवन श्रेष्ठले मलाई माफ गरिदेऊ र मनोज गौतमले खाँदबारीको माथिल्लो बजारमा गीतबाट दर्शक-श्रोताहरूलाई नचाए। अर्का स्थानीय कलाकार दीपेश शाक्यले 'जमुना, जमुना' गीत प्रस्तुत गरेका थिए।

कार्यक्रममा रिमिक्स गीत र नृत्यले बढी अवसर पाए। श्रोताहरूको तालीसँगै 'वान्समोर' को हुटिङ पनि चलिरह्यो। आकांक्षा दाहाल, शर्मिला दाहाल, अनुपा, सीता श्रेष्ठ, सविना दाहाल, मनीषा पोखरेल, डेलिसा राई र दीपिका शाक्यको सामूहिक नृत्यले दर्शकहरूलाई निकै नचायो। हिन्दी रिमिक्स गीतमा विक्रम, विकास र धर्मेन्द्रले उत्कृष्ट नृत्य प्रस्तुत गरे। विराटनगरको द राइजिङ स्ट्रिङ्सबाट आएका कलाकारहरू आशीष, नवीन, दीपेश, लभी र एभिजले स्थानीय दर्शकहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गरे।

**–सुरेन्द्र सुवेदी**

## सानो बाबु सानो परी आज

राजधानीका साथै मोफसलमा बालबालिकासम्बन्धी प्रतिभा र सुन्दरता मापनका प्रतियोगितात्मक कार्यक्रमको आयोजनामा सक्रिय रहँदै



आएको 'जित हाम्रो' नामक संस्थाले आज साँझ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा 'सानो बाबु सानो परी नेपाल-२००७' शीर्षकमा प्रतिस्पर्धा आयोजित गर्दैछ। राजधानीका २१ जना र पोखराका ३ जना गरी २४ जना बालिका तथा १४ जना बालकबीच प्रतिस्पर्धा गराइने उक्त प्रतियोगिताका लागि सोफिया महर्जनले कोरियोग्राफी गरेकी छिन्। १२ वर्षमुनिका बालबालिकाको सहभागिता रहने यस पटकको सानो बाबु सानो परी यो शीर्षकको तेस्रो संस्करण हो। यसअघि दुई वर्षयता यो प्रतियोगिता राजधानी तथा मोफसलका विभिन्न स्थानमा सञ्चालन भैसकेको छ। आज हुने अन्तिम प्रतिस्पर्धाका लागि मुख्य आधार मानिएको ट्यालेन्ट राउन्ड गत शनिबार कमलादीस्थित राजघराना रेस्टुराँमा सम्पन्न भएको थियो, जसअन्तर्गत प्रतिस्पर्धीहरूले नृत्य, गायन, वक्तृत्वकला, कवितावाचन, मार्सल आर्ट प्रस्तुति एवं किबोर्ड बजाएर आ-आफ्नो प्रतिभा देखाएका थिए। आज हुने प्रतिस्पर्धामा सानो बाबु सानो परीको मुख्य उपाधिका अतिरिक्त अन्य विभिन्न शीर्षकमा पनि विजेताहरू छानिनेछन्।

## भोटेकोसी किनारमा

भोटेकोसीको किनारमा रहेको 'दि लास्ट रिसोर्ट'मा प्रायः बिदाको दिन पारेर पार्टी आयोजित गरिन्छ। काठमाडौंको कोलाहल र व्यस्त जीवनलाई एक रात भए पनि शान्त र रोमाञ्चित तुल्याउने भएकाले



शनिबारको दिन स्वदेशी तथा विदेशी पर्यटकहरू यहाँ आउन रुचाउँछन्। यही क्रममा गएको शनिबार मोक्ष र लास्ट रिसोर्टले यहाँ डान्स पार्टी आयोजित गरे। भोटेकोसीको सुसाइसँगै साँझ हुने क्रमसँगै पश्चिमा संगीतले सबैलाई तताउन थाल्यो। भोटेकोसीको चिसो सिरेटोले हान्न थाल्दा गर्दा स्वदेशी तथा विदेशी पाहुना संगीतको धुनमा कम्मर मर्काउन थालिसकेका थिए। सिमसिमे पानीको मज्जा लिँदै डान्स पार्टीमा कम्मर मर्काउनेहरूको संख्या थपिँदै थियो। नेपाली ब्यान्ड इनर ग्रुप र विदेशी ब्यान्ड प्याक्स अर्माडा र जेएल स्टाइलेसको संगीतमा १ सय ३० जना पाहुनाबीच असनको साँढेझैं लाग्ने रसियन रोमनले पनि आफूलाई उफार्न थाले। उनको तौल १ सय ३० किलोको हाराहारी हुनुपर्छ। डान्सपार्टीमा पोल्यान्डकी कास्तालाई पनि कम मज्जा आएको थिएन। उनी पहिलो पटक नेपाल आएकी हुन्। राजधानीबाट १ सय किलोमिटरको दूरीमा रहेको यो रिसोर्टमा डान्स गर्न मात्र होइन, साहसिक खेल खेल्न पनि पाइने भएकाले धेरैलाई यसले आकर्षित गरेको छ। एसियाकै साहसिक खेल 'बन्जीजपिम्ङ' स्विङ कायाकिङ, ऱ्याफ्टिङ क्यानोनिङजस्ता खेल यहाँ खेल्न पाइन्छ।

**–चक्र कार्की**

## टुहुरेले नचाए दर्शकलाई

बुटवल– 'अब म एउटा गीत गाउँछु, सबै जना नाचेर म बूढोलाई ऊर्जा दिनुपर्छ है' भन्दै ६४ वर्षीय चर्चित गायक जेबी टुहुरेले स्टेजबाट के उद्घोष गरेका थिए, चौरको यत्रतत्र छिरल्लिएका हजारौं दर्शक एकाएक मञ्चको अगाडि ओइरिए र साथ दिन थाले। यो दृश्यले मञ्चमा आसन जमाएर बसेका आठ दलका केन्द्रीय तथा स्थानीय नेताहरूले पनि मन थाम्न सकेनन् अनि कसैले ताली ठोक्न थाले भने भने कोही नाच्न थाले। मैदानमा बसेका दर्शकको त कुरै नगरौं, नेता र अधिकारकर्मीहरूको लामो भाषणबाट वाक्क भएका उनीहरूमा नयाँ उमंग नै छायो र छमछमी नाचे टहुरेको लोकतन्त्र र नेताहरूलाई खबरदारी गरेको गीत नटुङ्गिउन्जेलसम्म। यो दृश्य थियो बुटवलको सिद्धेश्वर मा.वि. प्राङ्गणमा आयोजित जनयात्रा समापन समारोहको। 'स्रोत, साधन र शक्तिमा जनअधिकार, लोकतान्त्रिक गणतन्त्र नयाँ नेपालको आधार' नाराका साथ डेढ दर्जन गैरसरकारी संस्थाको आयोजनामा भएको जनयात्रा सम्पन्न समारोहको मुख्य आकर्षण नै सांस्कृतिक कार्यक्रम रह्यो। कार्यक्रममा अर्का गायक महेश बूढाथोकी र दियालो सांस्कृतिक परिवारका कलाकारको संविधानसभा, गणतन्त्र र ग्रामीण परिवेशका दुःखपीडाका गीतले पनि दर्शकको मन जितेको थियो। कार्यक्रममा स्थानीय कलाकार माधव सापकोटाको भूमि अधिकारसम्बन्धी गीतले पनि प्रशंसा पाएको थियो।

## घर सिँगार्ने प्रदर्शनी

**साप्ताहिक समाचार**

काठमाडौं- प्रवेशद्वारबाट प्रवेश गर्नेबित्तिकै सिंगारिएका विभिन्न घडाले सबैलाई स्वागत गरिरहेका थिए। बायाँपट्टि वास्तुशास्त्री पं. वासुदेवकृष्ण शास्त्रीका सहयोगीहरू स्टलमा आउनेहरूलाई वास्तुशास्त्रका बारेमा



जानकारी दिइरहेका थिए भने बायाँपट्टि इन्टेरियर डिजाइनर्स क्लबका सदस्यहरू घर डिजाइनका विभिन्न उपाय बताउँदै थिए। ठीक अघिल्तिर कलाकार डेविड डगलस आफ्ना आकर्षक सिर्जनाहरूको प्रदर्शनीमा थिए। त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको चौथो तलामा रहेको डाइरेक्सन एक्जिबिसनको लामो हलमा झन्डै चार दर्जन स्टल लागेका थिए। सोलार हिटर, फलाम, काठ, बाँस, स्टिल आदिका फर्निचर, साजसज्जाका सामग्री र सल्लाहकारहरू, घर सुरक्षाका आधुनिक उपाय तथा साधन, पानी ट्याङ्की इत्यादिका स्टलहरूमा घर निर्माण गरिरहेका, निर्माण गर्न खोज्ने तथा पुनर्निर्माण गर्न चाहने जिज्ञासुहरूको चहलपहल निकै थियो। आयोजक डाइरेक्सन नेपालका दीपक थापा भन्दै थिए- 'दैनिक ३ देखि ५ हजार मानिसको आवतजावत भैरहेको छ।' गत असोज ३ गतेदेखि ६ गतेसम्म तीन दिन चलेको 'होम एन्ड डेकोर एक्स्पो-२००७' मा राखिएका स्टलमा नाम दर्ता गर्दा छुटको व्यवस्था पनि भएकाले नाम दर्ता गर्नेहरू पनि निकै देखिए। प्रदर्शनीको अन्तिम दिन साँझ आगन्तुकहरूको भीड बढेपछि आयोजक थापा भन्दै थिए- 'आजको प्रदर्शनीको समय एक घण्टा थपेका छौं।'

## हङकङमा कमेडी सो

सन् २००४ मा गठन भएको गैरआवासीय नेपाली संघ, हङकङले यसै साता यङ लुङ्ग थिएटरमा आफ्नो स्थापना कालपछिको पहिलो कार्यक्रम स्वरूप हिमालयन कमेडी सोको नाममा एक कार्यक्रम प्रस्तुत गऱ्यो जसमा नेपालका चर्चित हास्यकलाकारहरू किरण के.सी., शिवहरि पौड्याल, रवि डंगोल, केदारप्रसाद घिमिरे, सीताराम कट्टेल एवं चर्चित सांगीतिक समूह एक्स ब्यान्डको सहभागिता थियो। रातको करिब आठ बजे तीतो सत्यबाट चर्चा पाउन सफल रवि डंगोल 'बेइमान' को सञ्चालनमा व्याकुल माइलाको शब्द र अम्बर गुरुङको संगीतमा सजिएको राष्ट्रिय गीत 'सयौं थुङ्गा फूलका हामी...' बाट सुरु भएको कार्यक्रम करिब चार घण्टा चलेको थियो। कार्यक्रम अवधिभरी दर्शक पेट मिची-मिची हास्न बाध्य भएका थिए।



शिवहरी पौड्याल र खेम शर्माको प्रहसन 'मानव खप्पर' कार्यक्रमको पहिलो हांस्य प्रस्तुति थियो। यसअघि दुबई, सउदी अरब र कोरियामा प्रस्तुत भै प्रशस्त प्रशंसा बटुलिसकेको यो प्रहसनले हङकङका नेपालीहरूलाई पनि प्रशस्त मनोरञ्जन प्रदान गऱ्यो। पहिलो पटक कार्यक्रम प्रस्तुत गर्न हङकङ आइपुगेका माग्ने बूढा र धुर्मुसको नामले चर्चित केदारप्रसाद घिमिरे र सीताराम कट्टेलको समूहले नेपालको समसामयिक विषयलाई लिएर प्रस्तुत गरेको प्रहसनले पनि दर्शकको निकै ताली पायो। हङकङमा रहेका युवायुवतीहरूको प्रमुख रोजाइमा रहेको चर्चित सांगीतिक समूह एक्स ब्याण्डको प्रस्तुति भने कार्यक्रमको अन्तिममा थियो। विदेशी भूमिमा पहिलो पटक आफ्नो सांगीतिक प्रस्तुति लिएर आएको यो समूहमा सुरुदेखि नै निकै उत्साह र कौतूहलता देखिन्थ्यो। ब्यान्डले दर्शकको चाहनाअनुरूप आफ्ना नयाँ तथा पुराना गरी छवटा गीत प्रस्तुत गरेको थियो।

**–निर्मल श्रेष्ठ, हङकङ**

## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



असनमा किनमेल गरी घर फर्कन लागेको विकुराम रिक्सावालासँग : थापाथली जाने हो ?

रिक्सावाला : जाने त हो, तर १० रुपैयाँ लाग्छ ।

विकुराम : १० रुपैयाँ रे, २ रुपैयाँमा हुँदैन ?

रिक्सावाला : हुँदैन, कुनचाहिँ रिक्सावालाले लान्छ र २ रुपैयाँमा ?

विकुराम : तँ पछाडि बस्, म लान्छु २ रुपैयाँमा ।

०००

सार्वजनिक पार्कमा एक युगल जोडी गफ गर्दै थिए, एक्कासि युवकले युवतीको ओठमा म्वाइँ खाइदिएछ ।

युवक : के हो विवाहअघि नै ?

युवती : नआत्तिऊ प्रिय, म विवाहित नै हुँ ।

०००

एक जना श्रीमान् अपरेशन कोठामा पेटको अपरेसन गराउनुअघि आफ्नी श्रीमतीसँग : यदि मलाई अपरेशन गर्दा केही भैहाल्यो भने यो डाक्टरसँग तिमीले विवाह गर्नु है ।

श्रीमान्‌को कुरा सुनेर श्रीमती : हैन, यो के नचाहिने कुरा गर्नुभा'को तपाईंले ?

श्रीमान् : ल, हो त नि ! यो डाक्टरसँग बदला लिने योभन्दा उत्तम उपाय अरू के होला र ?

०००

विकुराम जितुचासँग कुरा गर्दै : ल भन, माइक्रोसफ्टको बिलगेट्स र ममा के कुरा समान छ ?

जितुचा : खोइ थाहा भएन त । के होला र विकुराम दाइ ?

विकुराम : बिलगेट मेरो घर कहिल्यै आउँदैन, अनि म पनि कहिल्यै उसको घर जान्नँ ।

०००

कक्षा तीनमा पढ्ने पारससँग शिक्षकले प्रश्न गरेछन् : ल भन, कान सुन्न नसक्नेलाई हामी के भन्छौं ?

पारस : जे भने पनि के फरक पर्छ र मिस, कान सुन्ने होइन क्यारे ।

०००

एउटा कुकुर कप्युटर बनाउने ठाउँमा काम खोज्न गएछ, तर त्यो कार्यालयको हाकिम कुकुरले काम माग्न आएको देखेर छक्क पर्दै भनेछ : हैन, तिमी कुकुर भएर पनि काम गर्न खोज्नु त ज्यादै अनौठो कुरा हो नि, मलाई विश्वास छ– तिमीले कुनै पनि सर्कसमा काम पाउनेछौ ।

हाकिमको कुरा सुनेर कुकुरले सानो स्वरमा भनेछ : अब आईटी पढेको कुकुरको सर्कसमा के काम गर्ने ?


०००

घरको भान्छामा काम गर्न भर्खर राखेको नोकरलाई अफिसबाट घर फर्किएपछि घरधनी साउनीले सोधिछन् : बिर्खे, तैंले आज बिहान मैले भनेझैं फ्रिज सफाचट पारेको छस् हैन ?

बिर्खे : पारें हजुर, सफाचट पारें । फ्रिजमा राखेका परिकारहरू त कस्तो मीठो ! मलाई सफाचट पार्न दिनभरि नै लाग्यो ।

## कविता

### तिमीलाई सम्झन्छु



रात-दिन सम्झनाले पोल्दा तिमीलाई सम्झन्छु
देखी तिमी सपनीमा बोल्दा तिमीलाई सम्झन्छु
साथ राख्छु तस्बिरसँग तिमी समीप नहुँदा
यादै यादमा बसेर टोलाउँदा तिमीलाई सम्झन्छु
गुन्छु मनमा कुरा तिमीलाई सम्झी पिरतीको
आफन्तले तिम्रो कुरा खोल्दा तिमीलाई सम्झन्छु
एकरथका दुई पाङ्ग्रा हामी सधैं-सधैं
पत्रमा यस्ता कुरा पढ्दा तिमीलाई सम्झन्छु
एक्लै थिए अन्यौलमा साथ पाए स्मृतिको
दुई मुटु मायामा घोल्दा तिमीलाई सम्झन्छु ।

–सुरेश गिरी

### यस्तै संस्कार मान

नेपालीको छोरो हौ संस्कार तिमी मान्ने गर
भ¬याङ चढ्ने जातको खुट्टा तिमी तान्ने गर
बत्तीस दाँत दस औंलाको व्यक्तित्व नै काफी
इमान्दारी छिट्टै मर्छ सत्य तिमी जान्ने गर
छोरीचेली पीपलु ती वरसित जीउने जात
ओहदामा बस्नेलाई वर तिमी छान्ने गर
छिट्टै मर्ने नैतिकतामा आशा बाल्न कठिन
आदर्शलाई विशाल बाधा तिमी मान्ने गर
अति आदर विचित्र वाद छाक टार्ने बाटो
जी हजुरमा अस्तित्वलाई तिमी धान्ने गर
ओहदामा पुगेपछि पिलन्धरे आँधी बन्छ
तँ भनी थर्काउँछ हजुर तिमी मान्ने गर
शब्दकोशमा सूर्य लुक्छ हरण हुँदा ज्योति
आफ्नै संहार खातिर मुक्का तिमी हान्ने गर ।

–विरल राई 'कुलुङ'

### त्रिफूल

सम्भोगदेखि, समाधिसम्म पुग्दा
ओशोको वर्तमान, भविष्यसँग
जोडिएको निष्कर्ष, जीवनको उत्सर्ग ।
---
दसैंको टीका, जमराको आसिक
निधारको अक्षता, प्रफुल्ल मन
चाडवाडको रङ्ग, बालबालिका दङ्ग ।
---
ऐना अगाडि, आफूले देख्ने अङ्ग
आफैलाई विचित्र, परिवर्तनको
झझल्को आकृतिमा, शरीर प्रकृतिमा ।

–विष्णुबहादुर सिंह

### टाढा जाँदैछु

जिन्दगीको यात्रा मोडी म टाढा जाँदैछु
तिमीलाई एक्लै छाडी म टाढा जाँदैछु
बिहानीको किरणसँगै फक्रने आशमा
प्रेमको फूलबारी गोडी म टाढा जाँदैछु
अमर प्रेम हाम्रो सयौं जुनीको निम्ति
रगतको नाता जोडी म टाढा जाँदैछु
निष्ठुरी समयले सँगै बस्न नदिनाले
कोमल त्यो मन तोडी म टाढा जाँदैछु
आँखाभरि सजाई लजालु मुहार अनि
मुस्कानको झल्को ओडी म टाढा जाँदैछु
स्वार्थी यो दुनियाँमा निःस्वार्थ बाँच्न
आज आफ्नै मुटु फोरी म टाढा जाँदैछु ।

–प्रज्वल लामिछाने

### मेरो जीवन

जँड्याहाले चाहेर पनि छोड्न नसक्ने नशा भो जीवन
कदम-कदममा ठेस लाग्ने साढेसातको दशा भो जीवन
धेरै खुला हुनु पनि घाटै हुने रहेछ यो जिन्दगीमा
पूर्ण गर्न एकदमै कठिन, अपूरो आशा भो जीवन
सोझोपनले कागका माझमा बकुल्ला जस्तै हुनुप¬यो
मरुभूमिको सफर गर्ने यात्री जस्तै प्यासा भो जीवन
इच्छाहरू दबाएर विवशतामा रुमल्लिनुप¬यो
असफलता मात्रै हात पर्ने सदा निराश भो जीवन
गल्ती त आकाशले गरेकै हो तिमीलाई विश्वास ग¬यो
हिंजो-आज समाजका माझ सस्तो तमासा भो जीवन ।

–आकाशचन्द्र न्यौपाने

## लघुकथा

### संविधानसभा

साँझको बेला छ । कतैकतै दोछायाँ देखिने बत्तीको मधुरो प्रकाश छरिएको छ । पैदलयात्रीहरू त्यही दोछायाँको सहारामा हिँडिरहेछन् । त्यति धेरै पैदलयात्री नभए पनि फाट्टफुट्ट हिँड्नेहरू हिँडिरहेकै छन् । सधैं यही बाटो हिँड्ने एउटा पथिक एकोहोरो आफ्नै सोचाइमा काँधमा छाता तेर्स्याएर हिँडिरहेछ । असोज लागिसके पनि वर्षाद नरोकिएकाले छाता बोक्ने मौसम अझै टरेको छैन । त्यसैले पथिक छाता बोकेरै हिँड्छ । छातासँग उसको आत्मीय सम्बन्ध भने छैन । धोबीधारामा पानी प¬यो भने सुकेधारामा चुहिने छाताले उसलाई पानीबाट जोगाउन सक्दैन । यो यथार्थसँग उसले धेरै पटक मुकाबिला गरिसके पनि ऊ छाता बोक्नुको बाध्यतालाई नकार्न सक्दैन ।

एउटा प्राइभेट अफिसको पार्टटाइम जागिरे पथिक छ जनाको परिवार पालेर काठमाडौंमा बाँचेको छ । आम्दानीका अन्य स्रोतहरू नभएकाले मीठो-मसिनो खानु र छोरा-छोरीको फर्माइस पूरा गर्नु उसका लागि असम्भवप्रायः छ । तैपनि देशको बदलिँदो परिवेशले उसमा उमङ्ग छाएको छ । अब केही हुन्छ, नयाँ नेपाल बनेपछि ऊजस्ता धेरै नेपालीका दुःखका दिन सकिन्छन् । कमसेकम सिस्टम बस्छ र बाँच्न गाह्रो हुँदैन । पढेलेखेकाले रोजगार पाउँछन् । आफूले केही गर्न नसके पनि बालबच्चाले केही गर्न सक्नेछन् ... ! सोचमग्न पथिक एक्कासि झस्किन्छ । परबाट हुइँकेर आएको प्राइभेट कार ऊसँग ठोक्किन खोज्दै अघि बढ्छ । बाटो भत्केर बनेको खाल्डोमा जमेको पानीले पथिक निथ्रुक्क हुन्छ । दोछायाँको उज्यालोले कारको पछाडिपट्टिको नम्बर देख्छ । नम्बर कण्ठ गरेर खल्तीबाट डायरी र कलम झिकेर बत्तीको पोलनजिकै उभिन्छ । लेख्न खोज्छ, निकै बेर अकमकिन्छ र फेरि लेख्न खोज्छ । कारको नम्बर नबिर्सिए पनि उसलाई किन-किन लेख्न मन लाग्दैन । तैपनि ऊ लेख्छ– गाडी नं. .......... संविधानसभा ............ ।

– गङ्गाराम गङ्तौला

# संविधानसभा निर्वाचन र पूर्वसर्तहरू

खुला राजनीतिमा प्रवेशपश्चात् प्रथमपल्ट सम्पन्न माओवादी पार्टीको विस्तारित बैठकको निष्कर्षपछि मुलुकको राजनीतिमा हलचल उत्पन्न भएको छ । देशका कुनाकुनाबाट जम्मा भएका नेताकार्यकर्ताहरूबाट प्रस्तुत विचार र प्रतिवेदनहरूले माओवादीको जमिन हल्लाएको थियो । त्यसको कम्पन समग्र शान्तिप्रक्रियामा महसुस हुन थालेको छ । संविधानसभाका लागि सय दिन बाँकी रहँदै प्लेनमले अघिसारेका पूर्वसर्तहरू र संविधानसभाले पनि राजतन्त्र फाल्न नसक्ने अध्यक्ष प्रचण्डको अभिव्यक्ति त्यसैको उपज हो । यो भेलामार्फत् माओवादी नेतृत्वले आफ्नो ग्राउन्ड रियालिटी बुझेको छ ।

प्रचण्डकमरेडले जति गफ हाँके पनि जनतामा माओवादीको छवि कुरूप छ । हिजोसम्म जनतामा लादेको मध्ययुगीन बर्बरता आजै भुलिने कुरा पनि होइन । इतिहासमै यति भयानक र यत्रो क्रूरता नेपाली समाजले पहिले कहिल्यै भोगेको थिएन । लापत्ता पारिएका र आफन्त गुमाएकाहरूको वेदनाले पुस्तौं छाड्नेछैन । त्यस्तो क्रूरता प्रदर्शन गर्नेहरू सरकारी ढुकुटीबाट लाभान्वित भैरहेको देख्दा पीडितहरूमा आक्रोश पैदा हुनु स्वाभाविक हो । क्रान्तिका बेला जानी-नजानी हुन पुगेका गल्तीहरूका लागि शान्तिपूर्ण अवस्थामा क्षमा माग्ने र माफी दिने प्रचलन दुनियाँमा छ । द्वन्द्वका बेला जनतासँग बिग्रिएका सम्बन्ध सुमधुर बनाउनेतर्फ सार्थक पहल हुनुपर्नेमा नचाहिँदो चुरीफुरी अनावश्यक दम्भ प्रदर्शन जोरजबरजस्ती, धम्कीपूर्ण भाषाको प्रयोग एवं अराजक क्रियाकलापद्वारा शान्तिप्रक्रियालाई क्षति पु¬याउने, जनतालाई थप आहत बनाउने र दुनियाँ हँसाउने काममा नै माओवादीले महत्त्वपूर्ण समय खेर फाल्यो । माओवादीको नियत सफा भएको भए शान्तिसम्झौतापछिको खाली समयलाई युद्धका लागि निर्माण गरिएको पार्टी संयन्त्रलाई बदलिँदो परिस्थितिअनुकूल ढाल्नमा सदुपयोग गर्न सक्थ्यो । ०४६ को परिवर्तनपछि यस्तै अल्पसंक्रमणकाललाई मदन भण्डारीले पार्टी एकीकरण, सुदृढीकरण, संगठन विस्तार र सम्पूर्ण पार्टीपंक्तिलाई सैद्धान्तिक एवं व्यावहारिक रूपमा प्रजातान्त्रिक र प्रतिस्पर्धात्मक बनाउनेतर्फ भरपुर उपयोग गरेको लाभ एमालेले अहिले पनि उठाइरहेको छ ।

अरू त अरू, माओवादीले आफूले हासिल गरेका उपलब्धिहरूका बारे जनतालाई सम्झाउनसम्म सकेन । ग्रामीण क्षेत्रमा व्याप्त अन्धविश्वास, रुढिवाद र कुसंस्कारविरुद्धको जनचेतनामा उल्लेख्य वृद्धि भएको छ । पिछडिएको वर्ग र तल पारिएको समुदायले नागरिक हुनुको अर्थ र महत्त्व बुझ्न थालेको छ । शताब्दीऔंदेखिको थिचोमिचो, छूवाछूत, अन्याय, अत्याचार र असमानताका कारक तत्त्वहरूलाई जनताले चिन्न थालेका छन् । दासप्रथाको अन्त्यकालदेखि अहिलेसम्म राज्यका अनेक प्रयासहरूले गर्न नसकेको सामाजिक सुधार र रूपान्तरणको काम द्वन्द्वको एक दशकले गरिदिएको छ । समाजको आमूल परिवर्तन, समावेशीकरण, जातीय उत्थान, स्वशासन र अग्रगमनका मुद्दाहरू निर्णायक चरणमा पुगेका छन् । यी आधारभूत उपलब्धिहरू माओवादीकै कारण हात लागेका हुन् । उपयुक्त सुझबुझ र आवश्यक प्रतिभाको अभावमा माओवादीले उपरोक्त उपलब्धिहरूको जस लिन सकेन ।

धेरै बाठो हुन खोज्दा हो वा नजानेर हो, माओवादी नराम्रोसँग चिप्लिएको छ । उसले विभिन्न वार्तामा अनिवार्य सर्तका रूपमा अघि सार्दै आएको संविधानसभाको मुद्दा अब गिरिजाप्रसाद र कांग्रेसको एजेन्डा हुन पुगेको छ भने गणतन्त्रको नारा एमालेले टप्काइसक्यो । स्वायत्तता र स्वशासनका मोर्चाहरू फोरम र जनजाति महासंघहरूले उहिल्यै खोसिसकेका हुन् । खम्बुवान, लिम्बुवान र थारू समुदायहरूको माओवादीप्रति मोहभंग भएको छ । संविधानसभाका लागि अघि सारिएका सर्तहरूले माओवादीले ठूलो मेहनत गरेर आर्जन गरेको अन्तर्राष्ट्रिय छवि र विश्वसनीयतामा गम्भीर आघात पु¬याएको मात्र होइन, राष्ट्रिय राजनीतिमा नितान्त एक्लो र अलग-थलग पारिदिएको छ । संसद् र सरकारमा आफूले पाएको जिम्मेवारी पूरा गर्न नसकेको कुरा जनताले मात्र होइन, माओवादी प्लेनमले नै स्वीकार ग¬यो । जब कि केही अपवाद छाडेर कांग्रेस र एमालेका प्रतिनिधिहरूले अहिलेको तुलनात्मक रूपमा सजिलो परिस्थितिमा मात्र होइन, हिजोको जटिल परिस्थितिमा पनि प्रभावकारी रूपमा कार्यसम्पदान गरेको यथार्थ हाम्रैसामु छ । आफ्नो अयोग्यता र गैरजिम्मेवारीको दोष अरूको थाप्लोमा हाल्ने र पानीमाथिको ओभानो हुने प्रवृत्ति नेपाली वाम-आन्दोलनको पुरानै रोग हो । माओवादीको ताजा निर्णय तथा मन्त्रीहरूको राजीनामा प्रकरण त्यसको पुनरावृत्ति मात्र हो ।

चुनावकै कुरा गर्ने हो भने कांग्रेस र एमालेसँग बनिबनाउ पार्टी संयन्त्र छन् । केन्द्रदेखि वडासम्म बहुदलीय प्रतिस्पर्धामा अभ्यस्त जनशक्ति विद्यमान छ भने माओवादीसँग जनयुद्धका लागि तयार पारिएको आक्रामक, एकोहोरो र जिद्दिवाल तप्का छ । जनतालाई कन्भिन्स गर्ने कला माओवादी कार्यकर्तामा छैन भने कांग्रेस-एमाले कार्यकर्ताहरूको जनतासँग उठबस, खानपान र सहकार्यमै समय बित्छ । बदलिँदो परिस्थितिअनुसारको तालिम र प्रशिक्षणको अभावमा तलदेखि माथिसम्मका माओवादी नेता, कार्यकर्ताहरू अहिले पनि मानसिक रूपमा राजनीति होइन, युद्ध गरिरहेका छन् । सीडीओलाई कुटपिट गर्ने, सुरक्षाकर्मीमाथि हातपात गर्ने, घातक हातहतियार लिएर शिक्षणसंस्थाहरूमा प्रवेश गरी निहत्था विद्यार्थीहरूलाई मरणासन्न हुने गरी आक्रमण गर्नेजस्ता क्रियाकलाप यसका ज्वलन्त उदाहरण हुन् । यस्ता गतिविधिले प्रतिस्पर्धी शक्तिमा मनोवैज्ञानिक भय र त्रास सिर्जना गरी क्षणिक फाइदा लिन सकिएला, जनताको मन पटक्कै जित्न सकिँदैन । बरु बचेखुचेको सहानुभूति पनि समाप्त हुने भय रहन्छ । वाईसीएल लगाएर बुथ कब्जा गरी चुनाव जित्ने सपना देखेको हो भने त्योभन्दा ठूलो भ्रम केही हुनेछैन । किनभने, प्रमाणीकरणपछि ब्यारेकमा राखिएका सेना बाहिर निस्कन पाउँदैनन् । हतियारहरू कन्टेनरमा बन्द छन् । लुकाएर राखिएका हतियार गैरकानुनी भैसकेका छन् । खुँडा-खुकुरी र लट्ठीहरू सबैसँग छन् । मल्लयुद्ध नै गर्ने हो भने माओवादीका तुलनामा ५-५ गुणा बढी कुस्तीबाज कांग्रेस र एमालेसँग छन् । क्षेत्रगत उपस्थितिको कुरा गर्ने हो भने माओवादीले एक बुथ कब्जा गरे अरू दलले १० वटा बुथ कब्जा गरिसकेका हुनेछन् । काठमाडौंमा कुटपिट प्रशिक्षण दिएर राखिएका हजार-पन्ध्र सय गुरिल्लाको भरमा मुलुक कब्जा गरौंला भन्ने सोच्नु दुस्साहस मात्र हो । त्यसै पनि नेपालको शान्ति प्रक्रियालाई अन्तर्राष्ट्रिय समुदायले बडो सूक्ष्म ढंगले नियालिरहेको छ । माओवादी गतिविधि र नियतसँग कोही पनि बेखबर छैन । प्रत्येक बुथमा एक जना मात्र अधिकारसम्पन्न अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक नै काफी हुनेछ, जसले स्वच्छ, भयरहित र स्वतन्त्र मतदानको सुनिश्चितता गर्न सकोस् । माओवादीहरूको अहिलेको औडाहा, पूर्वसर्तहरू र कमरेडहरूको बर्बराहटलाई यिनै सन्दर्भहरूसँग गाँसेर हेरिनुपर्छ ।

–इन्द्र क्षेत्री लुभेन, बेल्जियम

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

हामीले सरकार छाड्नुको अर्थ नै संविधानसभा निर्वाचन बिथोल्न हो । यसको प्रारम्भ हामी निर्वाचन आचारसंहिता तोडेर गर्दैछौं । गणतन्त्रको घोषणा नगरी हुने संविधानसभा निर्वाचनको कुनै अर्थ छैन । यो निर्वाचन भारत, अमेरिका तथा दरबारको डिजाइनअनुसार गरिँदैछ । यस्तो निर्वाचनमा भाग लिन माओवादी तयार हुनु भनेको आत्महत्या गर्नुसरह हो । बरु यस्तो निर्वाचन हुन नदिनुचाहिँ माओवादीको कर्तव्यभित्र पर्छ ।

**डा. बाबुराम भट्टराई, नेता, नेकपा (माओवादी)**

माओवादीले हड्ताल गरे पनि निर्वाचन हुन्छ । निर्वाचन बिथोल्न खोजे पनि निर्वाचन हुन्छ । पैदल हिँडेर भए पनि हामी संविधानसभामा उम्मेदवारी दिन्छौं । सरकारबाट हट्नेबित्तिकै डराउनुपर्छ भन्ने छैन, किनभने आठ दलको एक घटक नेपाल मजदुर किसान पार्टी पनि सरकारमा छैन । हामी उनीहरूलाई सहमतिमा ल्याउने प्रयास गरिरहेका छौं । मेरो विचारमा उनीहरू सहमतिमा आउँछन् र संविधानसभाविरोधी क्रियाकलाप तुरुन्तै छाड्नेछन् ।

**रामचन्द्र पौडेल, शान्ति तथा पुर्ननिर्माण मन्त्री**

# तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?

सम्पूर्ण नदिनाला बेचेर आफू सम्पन्न हुन्छु अनि देशलाई दुई दिनमै कंगाल बनाउँछु ।

**नारायण कुँवर** (१७), **तानसेन**

सबैलाई एकत्रित गरेर नयाँ नेपाल बनाउँथें । किनकि एक-आपसमा लडेर केही हुँदैन ।

**वैद्यनाथ कोइराला**

विचरा माधव नेपालको सपना त पूरा भएको छैन, हामी भुसुनाको के कुरा ?

**सुमित ढकाल** (१५), **काठमाडौं**

के मात्र गर्दिन भन्नुहोस् न सम्पादकज्यू, पहिले त म तपाईंको पद खोसेर आफन्तलाई त्यहाँ राख्छु । अरू पनि धेरै गर्छु । नेपाललाई प्रतिक्षालयमा पर्खिएको यात्रु जस्तै विकासका लागि पर्खाउँछु ।

**जयराम भट्टराई, जनकपुर**

गाडी त किन्नु परेन, ६-७ वटा त्यसै पाइहालिन्छ, प्रधानमन्त्री नियुक्तिको भोलिपल्टै ८-१० जोर दौरा-सुरुवाल र कोट सिलाउँथें। सबैले भ्रष्टाचार गर्छन्, आखिर मैले पनि त परम्परा धान्नैपर्‍यो नत्र त्यै पद पनि चट हुने हो कि ?

**मदन मल्ल**, (१९), **काठमाडौं**

सबैभन्दा पहिले धनी बाबुकी एक्ली छोरी विवाह गर्थें। विदेश भ्रमणमा जान्थें, आफू र आफ्नो परिवारका बारेमा सोच्थें अनि मात्र देश विकासका बारेमा। के गर्नु आफ्नो त एक्लो ज्यान गिरिजाबाबु जस्तो।

**जीवन थापा, पनौती**

नेपाललाई शान्ति र सम्पन्नशाली बनाई सम्पूर्ण जनतालाई रोजगारीको व्यवस्था गरिदिन्थें ।

**गमु सिंजाली** (२१), **स्याङ्जा**

आम्मै, बूढो भएर मर्ने बेलामा मात्रै होइन र प्रधानमन्त्री हुने ? म त भर्खर २० वर्षको भएको छु । म पनि प्रधानमन्त्री हुन पाउँछु र ?

**कमल निश्चल** (२०), **करादी, स्याङ्जा**

गाउँको बाटोघाटो बनाउँथें ।

**अमृत मगर, पाल्पा**

भएँ भने थाहा पाउनुहुन्छ ।

**चूडामणि पाण्डे, घोराही चोक**

प्रधानमन्त्री बन्ने उमेर त भएको छैन, त्यसैले यो कुरा अहिलेलाई छोडिदिउँ । पछिको कुरा पछि नै गरौंला ।

**लीला लामा, रंगपुर, रौतहट**

यो सम्भव त छैन तर यदि भैहाल्यो भने नेपाललाई परिवर्तन गरेर अमेरिका बनाइदिन्छु। दङ नपर्नुहोस्, गफै त हो नि।

**गोकर्ण लामिछाने** (१७), **काठमाडौं**

सबैले गर्ने कुरा....घूस खान्छु ।

**दीपक राई, धरान**

देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नुका साथै कृषि र जल ऊर्जा विकासका लागि विशेष जोड दिन्छु।

**शालिग्राम पत्थर, धादिङ**

सुरुमा संविधानसभाको चुनाव गराउँथे, देश विकास गर्थें, शान्तिसुरक्षा कायम गराउँथें, गरिबी हटाउन सक्दो सहयोग गर्थें, नेपाल बन्द सधैका लागि बन्द गर्थें । यति गर्दागर्दै बिहान भैसकेको हुन्छ होला अनि ओछ्यानबाट उठ्थें।

**विनोद खतिवडा**

अहिलेको अवस्थामा हामी प्रधानमन्त्री हुने चान्स नै छैन। यो प्रश्न त प्रचण्ड, शेरबहादुर र माकुनेसँग सोध्नुहोस न, पाठकसँग होइन ।

**त्रिताल नोदनाथ** (२६), **धनकुटा**

ल त्यति पनि थाहा छैन ? म त विश्वभ्रमणमा लाग्थें, चिन्ता नगर्नुहोस् सम्पादकज्यू साथमा तपाईंलाई अवश्य लानेछु ।

**रोशन स्वचै** (२०), **महोत्तरी**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
२. बुद्धि ठूलो कि बल ? किन ?
३. देशभक्ति के हो ?
४. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
५. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
६. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
७. प्रेममा धोका हुने कारण के हो ?
८. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
९. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
१०. दसैं र तिहारको परम्परालाई समय सुहाउँदो बनाउन के गर्नु पर्ला ?
११. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म २० वर्षीय स्वस्थ युवक हुँ । मेरी २१ वर्षीया प्रेमिका छिन् । हाम्रो प्रेम भएको तीन वर्ष भैसक्यो । गत महिना अचानक हामी दुवैको सहमतिमा यौनसम्बन्ध कायम हुन पुग्यो । हामीले कुनै गर्भनिरोधक साधन प्रयोग गरेका थिएनौं । वीर्य योनिभित्र नै स्खलन भयो । यौनसम्पर्क महिनावारी हुन दुई-तीन दिन बाँकी छँदा भएको थियो । उनका अनुसार महिनावारी हुनका निम्ति उनको योनि रसाउन थालिसकेको थियो । पहिले-पहिले पनि महिनावारी हुनुपूर्व दुई-तीन दिनअघिदेखि नै पानीजस्तो पदार्थ निस्कन्थ्यो रे । हाम्रै खास समस्या के हो भने उनको महिनावारी भएन । पहिले-पहिले पनि उनको महिनावारी नियमित थिएन । के यो समय गर्भ रहने समय थियो ? के महिनावारी हुनुपूर्व योनिबाट दुई-तीन दिनअघिदेखि नै पानीजस्तो पदार्थ निस्कन्छ ? महिनावारी रोकिनुको अर्थ गर्भ रहेकै हो वा अरू खराबीले हो ? हामी तुरुन्त विवाह गर्न चाहँदैनौं । गर्भ रहन नदिने सजिलो उपाय के होला ?**

– हे.

**उत्तर** : लामो समयसम्म प्रेमले निरन्तरता पाएको कुराले तपाईंहरूबीचमा भएको सम्बन्धको प्रगाढतालाई जनाउँछ । यसका बाबजुद सहमतिमै भए जोसमा होस नगुमाउन भने सजिलो रहेनछ भन्ने कुरा पनि देखिएको छ । राम्रो विचार पुर्‍याएर सम्पर्क राख्नुभएको भए गर्भनिरोधको प्रभावकारी उपाय अपनाउनुहुन्थ्यो होला र यो समस्या नै पर्दैनथ्यो ।

**गर्भवती नहुने समय**

पुरुषको प्रत्येक वीर्य स्खलनमा शुक्रकीट हुन सक्ने भए पनि महिलामा भने त्यस्तो हुँदैन । महिलाको शरीरमा मासिक रूपमा एक डिम्ब निस्कन्छ र यसै बेलातिरको यौनसम्पर्कमा वीर्यको शुक्रकीटसँग मिलन भएर गर्भ रहन सक्छ ।

एउटा महत्त्वपूर्ण कुरा के भने डिम्ब निस्किएको यस्तै १४ दिनमा महिनावारी सुरु हुन्छ । यस्तै २८ दिनको महिनावारी भएकी महिलाको १४ औं दिनतिर डिम्ब निस्कने भएकाले यतिबेला यौनसम्पर्क गर्दा गर्भ रहने सम्भावना एकदमै धेरै हुन्छ । डिम्ब करिव २४ देखि ४८ घन्टासम्म बाँच्छ भने महिलाको प्रजनन अंगभित्र शुक्रकीटहरू ७२ घण्टा वा त्योभन्दा बढी बाँच्न सक्छन्, त्यसैले डिम्ब निस्कने केही अघिको र केही दिनपछिको समयलाई गर्भधारणका दृष्टिकोणले असुरक्षित काल मानिन्छ । यदि महिनावारी यस्तै २८ देखि ३१ दिनसम्मको छ भने सजिलोका लागि पहिलो १० दिन सुरक्षित, बीचको १० दिन असुरक्षित र अन्तिम १० दिनलाई फेरि सुरक्षित मान्दा हुन्छ ।

यदि महिनावारी ठीक २८ दिनमा नभै ढिलो-चाँडो हुन्छ भने केही सोच्नुपर्ने हुन्छ । सुरक्षित काललाई नै गर्भनिरोधका रूपमा प्रयोग गर्ने हो भने कम्तीमा पनि ६ महिनासम्मका महिनावारीका दिनहरू लिनुपर्छ । सबैभन्दा छोटो महिनावारीबाट १८ दिन घटाउँदा गर्भवती हुनसक्ने पहिलो दिन पत्ता लाग्छ भने सबैभन्दा लामो दिनबाट ११ दिन घटाउँदा गर्भवती हुनसक्ने अन्तिम दिन पत्ता लाग्छ । उदाहरणका लागि यदि कुनै महिलाको महिनावारी चाँडोमा २४ दिनको र ढिलोमा ३१ दिनको हुने रहेछ भने,

२४-१८=६ हुन्छ, अर्थात् छैठौं दिनदेखि सम्भोग गर्दा गर्भ रहन सक्छ।

३१-११=२० हुन्छ, अर्थात् २० औं दिनभन्दा पछि यौन सम्पर्क गर्दा हुन्छ ।

सुरक्षितकालबाहेक अरू समयमा यौनसम्पर्क नै नगर्ने वा कन्डमजस्ता साधन प्रयोग गर्ने । यो विधिले गर्भवती हुनबाट सुरक्षा प्रदान गर्ने भए पनि यौनरोग र एच.आई.भी.बाट बचाउँदैन । यौनरोग र एच.आई.भी.को संक्रमणबाट बच्न कन्डमको नियमित तथा सही प्रयोग अनिवार्य छ ।

**के गर्भ रहेको होला ?**

सामान्यतया महिनावारी हुनुभन्दा केही दिन पहिलेको यौनसम्पर्कबाट गर्भ रहँदैन भन्ने कुरा त माथि पनि पढिसक्नु नै भयो होला । यो कुरा पनि हो कि महिनवारी हुने बेलातिर महिलामा सामान्यभन्दा बढी योनिश्राव हुन्छ तर तपाईंकी प्रेमिकाको महिनावारी नियमित नभएकाले यसै भन्न सकिएन ।

महिनावारी बन्द हुने अन्य कारण पनि नहुने होइनन् तर यहाँ योनिमा नै वीर्य स्खलन भएपछि यस्तो भएकाले अन्य कारण खोज्नुभन्दा पहिले गर्भ रहे-नरहेको पक्का गर्नु आवश्यक हुन्छ । यसका लागि सजिलो उपाय छ । पिसाब परीक्षण गरेर गर्भ रहे-नरहेको सजिलै थाहा पाउन सकिन्छ । अचेल त घरमै यसरी परीक्षण गर्न सकिने साधन पनि पाइन्छन् ।

**गर्भलाई निरन्तरता नदिन के गर्ने ?**


गर्भ बसेको भए त्यसलाई निरन्तरता दिने वा नदिने दुवै विकल्प तपाईंका सामु छन् । निरन्तरता नदिने हो भने गर्भ तुहाउनुको विकल्प छैन । अहिले सरकारले विभिन्न स्थानमा यस्ता सेवा पनि सुरु गरेको छ तर यहाँ महत्त्वपूर्ण कुरा गर्भ रहन नदिनु नै हो । यसका लागि यौनसम्पर्क गर्ने निर्णय गरेपछि सर्वप्रथम प्रभावकारी गर्भनिरोधको उपाय अपनाउनुपर्छ । यदि तपाईंले भन्नुभएजस्तै अचानक भएमा यस्तो यौनसम्पर्क भएको ७२ घण्टाभित्र आकस्मिक गर्भनिरोधका साधन प्रयोग गरेर गर्भ रहनबाट बच्न सकिन्छ । यसका लागि निलोकन (गर्भ निरोधको खाने चक्की) को ४ चक्की सक्दो चाँडो खाने र १२ घण्टाभित्र अर्को मात्रा दोहर्‍याउने । समस्या पर्नुभन्दा पहिले नै त्यसको रोकथाम गर्नु बुद्धिमानी हो ।

यदि कारणवश गर्भपतन गर्नुपरेको स्थितिमा उक्त प्रक्रिया सकिएपछि गर्भनिरोधको प्रभावकारी उपायका बारेमा सोधुपुछ गर्न वा प्रयोग गर्न नबिर्सनुहोला । फेरि त्यस्तै सम्पर्क भए गर्भ रहन सक्छ भन्ने कुरा बिर्सनु हुँदैन ।

## ज्ञान विज्ञान

### संकटमा कछुवा

गैरकानुनी सिकार र पानी प्रदूषणका कारणले दुर्लभ प्रजातिका कछुवा लोप हुने अवस्थामा पुगेका छन्। केन्याको वन्यजन्तु विभागका अनुसार विश्वमै जथाभावी कछुवा मार्ने परम्परा र कालो बजारी तीव्र रूपमा वृद्धि भैरहेको छ। केन्यामा पाइने समुद्री तटमा कछुवा बढी हुने भएकाले पनि लोप हुने अवस्थामा पुगेको विभागको कथन छ। कछुवा महँगो भएकाले विश्वबजारमा एक हजार अमेरिकी डलरसम्म पर्छ।



कछुवाको शरीरको बाहिरी आवरण तथा छाला विभिन्न प्रयोजनका निम्ति प्रयोग गर्ने क्रम बढ्दो छ। यसले केन्याको समुद्री तटको ८ सय किलोमिटरवरिपरि कछुवा लोप भैसकेका छन्। कुनै बेला यस्ता तटमा ठूलो संख्यामा पाइने ओलिभर टक्सविल, इथरव्याक र ग्रिन टर्टल प्रजातिका कछुवा अब कमै देखिन्छन्। अल्सर, पेटको बिरामी एवम् चर्मरोगको उपचारलगायत चिकित्साविज्ञानमा पनि कछुवाको प्रयोग हुने गरेको छ। कछुवाले समुद्री तटमा फुल पार्छ तर पर्यटकको बढ्दो आगमनसँगै फुल चोरिँदा यो जन्तु संकटमा परेको छ।

### अमेजन नदी नाइलभन्दा लामो

ब्राजिलका वैज्ञानिकहरूले अमेजन नदी संसारकै सबैभन्दा लामो नदी भएको तथ्य आफूहरूले पुष्टि गरेको दावी गरेका छन्। आयतनका हिसाबले अमेजन संसारकै सबैभन्दा ठूलो नदी मानिन्छ, तर लम्बाइका हिसाबले यसलाई इजिप्टको नाइलभन्दा दोस्रो मानिन्छ। पेरुसम्म सञ्चालित एउटा अभियानपछि उक्त तथ्य पुष्टि भएको उनीहरूले बताएका छन्। उनीहरूले अमेजनको लम्बाइ ६ हजार ८ सय किलोमिटर भएको बताएका छन्। नाइल नदीको लम्बाइ ६ हजार ६ सय ९५ किलोमिटर छ।

### मोटे विद्यार्थीहरूलाई नृत्य कक्षा



चीनमा प्राथमिक तथा माध्यमिक तहका विद्यार्थीहरूको बढ्दै गएको मोटोपन घटाउन छिट्टै नृत्य कक्षा सञ्चालन गरिने भएको छ। पढाइमा चलाख विद्यार्थीले चिनियाँ विश्व विद्यालयहरूमा भर्ना हुन शारीरिक रूपमा पनि तन्दुरुस्त हुनुपर्ने नियम लागू गरिएको छ।


## जानकारी

### एसियामा धनी र गरिबको दूरी बढ्यो

तीव्र आर्थिक वृद्धि गरिरहेका चीनका साथै अन्य एसियाली देशमा गरिब र धनीबीचको खाडल फराकिलो हुँदै गएको एक अनुसन्धानले देखाएको छ। चीनमा यस्तो असमानता नेपालबाहेक अन्य एसियाली देशको तुलनामा धेरै बढेको एसियाली विकास बैंकको पछिल्लो अनुसन्धानले देखाएको छ।


अनुसन्धान अनुसार भारत, कम्बोडिया तथा श्रीलंकामा पनि धनी र गरिबीचको खाडल बढ्दै गएको छ। ती देशमा शिक्षा, तालिम एवं स्वास्थ्य उपचारका लागि बढी लगानी गर्न प्रतिवेदनले जोड दिएको छ। सहरी तथा ग्रामीण क्षेत्रको शिक्षा तथा जनताका लागि गरिने लगानीमा ठूलो भिन्नता रहेकाले यी देशमा धनी र गरिबबीचको खाडल फराकिलो भएको बैंकले जनाएको छ। असमानताका कारण समाजमा धनी र गरिबबीचको आम्दानीको भिन्नता पनि बढेको बैंकले जनाएको छ।

## जँड्याहा मुसा



मुसाहरूले पनि बियरका क्यान र ह्विस्कीका बिर्को काटेर मदिरा पिउँछन् भन्दा धेरैलाई पत्यार नलाग्ला, तर पूर्वी भारतको पटना सहरमा घटेको एउटा घटनाले मुसाहरू पनि जँडयाहा हुन सक्छन् भन्ने कुरा प्रमाणित गरेको छ। स्थानीय अधिकारीहरूका अनुसार मदिरा रुचाउने ती मुसाले विहार राज्य प्रहरीले व्यापारीबाट जफत गरी गोदाममा राखेको अवैध मदिरा पिएको बताइएको छ। उक्त घटनाका बारेमा वरिष्ठ प्रहरी अधिकारी कुन्दन कृष्णन भन्छन्– 'यी जँड्याहा मुसाबाट हामी दिक्क छौं र उनीहरू किन एक्कासि अल्कोहल पिउनेमा रूपान्तरित भए बताउन सक्दैनौं।' ती मुसाले प्रहरीचौकीनजिक घर भएका मानिसलाई समेत आक्रमण गर्ने गरेको बताइन्छ।

## साप्ताहिक रंग भर प्रतियोगिता - ७



**प्रतियोगीको नाम :**

**कक्षा :**

**विद्यालयको नाम :**

माथि दिइएको चित्र कृष्णसारको हो। अंग्रेजीमा यसलाई ब्ल्याक बक भनिन्छ। समूहमा बस्न रुचाउने कृष्णसारको शरीरको माथिल्लो भाग कालो-खैरो र तल्लो भाग सेतो हुन्छ। भालेका दुईवटा घुमेका सिङ हुन्छन्। नेपालमा कृष्णसार प्राकृतिक रुपमा बर्दिया राष्ट्रिय निकुन्जको खैरापुर क्षेत्रमा मात्र पाइन्छ। नेपालमा कृष्णसारलाई संरक्षित जनावरका रुपमा मान्यता दिइएको छ।

**नियमहरू :**

१. यो प्रतियोगितामा कक्षा ५ देखि १० सम्मका भाइ-बहिनीहरूले भाग लिन सक्नेछन्।
२. पुरस्कृत चित्र साप्ताहिकमा प्रतियोगीको तस्बिरसहित प्रकाशित हुनेछ।
३. प्रतियोगीले आफ्नो नाम, विद्यालयको नाम, कक्षा, उमेरसहित रंगीन तस्बिर पनि पठाउनुपर्नेछ।
४. पुरस्कृत चित्रलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ।

**तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?**



लुकेका समानहरू :जुत्ता, काइँयो, कैंची, सर्ट, धारा

## जन्मदिनको शुभकामना



यथार्थ खड्गी
२०६० असोज ४

शिक्षा खतिवडा
२०५६ असोज ४

आश्रय बुर्लाकोटी
२०६३ असोज ४




प्रसिद्ध थापा
२०६३ असोज ४

रेणुका बिडारी
२०५६ असोज ५

स्वीकृति आचार्य
२०६२ असोज ७

मार्जन पुन
२०६० असोज ६



दीपेश आले
२०५८ असोज ६

मिसन पराजुली
२०६० असोज ६

मविष लम्साल
२०५२ असोज ६

कृष्ण कार्की
२०६१ असोज ६



वृषभ कुइकेल
२०५७ असोज ७

श्लोक प्रधान
२०५८ असोज ७

सुरुचि थापा
२०५५ असोज ८

सफल श्रेष्ठ
२०५९ असोज ९



उन्ना भण्डारी
२०६३ असोज १०

प्रशान्त उपाध्याय
२०५३ असोज १०

अधिश श्रेष्ठ
२०६० असोज ६

स्नेहा गुरुङ
२०६० असोज ६



आयुष्मान् बी.सी.
२०५९ असोज ७

ऋतिका पौडेल
२०६१ असोज ४

आभाष गिरी
२०५७ असोज ९

किरण सिंजाली
२०५४ असोज ६



श्वेता अर्याल
२०५७ असोज ५

कृतिमा चौधरी
२०६३ असोज ५

रोजी सुवेदी
२०६१ असोज ६

कुपन

जन्मदिनको शुभकामना

नाम :........................................
जन्म मिति :........................................
स्कुल :........................................
ठेगाना : ........................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## एकतिहाइ युवा बेरोजगार

बितेको एक दशकमा १५ देखि २४ वर्ष उमेरका बेरोजगार युवायुवतीको संख्या हवात्तै बढेकाले विश्वका एक तिहाइ युवा बेरोजगार भएको अर्न्तराष्ट्रिय श्रम संगठन (आईएलओ) ले जनाएको छ। आईएलओको प्रतिवेदनअनुसार बेरोजगारीको समस्या समाधान गर्न करिब ४० करोड नयाँ र राम्रा रोजगारी सिर्जना गर्नुपर्ने हुन्छ।

संगठन अनुसार समाजमा युवाको सबैभन्दा बढी आर्थिक उत्पादकत्व शक्ति भए पनि सन् १९९५ देखि २००५ सम्ममा बेरोजगारी संख्या १५ प्रतिशतले बढेर ८ करोड ५० लाख पुगेको छ। त्यसैगरी ३० करोडभन्दा बढी युवा प्रतिदिन दुई अमेरिकी डलरभन्दा कम रकममा गुजारा चलाउन बाध्य छन्।

सन् १९९५ देखि २००५ को बीचमा युवायुवतीको संख्या १३ प्रतिशतले बढे पनि १५ देखि २४ वर्षका युवायुवतीका लागि रोजगारी केवल ३ दशमलव ९ प्रतिशतले वृद्धि भएको छ।

# डिपार्टमेन्टल स्टोरमा देखिन थाल्यो चहलपहल






लामो समयदेखि द्वन्द्वको चपेटामा परेर अभावको पीडा खेप्दै आएका डिपार्टमेन्टल स्टोरहरूमा अहिले व्यापारिक कारोबार तथा उपभोक्ताहरूको चहलपहल बढ्न थालेको छ। देशको शान्ति र स्थिरतासँगै डिपार्टमेन्टल स्टोर किनमेल गर्ने उपयुक्त थलो बनेका छन्।

एउटै छानामुनि दैनिक आवश्यकताका सबैजसो सामान किनमेल गर्न सकिने 'डिपार्टमेन्टल स्टोर' जाने चलन अब उपभोक्ताका लागि सामान्य बन्न थालेको छ। 'डिपार्टमेन्टल स्टोर' को विस्तारले सहरी उपभोक्ताको किनमेल गर्ने बानीमा परिवर्तन आएको छ भने उपभोक्ताको बदलिँदो रुचि 'डिपार्टमेन्टल स्टोर' को विस्तारमा सहायक भैरहेको छ। काठमाडौँ र बाहिरसमेत गरेर अहिले नेपालमा ठूला तथा मध्यम स्तरका दुई सयभन्दा बढी डिपार्टमेन्टल स्टोर सञ्चालनमा छन्। राजधानीमा ठूला डिर्पाटमेन्टल स्टोरहरूको लाममा ब्ल्यू बर्ड मल, वर्ल्ड ट्रेड सेन्टर तथा काठमाडौं मल थपिएका छन्। डिपार्टमेन्टल स्टोरहरूमध्ये ताहाचलस्थित मेट्रो मल चौबीसै घण्टा खुला रहने विशेषताका साथ सञ्चालित छ। यस्तै भरखरै सञ्चालनमा आएको त्रिपुरेश्वरस्थित युनाईटेड वर्ल्ड ट्रेड सेन्टरमा स्वीमिङ्गको समेत सुविधाले डिर्पाटमेन्ट स्टोरहरू नौला सुविधा उपलब्ध गराएर ग्राहक आकर्षित गर्ने नयाँ-नयाँ उपाय अपनाउन थालेको प्रस्ट हुन्छ। यस्ता सबै डिपार्टमेन्टल स्टोर एक करोडभन्दा बढीको लगानीमा सञ्चालित छन्। डिपार्टमेन्टल स्टोरहरू बिस्तारै पोखरा, नारायणगढ, धरान, इटहरी आदि सहरमा पुगिसकेका छन्। यस्ता डिपार्टमेन्टल स्टोरहरूमा वार्षिक करिब ३ अर्बको कारोबार हुने गरेको छ।

नेपालमा डिपार्टमेन्टल स्टोरको इतिहास त्यति पुरानो छैन। सबैजसो सामान सजाएर राखिएको र आफैं सामान छानेर किन्न पाइने 'सेल्फ सर्भिस' भएको पहिलो डिपार्टमेन्टल स्टोर त्रिपुरेश्वरको ब्लुबर्ड नै हो। २०४० सालतिर होटल ब्लुस्टार परिसरमा खुलेको ब्लुबर्डले सुरु-सुरुमा नेपाली ग्राहक आकर्षित गर्न सकेको थिएन। पहिले विदेशी र उच्च वर्गका मानिसहरू मात्रै छिर्ने ब्लुबर्ड, नमस्ते, जेमिनी, सेन्ट्रलहरू अहिले मध्यमवर्गबीच लोकप्रिय छन्। ब्लुबर्डपछि खुलेका नमस्ते, जेमिनी, सेन्ट्रल आदिले मध्यमवर्गीय उपभोक्तालाई डिपार्टमेन्टल स्टोरप्रति आकर्षित गरे। 'सुरुसुरुमा विदेशी र उच्च वर्गका नेपालीलाई मात्रै ग्राहक मानिएको भए पनि अहिले सबैजसो स्टोरका मुख्य ग्राहक मध्यमवर्गीय नेपाली नै भएका छन्,' सेन्ट्रल डिपार्टमेन्टल स्टोरका राजारत्न तुलाधर बताउँछन्।

यद्यपि मध्यमवर्गीय नेपालीलाई डिपार्टमेन्टल स्टोरतिर तान्ने पहिलो कामचाहिँ भाटभटेनी सुपर मार्केटले गरेको थियो। १८ वर्षअघि खानेकुरा र भान्साका केही सामान राखिएको एउटा साधारण सेल्फ सर्भिस ग्रोसरी स्टोरबाट सुरु भएको भाटभटेनी सुपर मार्केट पछिल्लो छ-सात वर्षयता काठमाडौँको सबैभन्दा व्यवस्थित एवं ठूलो डिपार्टमेन्टल स्टोर बनेको छ।

डिपार्टमेन्टल स्टोरप्रति मध्यमवर्गीय ग्राहकहरूको आकर्षण बढ्नुको पछाडि सामान माग्नु नपर्ने, आफैँले छोएर, हेरेर, छनोट गर्न सकिने, मोलमोलाइ गर्नु नपर्ने, प्रसस्त विविधता, प्रतिस्पर्धात्मक मूल्य तथा बेलाबखत 'सेल' मा राखिने सामान आदि कारण प्रमुख छन्। सामान्य पसलमा केही सामान सोधेपछि किन्न बाध्य हुनुपर्ने वा केही नकिन्दा अप्ठ्यारो अनुभव हुने अवस्था नरहनु डिपार्टमेन्टल स्टोरको अर्को विशेषता हो। डिपार्टमेन्टल स्टोरहरूले आफ्ना कर्मचारीलाई ग्राहकसँग कस्तो र कसरी व्यवहार गर्ने भन्ने तालिम समेत दिने गरेका छन्। डिपार्टमेन्टल स्टोरमा 'क्रेडिट कार्ड' बाट सामान किन्न सकिने सुविधा हुनु यसको थप आकर्षण हो। विदेशी गार्मेन्ट्सलगायत विदेशबाट आउने बिस्कुट, चकलेट, परफ्यूम, कस्मेटिक आदि सामानको भन्सार दर बढी हुने र 'फुल इन्भ्वाइस' नआउने भएकाले यस्ता सामानको मूल्यक्षाभन्दा बढी हुने गरेको उपभोक्ता तथा व्यवसायीहरूको ठहर छ।

द्वन्द्वले केही समय समस्यामा पारे पनि बढ्दो लोकप्रियताकै कारण अहिले डिपार्टमेन्टल स्टोरहरू आफ्नो विस्तार एवं स्तरवृद्धिमा लागेका छन्। 'समयको माग र ग्राहकको रुचिसँगै डिपार्टमेन्टल स्टोरहरूले आफ्नो स्तर बढाउन र नयाँ सेवाहरू दिन सुविधाहरूको विस्तार गर्न थालेका छन्। यस्ता सुविधामा किनमेलका सामानहरू उपलब्ध गराउनेसँगै मसाज पार्लर, हेयर सैलुन, ब्युटी पार्लर, स्वीमिङ सुविधा, बालबालिकाका लागि खेलकुद, जिम आदि सुविधाहरूसमेत एकै थलोमा उपलब्ध गराउने प्रयास गरिएको छ।

डिपार्टमेन्टल स्टोरहरूलाई महँगो मानिए पनि प्रतिस्पर्धात्मक मूल्य राखेर व्यापार गरिरहेका प्रायः डिपार्टमेन्टल स्टोरले बाहिरका सामान्य पसलको भन्दा पनि कम, करिब १० प्रतिशत मात्रै नाफा राखेको दाबी व्यवसायीहरूको छ। यसैगरी ग्राहक तान्ने होडबाजीमा मूल्यमा मात्र होइन, सिजनअनुसार दिइने विशेष छुट 'सेल' र 'डिस्काउन्ट' मा पनि प्रतिस्पर्धा छ।

धेरै स्टोरमा क्लोज सर्किट टेलिभिजन क्यामेरा (सीसीटीभी) लगाइए पनि डिपार्टमेन्टल स्टोरका सञ्चालकहरू चोरी र लुटपाटबाट पनि पीडित छन्। कतिपयको काम नै चोर्ने र लुट्ने हुन्छ। यिनै कारणले गर्दा कतिपय नयाँ स्टोरमा क्लोज सर्किट टेलिभिजन क्यामेरा, बारकोड स्क्यानिङसहितको अत्याधुनिक सुरक्षा प्रणाली जडान गरिएका छन्। यो प्रविधिले विनाभुक्तानी स्टोर परिसरबाट सामान बाहिर निकाल्दा चर्को आवाज पैदा हुन्छ भने क्यामेराले चोरी र लुटपाटका साथै अन्य गतिविधिसमेत पत्ता लगाउन मद्दत गर्छ। रोजगारी सिर्जना, भन्सार करलगायत राजस्वमा प्रत्यक्ष अभिवृद्धि गरी डिपार्टमेन्टल स्टोरहरूले अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याइरहेकाले यसलाई उद्योगको दर्जा दिइनुपर्ने माग पनि उठ्न थालेको छ।

**–भोला महतो**

## रंग भर प्रतियोगिता - ४ को नतिजा



**प्रतियोगीको नाम : निशान सिंह**

**कक्षा : ५**

**विद्यालयको नाम : वेस्ट विङ्ग स्कुल, ललितपुर**

## छालाको उचित स्याहार





संसारको जुनसुकै भागमा रहे पनि हामी तापक्रममा आउने नियमित परिवर्तनबाट अछुतो रहन सक्दैनौं। त्यसैले जाडो महिनामा छालामा देखिने रूखोपन अनि चिसोको असरबाट आफ्नो कान्ति गुमाउँदै गएको छालाका बारेमा जानकारी राख्नु आवश्यक हुन्छ।

दिनको सुरुवात तातो पानीले नुहाएर गर्नुहोस्, तर त्यसबाट बाहिरिनुअघि करिब १५ सेकेन्डका लागि चिसो पानी प्रयोग गर्नुहोस्। त्यसपछि तातोको मात्रा बढाउनुहोस् र फेरि कम गर्नुहोस्। करिब दुई मिनेटका लागि यो प्रक्रिया दोहोऱ्याउनुहोस्। यो प्रक्रिया झञ्झटिलो लाग्न सक्छ तर यो एक प्रकारको जलचिकित्सा हो जसले हाम्रो शरीरको रक्तसञ्चार प्रणालीमा उत्तेजना पैदा गर्छ र छालालाई पुनर्जीवित तुल्याउँछ। छालाका लागि यो विधि अत्यन्त लाभदायक सिद्ध भएको छ। यदि यो प्रक्रियाबाट आनन्दित हुनुहुन्न भने पनि सम्झनुहोस्– यो परिश्रम तपाईंले आफ्नो रमाइलोका लागि नभै छालाका लागि गर्दै हुनुहुन्छ।

असल किसिमको मस्चराइजर प्रयोग गर्नुहोस्। अनुहारका लागि जुन लोसन प्रयोग गर्नुहुन्छ त्यही लोसन शरीरका विभिन्न भागमा प्रयोग नगर्नुहोस्। पैताला, कुहिना, घुँडा, पाखुरा, गोडा र ढाडमा सधैं उच्चकोटिको एवं प्रभावकारी लोसन मात्र प्रयोग गर्नुहोस्। मुहारका लागि दूधको तर, तैलीय पानी (भटमास र घिउकुमारी वा जौको गुणयुक्त) मिश्रण उत्तम हुन्छ। दिउँसो घामको राप तेजिलो भएको समयमा मस्चराइजर लगाउनु राम्रो मानिन्छ। घामको रापको असर कम गर्न काँक्रो, खिरा वा भिटामिन ईयुक्त सौन्दर्य प्रशाधन प्रयोग गर्न सकिन्छ। शरीर सुख्खा छ भने चाउरी आउन नदिन राति सुत्नुअघि तैलीय जेल लगाउनुपर्छ। जाडो महिनामा ओठमा कलेटी पर्नु एउटा ज्वलन्त समस्या बन्दै गएको छ। यसका लागि मस्चराइजरयुक्त उच्चकोटीको लिप बाम प्रयोग गर्नुहोस् जसले सुरक्षा प्रदान गर्नुका साथै ओठलाई सुख्खा हुन दिँदैन।

कम्तीमा साताको २ पटक छालाको कत्ला झार्नुहोस्। यसो गर्नाले छालाको मृतकोषिकाहरू हट्नेछन् र छालाले थप आद्रता प्राप्त गर्न सक्छ। गर्मीमा हामी जुन चिल्लोपनका बारेमा गुनासो गर्छौं त्यो चिल्लोपन जाडो यामको अत्यन्त चिसो तापमान र मध्य ऊष्णताका कारण शरीरले उत्पादन गर्न सक्दैन। जसले गर्दा छालाको तल्लो सतहमा जम्मा हुनुपर्ने पानी छालाले गुमाउँछ। यसबाट छालामा समयअगावै धर्काहरू देखिने र खस्रो हुने समस्या उत्पन्न हुन्छ। प्रत्येक बिहान एक गिलास कागती पानी पिउनुहोस। यो शरीरमा ताप पैदा गर्ने चिनियाँ आयुर्वेद पद्धति हो। यसले कलेजो, पित्ताशयलगायत सबै शारीरिक प्रणालीलाई चुस्त दुरुस्त राख्छ। यसले हानिकारक विषाक्त तत्त्वहरू हटाएर रगतलाई सफा गर्छ।

मस्तसँग निदाउनुहोस्, पैसाले रातको आरामदायक क्षणबाट प्राप्त हुने फाइदा किन्न सकिँदैन। यदि राम्रोसँग निदाउनुभएन भने शरीरमा रहेको अक्सिजनको मात्रा घट्नेछ, जसले गर्दा नयाँ कोषिकाहरू बन्न पाउँदैनन् र छालामा एक प्रकारको खराबी देखा पर्दै जान्छ। शरीरलाई चुस्त र फुर्तिलो राख्न हरेक व्यक्तिले ७ देखि ९ घण्टासम्म राम्रोसँग निदाउनैपर्छ।



# भारतको खुसीमा पाकिस्तानको आँसु

खेलकुद र राजनीतिमा समान चासो राख्नेहरूका लागि भारत र पाकिस्तानले एक-अर्काप्रति गर्ने व्यवहार सदैव स्मरणीय हुन्छ। युद्धको मैदानदेखि खेलकुदको मैदानसम्म अझ विशेषगरेर क्रिकेटको मैदानमा भारत र पाकिस्तानबीचको पुस्तैनी शत्रुता स्पष्ट अनुभव गर्न सकिन्छ। शत्रुताको यो परीक्षणमा पहिलो ट्वान्टी-२० विश्वकप क्रिकेटको फाइनल चिरस्मरणीय रह्यो। दक्षिण अफ्रिकाको जोहान्सबर्गमा खेलिएको ट्वान्टी-२० विश्वकप क्रिकेटको फाइनल खेलमा भारत पाकिस्तान विरुद्ध ५ रनको अन्तरले विजयी हुदाँ नयाँ दिल्लीमा जुन स्तरको खुसियाली देखियो त्यस्तै निराशा इस्लामावादमा छायो।

मानिसहरू क्रिकेट भन्ने बित्तिकै भारत र पाकिस्तानबीच खेलिने कुनै पनि स्तरको खेललाई सबैभन्दा बढी रोमाञ्चकारी मान्छन्। रोमाञ्चको यो श्रृंखला भारत र पाकिस्तानको राजनैतिक अस्तित्व जत्तिकै लामो छ। बहुकोणीय क्रिकेट प्रतिस्पर्धामा सबैजसो आयोजकहरू भारत र पाकिस्तानबीच नै अन्तिम प्रतिस्पर्धा होस् भन्ने चाहन्छन्। यस्तो स्थिति आयोजकहरूलाई आर्थिक रूपमा लाभदायक पनि मानिन्छ। क्रिकेटको बहुपक्षीय (एक दिवसीय विश्वकप क्रिकेट सहित) खेलमा भारत र पाकिस्तान फाइनलमा पहिलोपटक भिड्दा निश्चित रूपमा कुनै पनि टिम एक-अर्काभन्दा कमजोर थिएनन्। दुवैतर्फका टिममा क्रिकेटमा नाम कमाएका खेलाडीको स्थान नयाँ र अपेक्षाकृत युवा खेलाडीहरूले लिएका थिए। भारत भन्नेबित्तिकै तेन्दुलकर, गांगुली, द्रबिड तथा पाकिस्तान भन्ने बित्तिकै इन्जमाम, मोहम्मद युसुफ, सोएब अख्तर जस्ता नाम स्मरण गर्ने आम दर्शकले यस पटक ती हस्तीहरूलाई एक-अर्कासँग श्रेष्ठताका लागि प्रतिस्पर्धा गरिरहेको देख्न पाएनन्। यद्यपि भारतका गौतम गम्भीर, रोहित शर्मा, इरफान पठान र पकिस्तानका मिसबाह उल हक, इमरान नजिर, उमर गुल जस्ता अन्तसम्म संघर्ष गर्ने इच्छाशक्ति भएका खेलाडीहरूको जमातले पहिलो ट्वान्टी-२० विश्वकप क्रिकेटलाई स्मरणीय बनाउन आफ्नो तर्फबाट सक्दो प्रयास गर्‍यो र त्यसमा उनीहरू सफल पनि भए।

जोहान्सबर्गमा खेलिएको फाइनल खेलले ट्वान्टी-२० क्रिकेटलाई थप लोकप्रिय बनाउने अनुमान क्रिकेट विश्लेषकहरूको छ। खासगरी भारतको जितपछि ट्वान्टी-२० क्रिकेटका बारेमा नकारात्मक टिप्पणी गर्दै आएका भारतीय क्रिकेट पण्डितहरूले अबका दिनमा भारतमा ट्वान्टी-२० क्रिकेटले गतिलो स्थान बनाउनुपर्छ र सम्बन्धित निकायले ट्वान्टी-२० क्रिकेटको प्रवर्द्धनका लागि दह्रो पाइला चाल्नुपर्छ भन्ने पक्षमा वकालत गर्नेछन्। रमाइलो कुरा के भने ट्वान्टी-२० क्रिकेटको विश्वकप खेल्न दक्षिण अफ्रिकामा भेला भएका १२ मुलुकमध्ये टेष्टस्तरको मान्यता नपाएका स्कटल्याण्ड, केन्या र जिम्बावे बाहेक अरू ९ मुलुकको आन्तरिक क्रिकेटमा ट्वान्टी-२० ले प्रवेश नपाएको मुलुक भारतमात्रै थियो। भारतको आन्तरिक क्रिकेटमा अहिलेसम्म ट्वान्टी-२० क्रिकेट खेलिएको छैन र यो विश्वकपअघि भारतले एकमात्र ट्वान्टी-२० क्रिकेट प्रतियोगिता (दक्षिण अफ्रिकासँग) खेलेको थियो।

पहिलो ट्वान्टी-२० विश्वकप भारतले जिते पनि यो प्रतियोगिता धेरै मुलुकलाई पाठ सिकाउन सफल रह्यो। खासगरी परम्परागत रूपमा क्रिकेटको पावरहाउस मानिएका अष्ट्रेलिया, दक्षिण अफ्रिका र इङ्गल्याण्ड जस्ता मुलुकले जुन किसिमको पराजयलाई आत्मसात गर्नुपर्‍यो त्यसले ट्वान्टी-२० क्रिकेटमा योग्यता र प्रतिभाभन्दा बढी मैदानमा देखापरेको तत्कालीन अवसरको सदुपयोग गर्न सक्ने टिम नै जितको हकदार हुन्छ भन्ने कुरा पनि प्रमाणित गर्‍यो। खेलका क्रममा सिर्जित अवसरको सदुपयोग गरेर नै पहिलो चरणको खेलमा जिम्बावेले अष्ट्रेलियालाई र बंगलादेशले वेष्ट इण्डिजलाई पछ्यारेका थिए।



## पठान र अफ्रिदी

आफ्नो योग्यताले कुनै पनि खेलमा तात्कालिक प्रभाव पारेर आफ्नो टिमलाई जितको हकदार बनाउने खेलाडीलाई कुनै पनि खेलमा 'म्यान अफ दि म्याच' भनिन्छ। ट्वान्टी-२० विश्वकप क्रिकेटको फाइनलमा यो उपाधिको हकदार भएका भारतका इरफान पठानलाई कुनै बेला भारतीय चयनकर्ताहरूले एक दिवसीय क्रिकेटबाट पाखा लगाएका थिए। कठोर मेहनत र आत्मविश्वास सहित अन्तिम समयमा ट्वान्टी-२० क्रिकेट टिममा समावेश गरिएका पठान फाइनल खेलमा ४ ओभरको आफ्नो स्पेलमा जम्मा १६ रन खर्च गरेर पाकिस्तानका ३ महत्त्वपूर्ण सोएब मलिक, साहिद अफ्रिदी र यासेर अराफातलाई टिमलाई आवश्यक भएको समयमा आउट गरेर म्यान अफ दि म्याचको हकदार बने। त्यसैगरी पूरा प्रतियोगितामा प्रभावशाली प्रदर्शन गरेका पाकिस्तानका साहिद अफ्रिदी 'म्यान अफ दि टुर्नामेन्ट' घोषित भए। उनले ब्याटिङतर्फ ७ खेलमा ९१ रन बनाउनुका साथै बलिङतर्फ ६ खेलमा १२ विकेट लिएका थिए। यसका अतिरिक्त फिल्डरका रूपमा अफ्रिदीले दुई क्याच समेत समातेका थिए।

# ट्वान्टी-२० विश्वकप क्रिकेटका कीर्तिमानहरू

## लीको ह्याट्रिक

ट्वान्टी-२० विश्वकप क्रिकेटअन्तर्गत अस्ट्रेलियाका ब्रेट् ली बंगलादेशविरुद्ध ह्याट्रिक (३ बलमा ३ विकेट) गरे। दोस्रो चरणअन्तर्गतको उक्त खेलमा ब्रेट् लीले आफ्नो चौथो तथा टिमको १७ औं ओभरको तेस्रो बलमा सकिब अल हसनलाई विकेट किपरमार्फत क्याच गराए। चौथो बलमा मुसरफ मोर्तजालाई बोल्ड गरे भने पाँचौं बलमा आलोक कपालीलाई एलबीडब्लु आउट गरे।



## सिंहको अर्धशतक

ट्वान्टी-२० विश्वकपका क्रममा भारतका मध्यक्रमका ब्याट्सम्यान युवराज सिंहले सर्वाधिक छिटो अर्धशतक प्रहार गरे। ट्वान्टी-२० विश्वकपको दोस्रो चरणको खेलअन्तर्गत इङ्ल्यान्डविरुद्ध खेल्दै सिंहले १२ बलमै अर्धशतक बनाएका थिए। यस क्रममा सिंहले ७ छक्का तथा ३ चौका प्रहार गरेका थिए। उक्त इनिङमा सिंहले १६ बल खेलेर ५८ रन बनाएका थिए।

## सर्वाधिक विकेट

ट्वान्टी-२० विश्वकप क्रिकेटअन्तर्गत सर्वाधिक विकेट लिने कीर्तिमान पाकिस्तानका उमर गुलको नाममा रह्यो। गुलले ७ खेलमा २७ दशमलव ४ ओभर बलिङ गर्दै १ सय ५ रनको मूल्यमा १३ विकेट लिएका छन्।

## ग्यालेको शतक

पहिलो ट्वान्टी-२० विश्वकपका क्रममा वेस्टइन्डिजका प्रारम्भिक ब्याट्सम्यान क्रिस ग्यालेले ट्वान्टी-२० क्रिकेटकै पहिलो शतक प्रहार गरे। आयोजक दक्षिण अफ्रिकाविरुद्ध उद्घाटन खेल खेल्दै ग्यालेले ५७ बलमै १ सय १७ रन बनाएका थिए। शतक बनाउने क्रममा ग्यालेले ७ चौका तथा १० छक्का प्रहार गरेका थिए। २ सय ५ दशमलव २६ रनको स्ट्राइक रेट रहेको ग्यालेको यो शतक ट्वान्टी-२० क्रिकेटको अहिलेसम्मकै एक मात्र शतक पनि हो।



## सर्वश्रेष्ठ साझेदारी

ट्वान्टी-२० विश्वकप क्रिकेटअन्तर्गत सबैभन्दा ठूलो साझेदारीको कीर्तिमान वेस्टइन्डिजका क्रिस ग्याले र डियोन स्मिथले कायम गरे। दक्षिण अफ्रिकाविरुद्ध खेलिएको प्रतियोगिताको उद्घाटन खेलमा ग्याले र स्मिथले पहिलो विकेटका लागि १ सय ४५ रन बनाएका थिए।

## उच्च स्कोर

ट्वान्टी-२० विश्वकपअन्तर्गत श्रीलंकाले सबैभन्दा उच्च योगफल तयार गरेर नयाँ विश्व कीर्तिमान कायम गरेको छ। श्रीलंकाले केन्याविरुद्ध खेलिएको लिग चरणको खेलमा प्रतिओभर १३ रनका दरले २ सय ६० रन बनाएको थियो। यस क्रममा श्रीलंकाका ६ जना ब्याट्सम्यान आउट भएका थिए।


## छक्कैछक्का

ट्वान्टी-२० विश्वकपमा छक्काको वर्षा भएको छ। पूरा प्रतियोगितामा कुल २ सय ६५ छक्का प्रहार गरियो। यस्तो छक्का प्रहार गर्ने क्रममा ४ वटा कीर्तिमान बनेका छन्। भारतका युवराज सिंहले इङ्ल्यान्डका बलर स्टुअर्ट ब्रोडको एक ओभरमा ६ छक्का प्रहार गरेर नयाँ कीर्तिमान कायम गरे। वेस्टइन्डिजका क्रिस ग्यालेले एउटै इनिङमा १० छक्का प्रहार गरेर अर्को कीर्तिमान कायम गरे। ग्यालेको कीर्तिमान दक्षिण अफ्रिकाविरुद्ध बनेको थियो। त्यसैगरी न्यूजिल्यान्डका क्रेग म्याकमिलनले ट्वान्टी-२० विश्वकपअन्तर्गत सर्वाधिक १३ छक्का प्रहार गरेर नयाँ कीर्तिमान बनाएका छन्। यो कीर्तिमान बनाउन म्याकमिलनले ६ खेलका ५ इनिङ प्रयोग गरे। पाकिस्तानका मिसवाह उल हकले बललाई १ सय ११ मिटर टाढा प्रहार गरेर सबैभन्दा लामो छक्का प्रहार गर्ने अनौठो कीर्तिमानसमेत कायम गरेका छन्। प्रहार गरिएको छक्काको लम्बाइ नाप्ने प्रविधिलाई अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले यसै विश्वकपमा पहिलो पटक प्रयोग गरेको हो।




## सर्वाधिक रन

ट्वान्टी-२० विश्वकप क्रिकेटअन्तर्गत सर्वाधिक रन बनाउने कीर्तिमान अस्ट्रेलियाका म्याथ्यु हेडेनको नाममा रह्यो। म्याथ्यु हेडेनले ६ खेलमा ३ पटक नटआउट रहँदै ८८ दशमलव ३३ रन प्रतिइनिङका दरले २ सय ६५ रन बनाए। यस क्रममा हेडेनले ४ अर्धशतक बनाए। हेडेनले यो प्रतियोगितामा कुल १० छक्का तथा ३२ चौका प्रहार गरेका थिए।



## ठूलो जित

ट्वान्टी-२० विश्वकपअन्तर्गत सबैभन्दा ठूलो जित श्रीलंका (रनको आधारमा) र अस्ट्रेलिया (विकेटको आधारमा) ले प्राप्त गरे। श्रीलंकाले लिग चरणको खेलमा केन्यालाई १ सय ७२ रनले पराजित गरेको थियो भने अस्ट्रेलियाले दोस्रो चरणको खेलमा श्रीलंकालाई १० विकेटले पराजित गरेको थियो।



## दोस्रोपल्ट डिपोट च्याम्पियन

**साप्ताहिक समाचार**

धरान- गत वर्ष पहिलो चरणबाटै बाहिरिएको आयोजक डिपोट मा.वि.ले धरानमा सम्पन्न चौथो डिपोट कप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। आइतबार सम्पन्न रोमाञ्चक फाइनलमा डिपोटले दीपेन्द्र प्रहरी आवासीय स्कुललाई २-० गोल अन्तरले पराजित गरेको थियो। अन्तरविद्यालय फुटबलमा पूर्वी नेपालकै उत्कृष्ट मानिने डिपोटले यसअघि यो प्रतियोगिता एकैपल्ट मात्र वि.सं.२०६१ सालको पहिलो संस्करणमा जितेको थियो।

फाइनलको दोस्रो हाफमा प्रवीन लिम्बू र प्रवीन तामाङले गरेको एक-एक गोल नै डिपोटलाई दोस्रोपल्ट च्याम्पियन बनाउन पर्याप्त रह्यो। दुई वर्षअघिको विजेता तथा गत वर्षको उपविजेता दीपेन्द्र प्रहरीले कडा टक्कर दिए पनि फाइनलमा गोल गर्न सकेनन्। डिपोटका खेलाडीहरूको गोल गर्ने थुप्रै प्रयास असफल तुल्याएका दीपेन्द्रका गोलरक्षक गौरव बीके फाइनलको म्यान अफ द म्याच घोषित भए। ज्ञानेन्द्र सैनिकले ३-१ गोलले नवज्योतिलाई पराजित गर्दै प्रतियोगितामा तेस्रो स्थान हासिल गर्‍यो। डिपोट मा.वि.का मिडफिल्डर पासाङ तामाङले प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडीको पुरस्कार हात पारे भने नवज्योतिका स्ट्राइकर युगल गुरुङले प्रतियोगितामै सर्वाधिक ७ गोल गरेका थिए।

## राष्ट्रिय तेक्वान्दोमा बाग्मतीको वर्चस्व

पाल्पा– पाल्पाको तानसेनमा सम्पन्न तेस्रो जनरल चोइ स्मृति राष्ट्रिय तेक्वान्दो (आईटीएफ) प्रतियोगितामा बाग्मती अञ्चलले आफ्नो वर्चस्व कायम गरेको छ। नेपाल इन्टरनेसनल तेक्वान्दो महासंघ पाल्पाले आयोजना गरेको उक्त प्रतियोगितामा १२ अञ्चलका ३ सय १ खेलाडीले भाग लिएका थिए। प्रतियोगितामा ९४ जना महिला खेलाडी तथा २ सय २१ जना पुरुष खेलाडीको सहभागिता थियो। महिला र पुरुषतर्फ प्याटर्न र स्पायरिङ खेलाइएको थियो। प्रतियोगिताको पुरुष स्पायरिङतर्फ २० देखि २५ किलोग्राम तौलसमूहमा धौलागिरिका तोरन भण्डारीले स्वर्ण, बाग्मतीका शिव खड्काले रजत तथा लुम्बिनीका रवीन राना र रवीन पेमीमगरले कांस्य पदक हात पारे।

२५ किलोग्रामदेखि ३० किलोग्राम तौलसमूहमा मेचीका वसन्त खत्रीले स्वर्ण, सुनील महत्वाले रजत तथा लुम्बिनीका शेरजंग हिताङ र बाग्मतीका रूपेश श्रेष्ठले कांस्य पदक हात पारे। ३० किलोग्रामदेखि ३५ किलोग्राम तौलसमूहमा बागमतीका रवीन थापाले स्वर्ण, बाग्मतीकै शेखर थापाले रजत तथा महाकालीका सुवास श्रेष्ठ र सगरमाथाका अनिल केसीले कांस्य पदक जिते। ३५ किलोग्रामदेखि ४० किलोग्राम तौलसमूहमा नारायणीका सुनील बड्तौलाले स्वर्ण, लुम्बिनीका शिवलाल गिरीले रजत र बाग्मतीका सनम नेपालीले कांस्य पदक हात पारे।

४० देखि ४५ किलोग्राम तौलसमूहमा बाग्मतीका रितिज पुरीले स्वर्ण, बाग्मतीकै सुनील बस्नेतले रजत तथा बाग्मतीका कुशल थापा र सगरमाथाका रंजीत श्रेष्ठले कांस्य पदक हात पार्न सफल भए। यसै गरी ४५ किलोग्राम तौलसमूहदेखि ५० किलोग्राम तौलसमूहमा मेचीका जीवन खुलाल मगरले स्वर्ण, सेतीका चाउची डंगोलले रजत र राप्तीका मनोज खड्का तथा कोसीका सनित चौधरीले कांस्य पदक जिते। ५० किलोग्रामदेखि ५५ किलोग्राम तौलसमूहबाट बाग्मतीका राम श्रेष्ठले स्वर्ण, जनकपुरका सुदन भारतीले रजत तथा धौलागिरीका बुद्ध बोहोरा र मेचीका निरोज रानामगरले कांस्य पदक जित्न सफल भए।

५५ देखि ६० किलोग्राम तौलसमूहमा बाग्मतीका अनुप केसीले स्वर्ण, कोसीका राजेन्द्र धिमालले रजत तथा मेचीका नीलकुमार महर्जन र नारायणीका पशुपति खड्काले कांस्यपदक हात पारे। यसैगरी ६० किलोग्राम देखि ६५ किलोग्राम तौलसमूहबाट लुम्बिनीका निर्मल न्यौपानेले स्वर्ण, कोसीका ओम श्रेष्ठले रजत तथा नारायणीका मनोज चौधरी र लुम्बिनीका हिक्मत घर्तीमगरले कांस्य पदक जिते। त्यस्तैगरी ६५ देखि ७० किलोग्राम तौलसमूहमा लुम्बिनीका कृष्णप्रसाद ज्ञवालीले स्वर्ण, कोसीका हेमराज थापाले रजत तथा बाग्मतीका प्रकाश राईले कांस्य पदक जिते।



महिलातर्फ २० देखि २५ किलोग्राम तौलसमूहमा नारायणीकी अस्मिता पाठकले स्वर्ण, लुम्बिनीकी प्रशंसा रेग्मीले रजत, नारायणीकी प्रकृति सेढाईंले कांस्य पदक जिते। २५ देखि ३० किलोग्राम तौलसमूहमा बाग्मतीकी पूजा गिरीले स्वर्ण, बाग्मतीकै सुस्मिता श्रेष्ठले रजत, बाग्मतीकी जुनु राई तथा लुम्बिनीकी सन्जु कार्कीले कांस्य पदक हात पारे। ३० देखि ३५ किलोग्राम तौलसमूहमा बाग्मतीकी आशा श्रेष्ठले स्वर्ण, गण्डकीकी सृजना तामाङले रजत तथन बाग्मतीकै अञ्जली महर्जन र नारायणीकी नवीना खनियाले कांस्य पदक जित्न सफल भए।

३५ देखि ४० किलोग्राम तौलसमूहमा शशि रानामगरले स्वर्ण, मनीषा पुनले रजत, उमा सारु र प्रितु वाग्लेले कांस्य पदक पाए। ४० देखि ४५ किलोग्राम तौलसमूहमा बाग्मतीकी तुलसा राजथलाले स्वर्ण, बाग्मतीकै कविता राजथलाले रजत, नारायणीकी अञ्जु तामाङले कांस्य पदक जिते। ४५ देखि ५० किलोग्राम तौलसमूहमा सगरमाथाकी कुसुम थापाले स्वर्ण, लुम्बिनीकी पुनीमाया सोमैले रजततथा बाग्मतीकी अनुस्का भट्टराई र लुम्बिनीकी सिर्जना सारुले कांस्य पदक जिते। ५० देखि ५५ किलोग्राम तौलसमूहमा बाग्मतीकी निर्मला गुरुङले स्वर्ण, नारायणीकी ज्योति शाहीले रजत तथा सेतीकी बबिता केसीले कांस्य पदक जिते। ५५ देखि ६० किलोग्राम तौलसमूहमा लुम्बिनीकी एलिना घर्तीले स्वर्ण ता नारायणीकी मालती तामाङले रजत पदक जिते।

प्याटर्नको महिलातर्फ पहिलो डान ब्ल्याक बेल्टतर्फ बाग्मतीकी कुसुम थापाले स्वर्ण तथा लुम्बिनीकी रूपा बुढाथोकीले रजत पदक जिते भने रेड बेल्टतर्फ बाग्मतीकी तुलसा राजथलाले स्वर्ण तथा लुम्बिनीकी बिपना चिदीले रजत पदक जिते। यसैगरी नीलो बेल्टतर्फ लुम्बिनीका सिर्जना सारुले स्वर्ण तथा लुम्बिनीकै विनु रानाले रजत पदक हात पारे भने ग्रीन बेल्टतर्फ बाग्मतीकी उषा श्रेष्ठले स्वर्ण र बाग्मतीकै प्रितु वाग्लेले रजत पदक हात पारे। त्यस्तै येल्लो बेल्टतर्फ लुम्बिनीका सन्जु कार्कीले स्वर्ण तथा सिर्जना तामाङले रजत पदक जिते।

प्याटर्न पुरुषतर्फ ब्ल्याक बेल्टतर्फ कोसीका लक्ष्मण श्रेष्ठले स्वर्ण तथा मेचीका नीलकुमार महर्जनले रजत पदक जिते भने रेड बेल्टतर्फ बाग्मतीका शेखर थापाले स्वर्ण तथा सेतीका चाउची डंगोलले रजत पदक हात पारे। ग्रीन बेल्टतर्फ मेचीका सिकुमा लिम्बूले स्वर्ण तथा महाकालीका सुवास श्रेष्ठले रजत पदक हात पारे भने येलो बेल्टतर्फ बाग्मतीका हनोक लिम्बूले स्वर्ण तथा मेचीका उज्ज्वल श्रेष्ठले रजत पदक जिते।

जुनियर महिला खेलाडीतर्फ बाग्मतीकी पूजा गिरी तथा सिनियर महिला खेलाडीतर्फ सगरमाथाकी कुसुम थापा उत्कृष्ट खेलाडी घोषित भए। यसैगरी जुनियर पुरुष खेलाडीतर्फ बाग्मतीका जीवन खुलालमगर एवं सिनियर पुरुष खेलाडीतर्फ बाग्मतीका राम श्रेष्ठ उत्कृष्ट खेलाडी घोषित भए। अनुशासित टिमको उपाधि भने आयोजक पाल्पाको टिमले जित्यो।

**–माधव अर्याल**

## धनकुटामा उसु



**धनकुटा-** यस वर्षको उसुको सान्सोतर्फ पूर्वाञ्चलका तर्फबाट राष्ट्रिय टिममा दुई जना खेलाडी छनौट भएपछि धनकुटामा उसु खेलको प्रशिक्षण लिने खेलाडीको संख्या बढेको छ। यसअघि २०५२ सालमा उसु खेलमा घनकुटाबाट प्रथम पटक उत्तम श्रेष्ठ राष्ट्रिय टिममा छनौट भएका थिए। १२ वर्षपछि दुई महिनाअघि पूर्वाञ्चलको धरानमा भएको छनौट खेलमा धनकुटा निगालेका खेम थापा (भाइ) र हिलेकी मेनुका तामाङ छनौट भएका थिए। राष्ट्र टिममा धनकुटाबाट २ जना खेलाडी छानिएपछि अहिले धनकुटाका विभिन्न ठाउँका १ सयभन्दा बढी युवायुवती उसुका लागि प्रशिक्षण लिइरहेका छन्।

धनकुटाको टुँडिखेल, हिलेको मनकामना बोर्डिङको खेलमैदान तथा कागतेको भाषा क्याम्पसको खेलमैदानमा पूर्वाञ्चलका क्षेत्रीय खेलाडी भीम बराम र नैन श्रेष्ठले प्रशिक्षण दिइरहेका छन् भने अर्का जिल्ला प्रशीक्षक शिव राईले पनि प्रशिक्षण दिइरहेका छन्। त्यसैगरी विजयादशमीको उपलक्ष्यमा धनकुटाकै निगालेमा पनि अर्को टिम बनाई प्रशिक्षण दिने तयारी भैरहेको उसु क्वान धनकुटाका सचिव खेम थापाले बताए।

उसुजस्तो कठिन शारीरिक कसरत गर्नुपर्ने खेलमा पनि युवाहरूसँगै प्रशिक्षण लिने युवतीहरूको पनि कम छैन। सयभन्दा बढी प्रशिक्षार्थीहरूमध्ये ३० भन्दा बढी महीला उसु खेलाडीहरूले प्रशिक्षण लिइरहेको प्रशिक्षक नैन श्रेष्ठले बताए। उसुको दुई पाटो सान्सो र थौलु दुवै खेलमा महिलाहरूले आफूलाई कमजोर नमानी प्रशिक्षण लिइरहेका छन्। उसुको सान्सो खेलमा फिजिकल फाइट किक, बक्सिङजस्ता कसरत पर्छन् भने थौलुमा हतियार खुकुरी, भाला, चलाउने कसरत हुन्छन्।

**–भिषा काफ्ले**

## बुटवलमा अन्डर-१५ क्रिकेट प्रतियोगिता

बुटवल– क्षेत्रीय क्रिकेट विकास समितिको क्षेत्र नं. ४ को आयोजनामा बुटवलमा अन्डर- १५ क्षेत्रीय क्रिकेट प्रतियोगिता सुरु भएको छ। लायन्स क्लब अफ लुम्बिनीको प्रायोजनमा बुटवलको सिद्धेश्वर मा.वि.को मैदानमा सञ्चालित प्रतियोगितामा रूपन्देही, कपिलवस्तु, नवलपरासी, पाल्पा, कास्की तथा चितवनका ६ वटा टिमले भाग लिएका छन्। उद्घाटन खेलमा रूपन्देहीले चितवनलाई १ सय २३ रनको विशाल स्कोरले हराएको छ। आइतबार सुरु भएको प्रतियोगिता असोज १२ गतेसम्म चल्नेछ।

**– टोपराज शर्मा**

## गाविस कपको उपाधि जोगीदहलाई

गाईघाट- उदयपुर जिल्लामै पहिलो पटक जोगिदह गाउँ विकास समितिमा सम्पन्न गाविस कप फुटबल प्रतियोगिताको उपाधि आयोजक जोगीदह गाविसले हात पारेको छ। बुधबार भएको फाइनल खेलमा जोगीदह गाविसले वेल्टार गाविसलाई २-० ले पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको हो। फाइनल खेलमा २ गोल गरेका जोगीदह गाविसका सन्तोष राई उत्कृष्ट खेलाडी घोषित भए भने उत्कृष्ट गोलरक्षकको उपाधि जोगीदहकै दिलीप चौधरीले हात पारे। प्रतियोगितामा १९ टिमको सहभागिता थियो।

## प्रसंग कतिपय



विक्रम राई



गत सप्ताह सरकारी उदासीनता, स्थानिय प्रशासनको लापरवाही एवं सुरक्षाबलको ढिलाइले गर्दा कपिलवस्तुमा हिंसा तथा प्रतिहिंसाले साम्प्रदायिक दंगाको रूप लियो। फलस्वरूप बुद्ध जन्मिएको क्षेत्रमा कैयौं निर्दोष मारिए। गाउँनै खरानी भए, हजारौं विस्थापित भए। प्रहरीको गिरफ्तारीभित्र पनि भीडले व्यक्तिहत्या गर्‍यो। सोमालियाका जस्ता चित्रहरूको क्लिप्स हाम्रै टेलिभिजन र पत्रपत्रिकामा हाम्रै अनुहारका साथ देखिए। नेपाल सरकारका गृहमन्त्री त्यस जिल्लामा पुगेर पनि दंगाग्रस्त क्षेत्रमा पुग्न सकेनन्, तथापि मुलुक घिस्रिरहेकै छ। गैडाप्रवृत्तिमा हुर्किएका र पोसिएका नेताहरूलाई जागिरको जस्तो कारबाही हुँदैन क्यारे, न त उमेरको हदबन्दी नै छ। नेपाली राजनीतिमा नैतिकताको प्रश्नले खासै अर्थ राख्दैन भन्ने कुरा त सबैलाई थाहै छ।

दलहरूको भागबन्डे सरकारबाट आशा गर्नु भनेको निराशा मात्र पाउनु हो, तर पनि अभावमा बाँचन सिकिसकेका नेपालीहरूलाई सरकारले 'पेट्रोल डिप्लोमेसी' को पाठचाहिं सिकाएको छ। तेल नपाएको स्थितिमा उत्पन्न व्यावहारिक, आर्थिक एवं मानसिक दबाबबाट आजित भएर उपभोक्ताहरू बरु भाउ बढाउ तर तेल देऊ भन्ने लाचारीको स्थितिमा पुगेका छन्। संसारमा कतै नभएको जात्रा नेपालमा भने भै प्रतिगामीहरूले फाइदा उठाउलान् भन्ने डरले सरकार मूल्य बढाउने पक्षमा छैन। त्यस प्रकारको फोबिया हुनेहरूले कपिलवस्तुको दंगा रोक्न नसक्नु अर्को दुखद आश्चर्य भएको छ। यसभन्दा अघिका नेपालगन्जको दंगा, रौतहटको नरसंहार र काठमाडौंको श्रृंखलाबद्ध बम विस्फोटनले प्रतिगमनकारीलाई कतिको फाइदा पुर्‍यायो भन्ने विषयमा सरकारलाई नै थाहा होला। अपहरण, लुटपाट र आगजनीका घटनाहरूलाई संक्रमणकालीन अवस्था भन्दै ढाकछोप गर्ने परिपाटी पनि बढेकै छ।

प्याजको अभावमा चाइनिज प्याज झिकाई नेपाली गृहणीहरूलाई खुसी तुल्याइएको अनुभवमा पेट्रोलियम पदार्थको अभाव त्यसरी नै समाधान गर्न सकिन्छ भन्ने सरकारले सोचेको हो भने त्यो कलकत्ते गफ मात्र हो। इन्डियन आयलसँग भएको व्यापार घाटा सम्पूर्ण सरकारी मिसनरी लागेर पनि पूरा गर्न नसक्नेले अर्को संरचना निर्माण गरी चिनियाँ तेल झिकाउने कुरा गर्नु भनेको सपना बाँड्नु मात्र हो।

यस बेला पनि सक्नेहरूले पर्याप्त मात्रामा पेट्रोल उपभोग गरि नै रहेका छन्। हुने खाने, मोटा, चिल्ला तथा डामिएकाहरू पेट्रोलको लाइनमा कहिल्यै बसेका देखिँदैनन्। उनीहरूका ड्राइभर पनि पम्पमा भेटिँदैनन्। उता सर्वसाधारणहरूले दिनभरि र रातैभरि लाइनमा बसेर पनि एक दिन पुग्ने पेट्रोल पाउन हम्मे-हम्मे परेको छ। त्यसैले अब ट्याक्सीचालक संघले पनि पेट्रोल फुल ट्यांक गर्न आफ्नै पम्प निर्माण गर्नेतिर सोच्ने कि ? ताकि कमाएर परिवार पाल्नुपर्ने समय पम्पको लाइनमै खर्च गर्नु नपरोस्। त्यसैगरी मोटरसाइकलधनीहरूले पनि संगठन निर्माण गरी तुरुन्तै पेट्रोल पम्प बनाई फुल ट्यांक गर्ने कि ? जसबाट कम्तीमा एक सप्ताह भए पनि आरामले गुड्न सकियोस्।

जे होस्, अरू सबै सन्दर्भ र विषयमा फेल भएको सरकार पेट्रोलको डिप्लोमेसीमा फस्ट क्लास फस्ट पास भएको छ, तर पेट्रोलियम पदार्थको भाउ बढाउँदा अन्य सामानको पनि भाउ बढ्छ भन्ने हेक्का सरकारलाई छ कि छैन ? सडक दुर्घटनामा झिँगा मर्दा पनि चक्काजाम र नेपाल बन्द हुने यो मौसममा यस पटकको मूल्यवृद्धिका निम्ति आम उपभोक्ताहरू मानसिक रूपले तयार भएका छन् रे ! त्यसैले दसैंको बिदाको मौका छोपी पेट्रोलियम पदार्थको भाउ बढाउने कि ? नभए उपभोक्तालाई लाइनमा सेक्दै निश्चित नभएको संविधानसभाको चुनावपछि मात्र ? होइन भने सहरहरूतिर यस पटकको मतपेटिका पेट्रोल पम्पतिरै राखी मतदान गरेबापत फुल ट्याङ्की पेट्रोल सित्तैमा उपलब्ध गराउने कि ?

prasangakatipaya@hotmail.com

# नेपाली ताराले रन्काए कन्सर्ट

**साप्ताहिक समाचार**



काठमाडौं-....म तिम्रो साथी तिमी मेरो साथी, मिलेर साथी-साथी पुग्नु छ धेरै माथि, हामी नेपाली तारा..' -नेपाली तारा-२ का उत्कृष्ट १० मञ्चमा आएर नाच्दै यो गीत गाउन थाले। कार्यक्रममा निर्देशक राजेन्द्र शलभको रचना तथा कार्यक्रमकै सञ्चालक गायक दाजुभाइ सत्यराज र स्वरूपराज आचार्यको संगीतमा सिर्जना गरिएको थिम गीत गाउन थालेपछि कार्यक्रमले सांगीतिक उडान भर्‍यो। आचार्य दाजुभाइसँग सञ्चालिका रीतु रामदामको ठट्टासँगै कार्यक्रम अघि बढ्दै गयो। विभिन्न जात्रामा मानिसहरूको भीड हुने काठमाडौं उपत्यकाको वसन्तपुर डबलीमा त्यो दिन नेपाली ताराको संगीतमय जात्रा चलिरहेको थियो जहाँ नेपाली ताराको टपटेनमा पुगेका प्रतिस्पर्धी सबिना घलान, सन्तोष लामा, सुरज थापा, आरजी कँडेल, युवराज तिवारी, राजसागर, श्वेता पुन्जारी, सूर्यकिरण लामा, रोजिना गुरुङ र तारा लक्समले पालैपालो गीत सुनाए। चर्चामा रहेका नेपाली आधुनिक, पप, हिपहप तथा लोकगीतहरू सुनाउँदै उनीहरूले नेपाली तारा टपटेन एल्बमका आ-आफ्ना नयाँ गीत पनि गाए। झन्डै दस हजार दर्शक उनीहरूको गीत सुनेर झुम्दै थिए। शनिबार दिउँसो सम्पन्न झन्डै तीन घण्टा लामो उक्त सांगीतिक कार्यक्रमको अन्त्यमा आचार्य दाजुभाइ गायकले पनि केही गीत सुनाएका थिए। यस्तै प्रकारको कार्यक्रम अघिल्लो दिन अर्थात् शुक्रबार काभ्रेको बनेपामा सम्पन्न भएको थियो। काठमाडौंको कार्यक्रमसँगै नेपाली ताराको देशव्यापी सांगीतिक यात्रा सम्पन्न भएको छ।

**पोखरामा नेपाली ताराको क्रेज**

पोखरा- नेपाली तारा-२ का टप टेन प्रतियोगीहरू देशव्यापी कन्सर्टका क्रममा दर्शकको साथ बटुल्न सफल भएका छन्। इन्डियन आइडलका कारण ओझेलमा परेको नेपाली ताराको चर्चा इन्डियन आइडलको समाप्तिसँगै चुलिएको छ। धरान, बुटवल, नारागणगढ हुँदै पोखरा आइपुगेको नेपाली ताराका टप टेन प्रतियोगीहरूले स्थानीय पोखरा सभागृहमा दर्शकहरूलाई आफ्ना कर्णप्रिय गीतले लठ्ठ पारे। बाढीपीडितको सहयोगार्थ भनिएको कार्यक्रमको सुरुमा सबिना घलानले आफ्नो पहिलो रेकर्ड भएको गीत प्रस्तुत गरिन्। कार्यक्रममा सुन्दर वर्णकी काठमाडौंनिवासी रोजिना गुरुङको प्रस्तुतिलाई दर्शकहरूले मन पराए। उनले कोमल ओलीको 'मलमल किरी जूनकीरी' गीत गाउँदा सभागृहमा तालीको पर्रा छुटेको थियो।

गायक दाजुभाइ सत्य र स्वरूपराज आचार्यको रमाइलो उद्घोषणसँगै तातिएको नेपाली ताराको उत्कृष्ट दस प्रतियोगीको प्रस्तुतिमा पोखराका तन्नेरी दर्शकहरू मच्चिएका थिए। कार्यक्रममा प्रतियोगी तारा लक्समले 'यो मन त मेरो नेपाली हो' गीत के गाएका थिए गीतको पछि-पछि गाउँदै सबै एकसुरमा नाच्न थाले। कार्यक्रममा पोखराका युवराज तिवारी, भोजपुरका राजसागर सुन्दास, मोरङका आरजी खरेल र सूर्यकिरण लामा तथा धादिङका सन्तोष लामाले पनि उत्कृष्ट प्रस्तुति दिए। बुटवलकी सहभागी श्वेता पुञ्जाली परीक्षाका कारण कार्यक्रममा सहभागी हुन नसकेको आयोजकहरूले बताए।

## दसैंको शुभकामना

**साप्ताहिक समाचार**

काठमाडौं- गएको आइतबार गायक तुलसी पराजुलीले नेपालीहरूलाई आउँदो बडादसैंको शुभकामना आफ्नै शैलीमा दिए। उनको संस्था सुर साधना प्रा.लि.ले आयोजना गरेको कार्यक्रमको शीर्षक नै 'शुभकामना' राखिएको थियो। पराजुलीको उद्देश्य थियो– बडादसैंको शुभकामना झन्डै १ हजार दर्शकलाई प्रत्यक्ष नाचगानका माध्यमबाट दिने। त्यसमा उनी सफल पनि भए। नेपाल प्रज्ञा-प्रतिष्ठानको हलमा दर्शकहरूको घुइँचोबीच साँझ पाँच बजेतिर सुरसाधनाका दर्जनौं विद्यार्थी मञ्चमा देखा परे।

उनीहरूले राष्ट्रिय गान गाएपछि संगीतकार राजु सिंहले कार्यक्रमको उद्घाटन गरे अनि सुरु भयो सांगीतिक रमाइलो। सुरुमा आइन गायिका आभा मुकारुङ। उनले आफ्ना केही गीत सुनाएपछि क्रमैसँग तुलसी पराजुली, सत्यकला राई, हेमन्त शर्मा र मिम्मा शेर्पाले आफ्ना चर्चित गीतहरू सुनाए। कार्यक्रममा नृत्य कलाकारहरूको प्रस्तुतिले दर्शकलाई पर्याप्त मनोरञ्जन प्रदान गर्‍यो। विशेष गरी तीतो सत्यका कलाकारहरूको समसामयिक प्रहसन निकै रमाइलो थियो। कार्यक्रम झन्डै साढे दुई घण्टा चलेको थियो।

# बालमन्दिरमा कन्सर्ट र डान्स पार्टी



बुटवल– बुटवल सिटी डटकम तथा सारा एड्भरटाइजिङको आयोजनामा हाटबजारलाइनस्थित बालमन्दिर प्राङ्गणमा मंगलबार म्युजिकल कन्सर्ट र डान्स पार्टी सम्पन्न भयो। इन्डियन आइडलका तत्कालीन अन्तिम प्रतिस्पर्धी (हाल विजेता) प्रशान्त तामाङको पक्षमा एसएमएस भोटिङ गर्न रकम जुटाउने उद्देश्यले आयोजित कार्यक्रममा प्रतिकूल परिस्थितिका बाबजुद दर्शकहरू उल्लेख्य संख्यामा उपस्थित भए। गायक हिमाल सागरको सेन्टिमेन्टल पप 'मेरी निशा' र 'मेरो माया' तथा सुमन श्रेष्ठको पुरानो रिमिक्स 'बाधा परून् जति नै' ले सहभागीहरूको मन जितेको थियो भने ईश्वर पोखरेलले 'रातो रिबन' प्रस्तुत गर्दा स्थानीय नाताले घरेलु दर्शकहरूले तालीसँगै नाचेर साथ दिएका थिए। सबै गायकले ३-३ वटा गीत प्रस्तुत गरेको कन्सर्टमा डीजे युवाको डिजेइङसँगै घरी मञ्चमा त घरी दर्शकमाझ आएर नाच्ने शैलीले सहभागीहरूलाई पर्याप्त ऊर्जा प्रदान गरेको थियो। साँझ ६ बजेदेखि राति ९ बजेसम्म चलेको कार्यक्रममा राजधानीबाट आएका गायक अरुण कार्की, भिडियो डाइरेक्टर सुरज, टेलिभिजन कार्यक्रम प्रस्तोता सुनिल, स्थानीय कलाकार वसन्त श्रेष्ठ, सुमी गुरुङ तथा श्रीनिवास चौधरीको प्रस्तुतिले पनि पर्याप्त मनोरञ्जन दिएको थियो। कन्सर्टबाट संकलन भएको ६० हजारभन्दा बढी रुपैयाँले भारतको नौतनवा पुगेर प्रशान्त तामाङलाई झन्डै ७ हजार भोट दिएको बुटवल सिटी डटकमका सुमनरश्मि श्रेष्ठले बताए।

**–टोपराज शर्मा**

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली, स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।